# शिक्षण सिकाइमा पेसागत विकास

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय

स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

शैक्षिक योजना तथा व्यवस्थापन

विषय **(EPM 598)** को आंशिक

आवश्यकता परिपूर्तिका

लागि प्रस्तुत

## शोध पत्र


शोधकर्ता

लालबहादुर लिम्बू

क्याम्पस क्रमाङ्क : ६६(२०६५)

परीक्षा क्रमाङ्क : २०३००८१(२०६७)

त्रि.वि.वि.दर्ता नं.: ६१९२०-८८(१९८८)

पाँचथर बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

फिदिम, पाँचथर


२०७१

# कृतज्ञता

यो सोध अध्ययनको लागि प्रस्तावना लेखन प्रस्तुतीकरण देखि सोध पत्रको यो रुप तयारी गरे सम्म अपार सल्लाह, सुझावको रुपमा ज्ञान, सीप र हौसला प्रदान गरी अमुल्य सहयोग द्वारा सहज र कुशलमार्ग निर्देशन गर्न हुने आदरणिय गुरु तथा सोध निर्देशक एवं शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख श्री युवराज कार्कीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी महत्वपूर्ण सहयोग प्रोत्साहन र मार्ग दर्शनका लागि गुरु वर्गहरु ज्यू प्रति हृदय देखि नै आभारी छु ।

प्रस्तुत शोध अध्ययन क्रममा अनुसन्धान मुलक सूचना संकलन, तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण तथा लेखनकार्यमा विविध सामग्री उपलब्ध गराई सहयोग गर्नु हुने यस श्री मोती उच्च.मा.वि. खोक्लिङ स्रोतकेन्द्रका स्रोत व्यक्ति मैयादेवी उप्रेती, प्र.अ. लक्ष्मीप्रसाद खतिवडा, शिक्षकको पेसागत तालिम कार्यक्रमका प्रशिक्षक (रोष्टर) द्वय राजेशबहादुर मास्वा तथा गोपालचन्द्र खतिवडा, सम्पूर्ण सम्वन्धित विद्यालयका प्र.अ.ज्यूहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरु, अभिभावकज्यूहरु, शिक्षकहरु र विद्यार्थी भाइबहिनी सम्पूर्णमा साथै यस कार्यमा निरन्तर सहयोग र सुझाव दिनुहुने आदरणीय दाइ शिक्षक श्री कृष्णप्रसाद ढकाललाई समेत धन्यवाद टक्र्याउन चाहन्छु ।

अन्त्यमा टंकन, छपाई र वाइडिङ कार्यमा सहयोग गर्नु हुने भाइ बुद्धराज पालुङ्वा र पुस्तकलाई पूर्ण रुप दिनुहुने फिदिम, पाँचथर स्थित करुणा छापाखानाका मित्र सागर खनाल 'सुस्केरा' ज्यूप्रति सम्झनाका शुभेच्छा अर्पण गर्न चाहन्छु । यस गहनकार्यमा शुभेच्छा सहित निरन्तर प्रेरणा प्रदान गर्ने शिक्षक गोमा लिम्वू र सुपुत्र लाजेहाङ साउदेन लिम्वूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मिति :२०७१/०२/११

लालबहादुर लिम्वू
शोधकर्ता

# केही सङ्क्षिप्त रुपको सूची

| | |
|---|---|
| अ.स्रो.के | = अगुवा स्रोत केन्द्र |
| उ.मा.वि. | = उच्च माध्यमिक विद्‌यालय |
| एस.एस.आर.पि. | = स्कुल सेक्टर रिफर्म प्रोग्राम |
| जि.शि.अ. | = जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | = जिल्ला शिक्षा कार्यालय |
| टि.पि.डि. | = टिचर प्रोफेसनल डेभलवमन्ट |
| प्र.अ. | = प्रधानाध्यापक |
| वा.वि.के. | = वाल विकास केन्द्र |
| वि.व्य.स. | = विद्‌यालय व्यवस्थापन समिति |
| मा.वि. | = माध्यमिक विद्‌यालय |
| रा.शि.प.यो. | = राष्ट्रिय शिक्षा पद्धति योजना |
| स्रो.व्य. | = स्रोत व्यक्ति |
| सि.उ. | = सिकाइ उपलब्धि |
| शि.पे.वि. | = शिक्षक पेसागत विकास |
| शि.नि. | = शिक्षक निर्देशिका |
| शै.ज.वि.के. | = शैक्षिक जनशक्ति विकास केन्द्र |
| शै.ता.के | = शैक्षिक तालिम केन्द |
| शै.स. | = शैक्षिक सत्र |
| शै.सा. | = शैक्षिक सामग्री |

# शोध सार

*प्रस्तुत अध्ययन "शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास" भन्ने शिर्षकमा तयार गरिएको हो । यस शोधको मुल उद्देश्य एस.एस. आर.पि.कार्यक्रम अन्तर्गतको मांगमा आधारित शैक्षिक जनशक्ति विकासकेन्द्रद्वारा शै.सत्र २०६६ देखि २०७४ सम्म कार्यान्वयनमा रहने शिक्षकको पेसागत विकास कार्यक्रममा सहभागी भएका माध्यमिक तहमा कार्यरत शिक्षकहरुसँगको छलफल र उनीहरुसंगको कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव वारेको अवलोकनमा आधारित छ ।*

*यस शोध कार्यमा उक्त कार्यक्रमले माध्यमिक तहको कक्षाकोठा शिक्षण सिकाइमा पारेको प्रभाव र उक्त कार्यक्रमले सम्वोधन गर्न नसकेका शिक्षकहरुको समस्याहरुको पहिचान गरिएको छ । ती समस्याहरुलाई माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्रमले पारेको प्रभाव र सम्वोधन गर्नु पर्ने विषयलाई पत्ता लगाउनु रहेको छ ।*

*यो अध्ययन मुलतः गुणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको छ । यस अध्ययनलाइ पूर्णता दिनको लागि उद्देश्यमुलक नमूना छनौट विधि प्रयोग गरी ताप्लेजुङ जिल्लाको खोक्लिङ स्रोतकेन्द्र  अन्तर्गतका ५ वटा माध्यमिक विद्यालयहरु छनौट गरिएको छ । छनौटमा परेका पाँचवटा विद्यालयका प्र.अ. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शि.पे.वि. तालिम प्राप्त माध्यमिक तहका शिक्षक, सम्वन्धित स्रोतव्यक्ति, अभिभावक र विद्यार्थीहरुलाई उद्देश्यमुलक नमूना छनौट विधि र सम्भावनायूक्त छनौट विधि प्रयोग गरिएको थियो । छनौटमा परेका नमूना जनसंख्याबाट आवश्यक सूचना लिन अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल तथा विद्यालय सर्वेक्षण अवलोकन फारम जस्तो अनुसन्धानका साधनहरुको प्रयोग गरी प्राथमिक तथ्यांक सङ्कलन गरिएको छ भने विद्यालयका अभिलेख तथा दस्तावेजहरुको पुनरावलोकन गरी द्वितीय तथ्यांक सङ्कलन गरिएको छ ।  उक्त सङ्कलित तथ्याङ्कहरुलाई तालिकीकरण गरी व्याख्यात्मक विधिबाट व्याख्या र विश्लेषण गरिएको छ ।*

*माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. कार्यक्रमको प्रभावकारिताको सम्वन्धमा विभिन्न कोणबाट प्रसस्त प्रश्नहरु उठाइएका छन् । यस्ता प्रश्नहरु अत्यन्तै पेचिला हुने गरेका छन् । कक्षाकोठा शिक्षण सिकाइमा तालिमको विषयवस्तुको आवश्यकता सान्दर्भिकता*

*विषयवस्तुको स्थानीयकरण र शिक्षकको आवश्यकता अनुरुप तालिमसँग सम्वन्धित हुने गरेका छन् । तालिमको प्रभाव विद्यालयको कक्षाकोठासम्म पुग्ने शिक्षकलाई दिने तालिम शिक्षकको मांग र आवश्यकतासँग सम्वन्धित भए भएन, तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षकले शिक्षण गरेको प्रभाव विद्यार्थीको उपलब्धिमा अन्तर देखियो देखिएन ? जस्ता भनाईहरुलाई माध्यमिक तहमा शि.पे.वि. कार्यक्रमको प्रभावकारिताको सम्वन्धमा अध्ययन गर्न सान्दर्भिक हुने भएकाले यो अवस्था पहिचान गर्न यो अध्ययन गरिएको हो । यस अध्ययन कार्यमा सरोकारवालाहरुसँग गरिएको छलफल र शिक्षण सिकाइ क्रियाकलापको प्रभावको आधारमा टि.पि.डि.ले प्रदायकहरुले सम्वोधन गर्नु पर्ने पक्षहरुको छलफल गरिएको छ भने टि.पि.डि.ले शिक्षण सिकाइको प्रभावको सम्वन्धमा शिक्षकले अवलम्वन गर्नु पर्ने बाटोको सम्वन्धमा छलफल गरिएको छ ।*

*शि.पे.वि. तालिम प्राप्त शिक्षक पेसाप्रति प्रतिवद्धता आत्मविश्वासी रहेका माध्यमिक तहमा कक्षाकोठाको शिक्षण सिकाइमा गुणात्मक र परिणात्मक प्रभाव पारेको पाइयो भने विद्यालयमा शि.पे.वि. कार्यक्रमको शिक्षण सिकाइमा थप प्रभावका लागि महिला शिक्षकहरुको थप व्यवस्था गर्नु पर्ने देखियो । माध्यमिक तह सम्म मातृभाषामा शिक्षा दिन सान्दर्भिक देखिन्छ भने शिक्षकलाई तालिमको व्यवहारिक प्रयोग प्रति सकारात्मक वनाउन सरोकारवालाहरुको जवाफदेहिता वढाउन आवश्यक देखिन्छ । तसर्थ यस अध्ययनको प्राप्तिबाट माध्यमिक तहको शिक्षण सिकाइमा तालिमको सकारात्मक प्रभाव स्पष्ट हुन्छ भने थप उपलब्धिहरुको लागि सुझाव तथा कार्यान्वयन पक्षमा जोड दिन सान्दर्भिक ठानिएको छ ।*

# विषय : सूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता iii

शोध सार iv

सङ्क्षिप्त रुपको सूची v


## एकाइ : एक


**परिचय** **१-९**

१ अध्ययनको पृष्ठभूमि १

१.१ शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको संक्षिप्त चिनारी ३

१.२ शिक्षकको पेसागत विकास कार्यक्रमको नीति तथा सारांश ५

१.२ समस्याको कथन ६

१.३ अध्ययन औचित्य ६

१.४ अध्ययनको उद्देश्य ८

१.५ अध्यनको अनुसन्धानात्मक प्रश्नहरु ८

१.६ अध्ययनको परिसीमा ८


## एकाइ : दुई


**पूर्व अध्ययनको पुनरावलोकन तथा सैद्धान्तिक खाका** **१०-१८**

२.१ पूर्व अध्ययनको पुनरावलोकन १०

२.२ अध्ययनको शैद्धान्तिक खाका १४

२.३ अध्ययनको शैक्षिक उपादेयता १७

## एकाइ : तीन


**अध्ययनको विधि** **१९-२७**

३.१ अनुसन्धानात्मक ढाँचा १९

३.२ अध्ययनको  जनसंख्या र नमूना छनोट १९

३.३ अध्ययन क्षेत्रको नमुनाको आकार २१

३.४ तथ्याङ्कका स्रोतहरु २२

३.४.१ प्राथमिक श्रोत २३

३.४.२ द्बितीय श्रोत २३

३.५ तथ्याङ्क संकलनका साधनहरु २३

३.५.१ अन्तर्वार्ता सूची २४

३.५.२ प्रश्नावली २४

३.५.३ कक्षा अवलोकन २४

३.५.४ लक्षित समूह छलफल २५

३.६ तथ्याङ्क संकलन प्रक्रिया २६

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २६


## एकाई : चार


**नतिजा विश्लेषण** **२८-४८**

४.१ शिक्षण सिकाइमा पेसागत विकासको अवस्था २८

४.१.१ शिक्षकको दक्षतामा अभिवृद्धि २८

४.२ शिक्षण विधि र कियाकलापममा परिवर्तन ३०

४.२.१ शैक्षणिक योजनाको निर्माण ३२

४.२.२ निरन्तर विद्यार्थी मूल्याङ्कन ३४

४.३ शिक्षकको सिकाइ व्यवहारमा आएको परिवर्तन ३६

४.३.१ तालिममा प्राप्त ज्ञान,सीप र धारणाको प्रयोग ३६
४.३.२ विद्यार्थी केन्द्रित शिक्षण सिकाइ ३७
४.३.३ समाहित शिक्षणको प्रयोग ३९
४.३.४ शैक्षिक सामग्रीको प्रयोग ४०
४.४ विद्यार्थीको उपलब्धिमा आएको परिवर्तन ४२
४.४.१ समाहित रुपमा कक्षाकार्य गर्ने वानीको विकास ४२
४.४.२ नतिजामा वृद्धि ४३
४.५ शि.पे.वि.कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु ४६
४.६ समस्याका समाधानका उपायहरु ४८

**एकाइ : पाँच**

**निश्कर्ष र सुझावहरु ५०-५५**

५.१ निष्कर्ष ५०
५.२ सुझावहरु ५२
५.२.१ नीतिगत तह ५४
५.२.२ अभ्यास तह ५४
५.२.३ अनुसन्धान तह ५५
सन्दर्भ ग्रन्थसूची
अनुसूची

# एकाइःएक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा औपचारिक रुपमा शिक्षक तालिमको सुरुवात वि.सं. २००४ मा आधार शिक्षक तालिम केन्द्रको स्थापनावाट भएको पाइन्छ । नयाँ शैक्षिक योजना र राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ लागु भएपछि निरन्तर रुपमा विभिन्न प्रकारका तालिमहरु सञ्चालन हुदैं आएको छ । जस्तै ६ महिने शिक्षक तालिम, घुम्ती शिक्षक तालिम, रेडियो शिक्षा शिक्षक तालिम परियोजना, प्याकेज कार्यक्रम, विद्यालयमा आधारित सेवाकालिन तालिम, माध्यमिक शिक्षा शिक्षक तालिम आदि ।

नेपालमा शिक्षक तालिमको संस्थागत विकासलाइ हेर्ने हो भने २०५० सालमा शैक्षिक जनशक्ति विकाश केन्द्र (NCED)को स्थापना पश्चात शिक्षक तालिमलाइ वर्गिकरण नगरी एउटै छातामुनि राखि सम्पूर्ण तहमा कार्यरत सामुदायिक दरवन्दीका शिक्षकलाइ अनिवार्य तालिम लिने लगाउने उद्धेश्यले वि.सं. २०६१ मा माध्यमिक शिक्षा विकास केन्द्र र दुर शिक्षा केन्द्रलाइ एकिकृत गरी हाल शैक्षिक जनशक्ति विकास केन्द्रमा रुपान्तरित गरी सोहिको मातहतमा २९ वटा शैक्षिक तालिम केन्द्र, ५ वटा शैक्षिक तालिम उपकेन्द्र बाट (माध्यमिक शिक्षा विकास एकाई २९वटा) बिभिन्न प्रकारका वा नामका शिक्षक तालिमहरु सञ्चालनमा छन । हालै आएर यसै तालिम अन्तर्गत २०६७ सालवाट सामुदायिक विद्यालयमा कार्यरत सम्पूर्ण तह र दरवन्दीका शिक्षकहरुलाई माँगमा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन हुदै आएको छ । यस शि.पे.वि.तालिमको मुख्य उद्देश्य भनेको कक्षाकोठा शिक्षण सिकाइमा तत्कालिन समस्याको समाधान गरी सिकाइलाइ प्रभावकारी पार्नु रहेको छ, जसमा कार्यमुलक अनुसन्धानको माध्यम बाट विद्यार्थीको भूमिका बढि सकिय र शिक्षकको भूमिका सहयोगीको रुपमा रहने छ (शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,२०५८) ।

विद्यार्थीको ज्ञान, सीप, र व्यवहारमा तालिमले परिवर्तन ल्याउने गर्दछ । वास्तवमा तालिमले कुनै पनि व्यक्तिको आफुमा भएको ज्ञान, सीप परिस्कृत गर्ने वा आफुमा भएको अभाव पूरा गर्ने अर्थात कमजोरी हटाउने साधनलाई नै तालिम भनिन्छ । तालिम विभिन्न

प्रकारका सञ्चालन हुँदै आइरहेको अवस्थामा शिक्षकको विकास प्रयोजनका लागि शिक्षण सेवामा कार्यरत योग्य एवम् अनुमति प्राप्त व्यक्ति मात्र शिक्षण पेसामा प्रवेश गर्न पाउन सक्ने व्यवस्था सुनिश्चित गर्ने प्रयत्न भए बमोजिम शिक्षकहरुलाई निरन्तर रुपमा पेसागत दक्षता नविकरण गर्न नियमित ढंगले शिक्षक कार्य सम्पादन क्षमता सुधार गर्न तथा दैनिक अनुभवबाट सिकेका नवीन ज्ञान, सीप र धारणा अनुसार समग्र पेसागत उत्कृष्टतालाइ डोऱ्याउने रोडम्याप स्वरुप शिक्षकको पेसागत विकास तालिमको कार्य सञ्चालन गरिएको छ (अधिकारी, २०६८) ।

सामान्य अर्थमा Training भनेको तालिम हो । आफुले चाहेको जस्तो व्यवहारमा ल्याउन सिकाइने विभिन्न क्रियाकलापहरुलाई तालिम भनिन्छ । जस्तो साना केटाकेटीहरुलाइ खाना खान, लुगा लगाउन र ठाउँमा दिसा पिसाव गर्न सिकाउनु । घरमा पालिएका विभिन्न जनावरहरुलाई आफुले चाहेजस्तो व्यवहार राख्न अभ्यस्त गराउनु आदि । यस प्रकार तालिम परम्परागत रुपमा आफ्नै तरिका वाट चल्दै आएको सिकाइको एक प्रक्रिया हो । विभिन्न समय, परिस्थिती र आवश्यकता अनुसार तालिमको महत्व रहदै आएको छ (शर्मा एण्ड शर्मा ,२०६९) ।

तालिम भनेको कुनै पनि कार्यको आवश्यक्ता पुरा गर्ने सक्षम मानव साधन तयार गर्ने निरन्तर पक्रिया हो । तालिमले व्यक्तिमा स्थायी व्यवहारको प्रत्यारोपण गर्दछ र उसको कार्य सम्पादनमा सुधार ल्याउछ (थापा, श्रेष्ठ र अन्य ,२०५८) ।

आज सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कदो छ भनेर चौतर्फी टिकाटिप्पणी हुने गरेको छ । जुन क्षेत्रमा बढी सरकारको लगानी छ । सामुदायिक विद्यालयका शिक्षकहरुलाइ तालिम दिइन्छ तर परिणाम भने चित्तबुझ्दो छैन (अधिकारी, २०६९) ।

हाल माध्यमिक तहको स्वीकृत दरवन्दीमा कार्यरत ९८.२% भन्दा वढी शिक्षकहरु तालिम प्राप्त गरिसकेको तथ्याङ्क छ भने वांकी रहेका १.८% शिक्षकलाइ शैक्षिक जनशक्ति विकाश केन्द्रले सेवाकालिन तालिम दिइ तालिम प्राप्त गराउने लक्ष्य रहेको छ (शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८ ) ।

वर्तमान समसामयिक समयलाई मध्य नजर गरेर प्रत्येक शिक्षकहरुले कक्षा कोठामा विषयवस्तुको ज्ञानमात्र अघि वढाउनु भन्दा सकरात्मक प्रवृति विकास गरी उनीहरुलाइ

निरन्तर स्वध्यायन प्रति थप जागरुप र विद्यार्थी सिकाइ उपलब्धिमा जवाफदेही र विद्यालयको समग्र समुन्नतीको लागि योग्य तुल्याउन कक्षाकोठा शिक्षणमा आएका समस्या समाधान गर्न र कक्षाका सबै प्रकारका विद्यार्थीलाई समानरुपले शिक्षा प्रदान गर्न शिक्षकको पेसागत तालिमले महत्वपूर्ण सहयोग गर्ने अपेक्षा लिइएको छ ।

अहिले सञ्चालित शि.पे.वि. तालिम सम्वन्धि शिक्षक एवम विद्यालयवाट प्रस्तुत गरिएका पठनपाठन सम्वन्धि विविध समस्या र थप पेसागत सहयोगको आवश्यकता समग्र रुपमा देहायको अन्तर्सम्वन्धि एकिकृत तीन वटा भागहरुको तालिम कार्यशाला, स्वध्यायन अभ्यास र शैक्षिक परामर्शको संयोजनवाट दश कार्यदिने मोड्यूल विकास कार्यक्रम सञ्चालन भइरहेको छ । यसरी पेसागत आवश्यकतालाइ तीनको प्रकृती अनुसार तीन वटै भागहरु वाट सम्वोधन गर्ने मोड्यूल सामग्री निमार्ण एवम संचालन गरिएको छ । यी तीन चरण भागहरु एक अर्कामा परिपुरक भएकाले ती सवैको संचालन वाट मात्र एउटा मोड्यूलको पूर्णताहुने भएकाले प्रत्येक शिक्षक लाइ यस्ता दश कार्यदिने स्वतन्त्र मोड्यूल पुरागरेपछि मात्र एक महिना वरावरको शिक्षकको पेसागत विकास तालिमको प्रमाण पत्र प्रदान गरिनेछ । उक्त प्रमाण पत्र शिक्षकहरुलाइ वृति विकास र माथिल्लो तहको योग्यता धारण गर्नका लागि सहयोग गर्ने छ भनि भनिएको छ । यसरी संचालन गरिने तालिमको आवश्यकता प्रस्ताव सम्वन्धि शिक्षकको पेसागत विकास तालिमको आवश्यकता प्रस्ताव खाकालाइ मध्य नजर राखी तीन वटै मोड्यूल संचालन गरिनेछ । यो आवश्यकताको प्रस्ताव खाका निश्चित समयावधिमा प्रत्येक शिक्षकलाइ खाका भराइ आधारभुत तहका लागि सम्वन्धित स्रोत केन्द्रमा भाद्र मसान्त भित्रमा शिक्षकको पेसागत विकास आवश्यकता प्रस्ताव खाका तयार गरी पेश गर्नु पर्नेछ (अधिकारी, २०६८) ।

### १.१.१ शिक्षकको पेसागत विकास कार्यक्रमको संक्षिप्त चिनारी

गुणस्तरिय शिक्षाको विकासमा सक्रिय भूमिका भएका शिक्षकहरुको पेसागत योग्यता एवं कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र बाट विगत चारदशक जतिको योजनावद्ध प्रयासको फलस्वरुप सवै शिक्षकहरुलाई सेवाकालिन तालिम (१० महिने) प्रदान गरी सकेपछि देशभरको सवै सामुदायिक विद्यालयमा कार्यरत प्राज्ञिक एवं पेसागत रुपमा योग्यता प्राप्त गरी १ लाख ७० हजार वढि शिक्षकहरु शिक्षण पेसामा आवद्ध छन् । शिक्षकहरुमा रहेको योग्यता एवं क्षमतालाई समयसापेक्ष रुपमा

नविकरण सवलीकरण र आवधिक गर्दै कक्षाकोठाको शिक्षणमा तात्विक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको अनिवार्य सर्त हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरुले आफैले आफ्नो आत्ममूल्याकंन गर्ने कक्षाकोठा तथा शिक्षण जीवनमा आवश्यक ज्ञान सीप पहुँच हांसिल गर्ने नियमित स्वाध्ययन, पठनपाठन, संस्कृतिको विकास गरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता विविध विषयहरु मार्फत निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वव्यापी रुपमा चलि आएकाले यिनै कुरालाई ध्यानमा राखी शिक्षा क्षेत्रमा अग्रगामी सुधार गर्ने उद्देश्यले आ.व. २०६६/०६७ देखि कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र कार्यक्रम (एस.एस.आर.पि.) ले शिक्षकले पेसागत विकास टि.पि.डि.का लागि नीतिगत एवं योजनागत व्यवस्था निर्दिष्ट रहेको छ (शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका, २०६८) ।

टि.पि.डि. कार्यक्रम विकास सम्वन्धि प्रावधान अनुसार सामुदायिक विद्यालयमा कार्यरत सवै प्रकारका शिक्षकहरुले सेवाकालिन रुपमा संचालन हुने १ महिने पेसागत विकास गतिविधिमा पहुँच हासिल गर्नु पाउने र सोको उपलब्धिलाई शिक्षकको वृत्तिविकास सँग आवद्ध गर्ने कार्यक्रम छ । उक्त प्रावधानको कार्यान्वयन शै.ज.वि.के. बाट सामुदायिक विद्यालयका सवै प्रकारका तथा सवै तहका शिक्षकहरुलाई १ पटकमा १० दिने अवधिको शि.पे.वि. मोड्यूल संचालन गरी ५ वर्ष भित्रमा ३ पटकमा १ महिने वरावरको ५३ वटा स्रोतकेन्द्रबाट आधारभूत तहका लागि र ६३ वटा अगुवा श्रोत केन्द्र तथा २९ वटा शैक्षिक तालिम केन्द्र बाट माध्यमिक तहको समेत टि.पि.डी. कार्यक्रम सञ्चालन गरिएको छ । यी प्रत्येक तालिम प्रदायक एकाईलाई टि.पि.डी. हवको नामबाट परिभाषित गरियो ।

यसै कार्यक्रम अनुसार ताप्लेजुङ जिल्लामा मा.वि. तहका तथा नि.मा. द्वितीयमा सोझै नियुक्ति पाएका शिक्षकहरुको टि.पि.डि कार्यक्रम अगुवा स्रोत केन्द्र रहेको श्री भानु जन उच्च मा.वि. फुङ्लिङ छेउमा मिति २०६८/०२/२५ देखि २०६८/०२/२९ सम्म संचालन गरियो भने रोष्टर प्रशिक्षकहरुलाई समेत सोही केन्द्रमा तालिम कार्यक्रम चलाइयो साथै ताप्लेजुङ जिल्लामा २०६८ साल देखि जिल्लाका १४ वटै स्रोतकेन्द्रमा प्रा.वि तहका शिक्षकहरुलाई मात्र टि.पि.डि. कार्यक्रम संचालन गरियो । नि.मा. तहका शिक्षकहरुलाई भने उक्त कार्यक्रम सवै १४ वटै स्रोतकेन्द्रमा मिति २०६९/०२/२६ देखि ०६९/०२/३० सम्म ५ दिन सम्म सञ्चालन गरियो भने वाँकी ५ दिन विद्यालयमा ३ दिन स्वध्ययान कार्य र २

दिन शैक्षिक परामर्ष कार्य संचालन गरी उक्त १० दिन पुरा गर्ने तय गरियो । यस टि.पि.डी कार्यक्रमले आ.व. २०६६/०६७ देखि आ.व. २०७३/०७४ सम्ममा शिक्षण पेसामा कार्यरत शिक्षकको दिर्घकालिन पेसागत योग्यतामुखी कार्यक्रम देखि कक्षाकोठाको शिक्षण कार्य सम्पादनमा देखिएका तत्कालिन आवश्यकतामा आधारित समस्या समाधानमुखी कार्यसम्पादनमा सुधार तालिम सम्मको शिक्षक विकास मोड्युल अभ्यास गरिरहेको छ । जसमा सुस्त श्रवण तथा वहिरा, दृष्टिविहिन, सुस्त मनस्थिति, बहुभाषिक तालिम, गुम्वा, मदर्सा तथा गुरुकुल शिक्षाको लागि छुट्टा छुट्टै तालिम कार्यक्रम सञ्चालन गरिएको छ । जसबाट विद्यालयमा शिक्षण सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको छ (शिक्षकको पेसागत विकास मोड्युल संञ्चालनका लागि प्रशिक्षण निर्देशिका,२०६८) ।

### १.१.२ शिक्षकको पेसागत विकास कार्यक्रमको निति तथा सारांश

क सम्पूर्ण शिक्षहरुलाई सेवाकालिन रुपमा आगामी ५ वर्ष भित्र ३० दिन वरावरको शिक्षकको पेसागत क्षमता विकास तालिम पहुँच सुनिश्चित गर्ने ।

ख शिक्षकहरुको वृति विकासको लागि प्रत्येक तहमा Beginers, Experieneced Master र expert गरि जम्मा ४ वटा श्रेणी रहने गरी प्रत्येक माथिल्लो श्रेणीमा वढुवा हुनका उल्लेखित अवधिको टि.पि.डि मोड्यूल (टि.पि.डि) योग्यता, सम्पादन र ज्येष्ठतालाई आधार वनाइने ।

ग एस.एस.आर.पि. अन्तरगत कार्यक्रम भएका कार्यरत शिक्षकहरुको योग्यता थप ग्रेडिङ गर्ने आधारभुत तहको हकमा साविकमा उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गत चालु रहको १० महिने तालिम प्राप्त जनशक्तिलाई कक्षा १२ को विशेष पाठ्यक्रम अध्यापन गराउने कार्यक्रम कार्यान्वयन जारी रहने । साथै माध्यमिक तहको हकमा विश्वविद्यालयहरुसँग विशेष सहकार्य गरी एम.एड. कार्यक्रम सञ्चालन गरिने ।

घ विशेष शिक्षा, वहुभाषिक शिक्षा, बहुकक्षा शिक्षणका लागि शिक्षा विभागबाट छनौट गरिएका शिक्षकहरुको विशेष क्षमता वढाउनका लागि सघन तालिम कार्यक्रम सञ्चालन गरिने ।

ङ तालिम प्रणाली एवं शै.ज.वि.के. अन्तर्गत क्रियाशिल सँगठनहरुको संस्थागत पुनः संरचना एवं सुदृढीकरण गर्ने उद्देश्यले आवश्यक अध्ययन अनुसन्धान गरिने ।

च सम्पूर्ण प्र.अ. हरुको नेतृत्व क्षमता विकास सम्वन्धि सेवाकालिन तालिम सञ्चालन गर्न प्रत्येक वर्ष २० प्रतिशतको पहुँच सुनिश्चित गर्ने तयारी कार्यक्रम तय गरिने ।

उक्त शि.पे.वि.कार्यक्रम तालिम ताप्लेजुङ्ग जिल्लामा २०६७ सालदेखी नै सुरु भएको छ । यसरी संचालन भएका शि.पे.वि.तालिम जिल्लाका १४ वटै स्रोत केन्द्रमा र अगुवा स्रोत केन्द्रहरुमा संचालन भइरहेको छ । यस अवस्थामा ताप्लेजुङ्ग जिल्लाको खोक्लिङ्ग स्रोत केन्द्रमा रहेका उच्च मा.वि.हरुका माध्यमिक तहका शिक्षकहरु अर्थात शि.पे.वि. तालिमप्राप्त शिक्षकहरुले उनीहरुको तालिमवाट हाँसिल गरेका ज्ञान सीप र धारणा के कति ढङ्गवाट माध्यमिक तहको शिक्षण सिकाइमा उपयोग गरे गरेन्न र शिक्षण सिकाइमा कस्तो प्रभाव पऱ्यो भनि अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

शिक्षकको पेसागत विकास तालिम प्राप्त गरेका माध्यमिक तहका शिक्षकहरुले कक्षाकोठा र विद्याालय सम्मका लागि तालिममा आर्जन गरेका शिक्षण सिकाइ सम्वन्धि ज्ञान सीप र धारणाहरु अझै पनि सम्बन्धित ठाँउसम्म पुऱ्याइसकेको छैनन् साथै शि.पे.वि.तालिमप्राप्त शिक्षकहरुले तालिम लिएपछि शिक्षण सिकाइ कियाकलाप पछि विद्यार्थीमा आएको परिवर्तन सम्वन्धि अध्ययन वा  कतिको परिवर्तन वा प्रभाव पऱ्यो भनि यो अध्ययन गर्न खोजिएको छ । कति वटा विद्यालयहरुमा परम्परागत ढाचाँमा नै शिक्षण गर्ने र जति तालिम दिएपनि शिक्षकमा शिक्षण सिकाइ कियाकलापमा त्यति प्रभावकारी परिवर्तन नआएको महसुस भएको छ । यस्ता प्रकारको समस्याहरुलाइ छिनोफानो गर्नका लागि मैले यो माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्रमले पारेको प्रभावको खोजी गरेको छु ।

## १.३ अध्ययनको औचित्य

माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्मको प्रभाव सम्वन्धि अध्ययन अनुसन्धान गर्नु नै यस अनुसन्धानको महत्व रहेको छ । सामुदायिक विद्यालयका दरवन्दिमा कार्यरत सम्पूर्ण शिक्षकहरुले विभिन्न किसिमको तालिम लिइ कार्यरत रहेका छन्

तथापी तिनिहरुलाइ पनि पुनः शि.पे.वि.तालिम दिलाउने सरकारको योजना भए अनुसार शि.पे.वि.तालिम लिइ सक्नु भएका शिक्षकहरुले कतिको तालिममा लिएका ज्ञान सीप र धारणा विद्यालयमा कार्यन्वयन गरे गरेन्न, शिक्षण सिकाइमा कस्तो प्रभाव पर्‍यो ? तालिम अघि शिक्षकको विद्यालय प्रतिको कर्तव्य शिक्षण शैली ज्ञान सीप र धारणा कस्तो थियो र तालिम पछि कस्तो भएको छ जो कोहीले पनि अनुमान गर्न सक्छ । शिक्षकहरुको शि.पे.वि.तालिमले गर्दा विद्यार्थीहरुको सिकाइ उपलव्धिमा के कस्ता फरक पर्न गएको छ भन्ने कुराको अध्ययन गर्न अव सम्पूर्ण सरोकारवालाहरुको खोजीको विषय भएको छ भने शि.पे.वि. तालिमले माध्यमिक तहको शिक्षण सिकाइमा कस्ता प्रभाव र योगदान पुर्‍याएको छ ? अर्थात शि.पे.वि. कार्यक्रम तालिमले माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षाको गुणस्तरमा र गुणात्मक विकासमा कस्तो प्रभाव पारेको छ ? निश्चय नै यो अध्ययन अनुसन्धानको विषय वाट वास्तविक्ता पत्ता लगाउन यो अध्ययन गरिएको छ ।

माध्यमिक तहको सामुदायिक विद्यालयमा अध्यापनरत शि.पे.वि.तालिम प्राप्त गरेका शिक्षकको तालिमको प्रभावकारीता सम्वन्धि आवश्यक जानकारी प्राप्त गर्न चाहे सम्वन्धित सरोकारवालाहरु लाई जानकारी गराउनु रहेको छ । शि.पे.वि. तालिमवाट प्राप्त गरेको ज्ञान सीप र धारणाको व्यवहारीक प्रयोग शिक्षण सिकाइमा शिक्षकको प्रयोगको अवस्थालाइ सरोकारवाला र सम्वन्धित निकाय सम्म पुर्‍याउनु साथै माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभावकारिताको लेखाजोखा गरी प्राप्त आवश्यक सूचनाहरु प्रदान गर्नु पनि यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययन पछाडी जुनसुकै विद्यालयमा कार्यरत शिक्षकलाइ तालिमले योग्य र निपूर्ण वनाउन सकिन्छ भन्ने देखाउन र शि.पे.वि.तालिम लिएका सम्पूर्ण शिक्षकहरुलाइ उनीहरुको शि.पे.वि.तालिमलाइ कसरी शिक्षणमा व्यवहारिक रुप दिन सकिन्छ भन्ने विषयमा तथा विद्यालयहरुलाइ कसरी सहयोग पुर्‍याउन सकिन्छ, यस अनुसन्धानवाट पक्कै पनि वालवालिकाहरु आफ्नो पठनपाठन प्रति कसरी सक्रिय हुने, कुनकुन विषयमा सजक रहने र कसरी शिक्षण सिकाइ क्रियाकलापलाइ प्रभावकारी वनाउन सकिन्छ भन्ने कुराहरुमा विद्यार्थीलाइ सहयोग गर्न सक्छ । यो अनुसन्धानवाट समुदायले पनि शि.पे.वि.तालिमले शिक्षण सिकाइमा परेको प्रभाव वारे थाहा पाउन सक्नेछन । शि.पे.वि.तालिम कसरी प्रभावकारी वनाउन सकिन्छ र तालिम लिएका ज्ञान सिप र धारणाहरु शिक्षकहरुले उपयोग

गरेका छन ? छैनन भने किन ? प्रयोग गरेका छन कि छैनन ? आवश्यक पर्ने शैक्षिक सामग्री र उचित वातावरण सिर्जना गर्नका लागि कसरी सहयोग गरेको छ ? भन्ने जस्ता प्रश्नको जवाफ खोज्नु पर्ने आवश्यकता छ । यो शिक्षण सिकाइमा पेसागत विकास भन्ने शिर्षकको अनुसन्धान कार्यले विद्यालयमा प्रत्यक्ष रुपमा सकरात्मक सहयोग गर्नेछ, साथै वि.व्य.स.लाई पनि विभिन्न शिक्षण सिकाइ सम्वन्धि विद्यालयमा देखिएका समस्या समाधान गर्नमा सहयोग गर्ने छ र विद्यालयको पठनपाठनलाइ प्रभावकारी र सहज वनाउन समेत सहयोग गर्न सक्ने छ ।

यस अध्ययनले विद्यार्थी, शिक्षक, वि.व्य.स., जि.शि.का., समुदाय, विभिन्न ग्रैह सरकारी संघसंस्थाहरुलाइ पनि शिक्षण सिकाइमा कसरी तालिमले सकरात्मक प्रभाव पार्छ भन्ने कुराका लागि आवश्यक जानकारी उपलव्ध गराउन र सहयोग गर्नु नै यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्धेश्य

यस अध्ययनको उद्धेश्यहरु निम्नानुसार रहेकाछन् ।

क शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्रमको अवस्था पहिचान गर्नु ।

ख शिक्षकको सिकाइ व्यवहारमा आएको परिवर्तन पहिल्याउनु ।

ग विद्यार्थीको सिकाइ उपलब्धिमा आएको परिवर्तन पत्ता लगाउनु

घ शिक्षकको पेसागत विकास कार्यक्रमको प्रभावमा देखिएको समस्याहरु विश्लेषण गर्नु ।

ङ शिक्षकको पेसागत विकास कार्यकमका समस्या समाधानका उपायहरु पहिल्याउनु ।

## १.५ अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनको अनुसन्धानात्मक प्रश्नहरु निम्नानुसार छन् :

क माध्यमिक तहमा शिक्षकको पेसागत विकास तालिम कार्यक्रमको अवस्था कस्तो रहेको छ ?

ख शिक्षकको पेसागत विकास तालिममा सिकेका ज्ञान,सीप र धारणावाट शिक्षकको कक्षाकोठा शिक्षण शैलीमा परिवर्तन आएको छ ?

ग शिक्षकहरुको शिक्षण शैलिवाट विद्‍यार्थीको सिकाइ उपलब्धिमा कस्तो परिवर्तन भएको छ ?

घ शिक्षकको पेसागत विकास तालिम प्राप्त शिक्षकहरुको कक्षाकोठा शिक्षण सिकाइको प्रभावमा कस्ता समस्या देखा परेका छन् ?

ङ कक्षाकोठाको शिक्षण सिकाइको प्रभावमा देखापरेका समस्याका समाधानका उपायहरु के-के छन् ?

## १.६ अध्ययनको परिसिमा

अनुसन्धान एउटा महत्वपूर्ण विषयवस्तुमा केन्द्रित रहेर लिइने अध्ययनको परिसिमाले कुनैपनि अनुसन्धनात्मक कार्यलाई वस्तुगत, विशिष्ट र छरितो वनाउन सहयोग गर्दछ ( शिक्षक शिक्षा, २०६८) । यस अध्ययनको अनुसन्धान गर्ने शिलशिलामा अध्ययनको साधन,स्रोत र समयको सिमिततालाइ मध्यनजर राखी छनौटमा परेका माध्यमिक विद्‍यालय तहको सिमा भित्र रही अनुसन्धान संचालन गरिएको छ ।

क यो अनुसन्धान माध्यमिक विद्‍यालय तहको शिक्षण सिकाइमा शि.पे.वि. कार्यक्रमको प्रभावको सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरुका चासोको विषय भएकाले सामुदायिक विद्‍यालयहरुको उच्च मा.वि.का मा.वि. तहमा अध्यापनरत शि.पे.वि. तालिम प्राप्त शिक्षकहरु र अन्य माध्यमिक विद्‍यालयका मा.वि. तहमा अध्यापनरत शिक्षकको शिक्षण सिकाइ कियाकलापमा सिमित रहको छ ।

ख यस अनुसन्धानका लागि सामुदायिक विद्‍यालयहरुमा ताप्लेजुङ्ग जिल्लाको खोक्लिङ्ग स्रोतकेन्द्र अन्तरगतका दुई वटा उच्च मा.वि.का माध्यमिक तह र ३ वटा मा.वि. संचालित विद्‍यालयहरु छनौट गरि सोका विद्‍यालय व्यवस्थापन समिति,अभिभावक,स्रोतव्यक्ति,रोष्टर प्रशिक्षक, प्र.अ.,शिक्षक तथा विद्‍यार्थीमा सिमित गरिएको छ ।

ग उक्त छनौट गरिएका विद्यालयहरुका माध्यमिक तहमा अध्यापनरत शि.पे.वि. तालिम प्राप्त शिक्षकहरु द्वारा तालिम लिए पश्चात माध्यमिक तहको कक्षाकोठा शिक्षणबाट देखिएको प्रभाव स्पष्ट पार्नलाई आवश्यक पर्ने  र उपलब्ध साधन र स्रोतहरुलाई यस अध्ययनमा समेटिएको छ ।

# एकाइ:दुई

# पूर्व अध्ययनको पुनरावलोकन तथा सैद्धान्तिक खाका

गन्तव्यमा पुग्नका लागि हिड्नुपर्छ । सोका लागि आधार विन्दु आवश्यक छ । कुनैपनि अध्ययनका लागि सो विषयसगँ सम्वन्धित पूर्वसाहित्यको अध्ययन अनुसन्धान गर्न सम्वन्धित सिद्धान्त सगँ एकाकार गरी अध्ययन अनुसन्धान गर्न आवश्यक रहेकाले सो सगँ सम्वन्धित आवश्यक  कार्य गर्न गरिने अध्ययन सम्वन्धित साहित्यको पुनरावलोकन हो । नयाँ अध्ययनलाई खोजमुलक वनाउन पहिला गरिएका अध्ययनहरुबाट प्राप्त ज्ञानहरु र सिद्धान्तहरुको खोजी गर्न तथा अध्ययनको विषयवस्तु दोहोरीन नदिन समस्या समाधानका लागि स्वीकृत भएका विकल्पहरुको खोजी गर्न प्रतिपादित सिद्धान्तहरु कहाँ सम्म प्रयोग भए नभएको हेर्न र यदि प्रयोग भएको भए त्यसको सम्वन्धित क्षेत्रका शिक्षा विद्हरुको भनाई र विचारहरुको अध्ययन गर्न, प्रचलित ऐन कानुनले व्यवस्था गरेका नीति नियमहरु पत्ता लगाउन अध्ययनका विधि र ढाँचालाई पूर्वसाहित्यकोरुपमा अध्ययन गरिएको छ । त्यस्तै हाल सम्म सम्वन्धित क्षेत्रमा के कस्ता कार्यहरु भए तीनको अवस्था के छ ? अव कुन उपयुक्त विकल्प प्रयोग गरियो भने सकारात्मक प्रभाव पर्छ ? समस्याको समाधानको उत्तम उपाय के हुन सक्छन् ? जस्ता कुराहरुलाई समेत हेर्नु पूर्वसाहित्यको अध्ययन गरिएको हो । तर अध्ययनको क्रममा यो विषयवस्तुसँग ठ्याक्कै मिल्ने पूर्वसाहित्य,  विषय वस्तु र पाठ्य सामग्रीहरुको दुर्लबता भने प्रसस्त पाइएको छ । तालिमको प्रभावसँग सम्वन्धित भई शैक्षिक तालिम केन्द्रले गरेका कार्यहरु, यससँग सम्वन्धित पूर्वसाहित्यका प्रकाशित र अप्रकाशित पुस्तिकाहरु र उपलब्ध पुस्तक, पत्रिका अनुसन्धान प्रतिवेदनहरुको समिक्षात्मक अध्ययन गरी सोधलाई पूर्णता दिने काम भएको छ ।

## २.१ पूर्व अध्ययनको पुनरावलोकन

गिरी (२०६५) ले प्राथमिक शिक्षकको तालिमको प्रभावमा प्रभावकारी शिक्षण सिकाइमा तालिम प्राप्त शिक्षकले तालिम अप्राप्त शिक्षक भन्दा बढि सहज, सरल, विद्यार्थीमुखी एवं उत्तम शिक्षण विधि प्रयोग गर्ने गर्छन । तालिम प्राप्त शिक्षकले अध्ययन क्षेत्रका विद्यालयको भौतिक सुविधा शिक्षक तथा तालिमको व्यवस्था, शिक्षणको लागि पूर्व तयारी पक्ष, कक्षा व्यवस्थापन पक्ष, शिक्षण सिकाइ सामग्री, क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, गृहकार्य, शिक्षण

व्यवहार, विद्‌यार्थी उपलब्धि, तालिम कार्यान्वयन, कक्षा अवलोकन, सुपरिवेक्षण तथा अनुगमन र तालिम प्रदान गर्ने निकायको मूख्य भूमिकाको बारे शिक्षण अगाडि नै स्पष्ट हुन्छन्। तालिम प्राप्त शिक्षकले कक्षा शिक्षण गर्दा दैनिक पाठयोजना ५५% शिक्षकले प्रयोग गरेको, कक्षा गीतबाट कक्षा सुरु गरी कवाज खेलाएर कक्षा छुट्टी दिने कार्य गर्छन भने ९०% तालिम प्राप्त शिक्षकले पाठयक्रम, दिग्दर्शन शिक्षक निर्देशिका प्रयोग गरेको र प्रश्न निर्माण गर्दा ८५% तालिम प्राप्त शिक्षकले ग्रिडको आधारमा गरेको र अन्यले सोझै प्रश्न निर्माण गरेको पाइन्छ। प्रभावकारी शिक्षा प्रदान गर्ने क्रममा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकमा निरन्तर विद्‌यार्थी मूल्याङ्कन गर्ने, कार्य संचयिका सीप भएको, परीक्षाफल विश्लेषण र पद विश्लेषण जस्ता मूल्याङ्कन सम्बन्धि ज्ञान सीप भएको पाईन्छ भने तालिम प्राप्त शिक्षकले शैक्षिक सामग्रीको निर्माण गर्ने, संकलन र प्रयोग गर्ने, आवश्यक्तानुसारको शिक्षण विधि, उत्प्रेरणा जगाउने र सकरात्मक व्यवहारलाई पुरस्कृत गर्दै दण्डहिनतालाई अवलम्बन गर्न अभिभावकहरु र समुदायसंग सह-सम्बन्ध जोड्‌न, मिलनसार, सिर्जनासिल, सहयोगी सिकारु र आत्मा-विश्वासी जस्ता गुणका कारणले कक्षामा प्रभावकारी शिक्षणको विकासमा सहयोग पुऱ्याएको कुरा स्पष्ट हुन्छ ।

चित्रकार (२०६४) ले आफ्नो लेख मार्फत शिक्षाको गुणस्तर विकासका लागि शिक्षण सिकाइ प्रभावकारी हुनुपर्ने र शिक्षक तालिमले शिक्षकको कार्यशैली परिवर्तन गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ। गुणस्तरिय शिक्षण र शिक्षक तालिमको सवाल भन्ने लेखमा तालिम प्राप्त र अप्राप्त शिक्षक वीच पाइने भिन्नता र ती दुईमा हुनुपर्ने अपेक्षित भिन्नता बारे चर्चा गरिएको छ। जे होस तालिमले व्यवहार परिवर्तनमा जोड दिने प्रभावकारी शिक्षण सिकाइमा शिक्षाको गुणस्तर वृद्‌धि हुने र गुणस्तरिय शिक्षाका लागि शिक्षक तालिम अनिवार्य हुने कुरा उक्त लेखमा खुलस्त पारिएको छ ।

वाग्ले (२००१) द्वारा आफ्नो लेख मार्फत अधिकांश आर्थिक स्थिति कमजोर भएका देशहरुका कक्षाकोठा शिक्षण शिक्षकको भरमा चलेको र शिक्षक,पाठ्यपुस्तक, विद्‌यार्थी नै शिक्षाको मोडेल भएको कुरा सम्म चयन भएको छ। नेपालमा प्रमाणीकरण र तात्कालिन गरी दुई प्रकारको तालिमको व्यवस्था गरिएको र यस्ता तालिम सञ्चालन गर्ने जिम्मेवारी शै.ज.वि.के.ले विभिन्न शै.ता.के. मार्फत पुरा गरी रहेको कुरा प्रष्ट्याउदै विश्वविद्‌यालयका आई.एड., वि.एड.लाई समेत तालिमको मान्यता भए पनि अध्ययनले तालिमको

प्रभावकारिता कक्षा कोठामा पुग्न नसकेको निष्कर्ष पेश गरेको पाइन्छ । त्यसैले शिक्षकको दक्षता प्रमाणित गर्न शिक्षण लाइसेन्सको व्यवस्था गरिएको हो ।

विष्ट (२०५९) शिक्षा क्षेत्रमा कक्षा शिक्षणलाई प्रभावकारी बनाई शैक्षिक उपलब्धि स्तर अभिवृद्धि गर्न तालिम प्राप्त शिक्षकको अहम् भूमिका रहने कुरामा दुईमत हुन नसक्ने तथ्य उजागर गरेका छन् । सो अध्ययनले निम्न पक्षहरुमा तालिम प्राप्त शिक्षकको कक्षा क्रियाकलाप तालिम अप्राप्त शिक्षकको भन्दा वढि प्रभावकारी देखाइएको छ ।

अतः शिक्षकहरुमा पेसागत एवम् व्यवसायिक सीप र क्षमताको समुचित विकास, कक्षा व्यवस्थापन पक्षमा- विद्यार्थीको वसाई,सरसफाई,प्रकाशको सुविधा,स्वच्छ हावाको प्रवेश, समय व्यवस्थापन पक्षमा- शिक्षण सिकाइमा लाग्ने समयको सहि प्रयोग, योजनाको तयारीका पक्षमा- शिक्षण सिकाइमा जानु अगाडी गरिने क्रियाकलापको तयारी, शिक्षण विधिको प्रयोगका पक्षमा- विद्यार्थी केन्द्रित विधि, कार्यमुलक अनुसन्धान विधि तथा समाहित शिक्षण विधिको प्रयोग, शैक्षिक सामग्रीको प्रयोगका पक्षमा- स्थानिय स्तरमा कम लागतमा पाइने र प्रयोग गर्न सहज हुने शैक्षिक सामग्रीहरु,पाठप्रतिको अग्रसरताका पक्षमा- शिक्षण सिकाइमा विषयवस्तु प्रति भरपुर जानकारी,मनोविज्ञानमा आधारित शिक्षणका पक्षमा- विद्यार्थीका रुची, चहाना, इच्छा तथा आवश्यक्ताका आधारमा शिक्षण गर्नु, सिकाइ उपलब्धिको स्तरका पक्षमा- सिकाइको प्रभावकारीताका लागि निरन्तर मूल्याङ्कन जस्ता क्रियाकलाप सञ्चालन गर्नु, व्यवस्थित र योजनावद्ध शिक्षक क्रियाकलापका पक्षमा- शिक्षण सिकाइका लागि आवश्यक योजना पूर्व तयारीको सम्पन्न गर्नु, बालकेन्द्रित शिक्षणका पक्षमा- विद्यार्थीको मनोभावनालाई बुझि वालमैत्रीपूर्ण शिक्षण सिकाइ गर्नु, विद्यार्थी मूल्यांकनका पक्षमा- विद्यार्थीको सिकाइ उपलब्धि र स्तरोन्तिको लागि प्रभावकारी क्रियाकलाप गर्ने हुनुपर्दछ । यसका लागि शिक्षक विकास कार्यक्रम (Teacher Development Programme) सञ्चालन गर्नु पर्ने हुन्छ जसले शिक्षकहरुको प्राज्ञिक, पेसागत एवं वृत्ति विकासमा समेत सहयोग पुग्दछ (DEC-2059)।

शिक्षकलाई तालिम हैन गुणस्तरिय तथा समसामयिक तालिम आवश्यक छ भनिएको छ । वर्तमान शिक्षक तालिमले कक्षा शिक्षणमा अपेक्षित सुधार गर्न नसक्नुको मुख्य कारण तालिम पाठ्यक्रम र विद्यालय तहको पाठ्यक्रम वीच तालमेल र सामञ्जस्य नहुनु हो । "नेपालमा शिक्षक तालिम" भन्ने आफ्नो लेखमा लेखकले शिक्षक तालिम र नीति निर्माण,

शिक्षक तालिम प्रदान गर्ने निकायहरु, तालिम प्राप्त शिक्षक तथा विद्यालय र शिक्षक तालिममा सहयोग गर्ने निकायहरु वारे आफ्ना भनाईहरु प्रस्तुत गर्दै तालिम प्रभावकारी नहुनमा सरकारी नीति कार्यान्वयन नहुनु, तालिम पाठ्यक्रम समसामयिक नहुनु र कार्यान्वयन प्रक्रिया सवल नहुनु भनेर किटानी गर्नु भएको देखिन्छ (श्रेष्ठ, २०६१) ।

खड्का (२०५६) ले शिक्षण प्रभावकारी र समय सापेक्ष वनाउन तालिमको महत्व अपरिहार्य भएको तथा पाठ्यक्रममा निर्दिष्ट सिकाइ उपलब्धिहरु हाँसिल गराउन र उपयुक्त मूल्याङ्कन विधिको प्रयोग गर्न शिक्षक तालिमको व्यवस्था अनिवार्य हुनु पर्ने उल्लेख गर्नु भएको छ ।

सेरिड (२०५३) द्वारा तालिम प्राप्त शिक्षकहरु र अप्राप्त शिक्षकहरुको तुलनात्मक अध्ययनमा तालिम पाएका र नपाएका शिक्षकहरुको शैक्षिक योग्यता, तालिमबाट पाएको अनुभव, कक्षामा उनीहरुको व्यवहार, प्रवृति र उनीहरुको शैक्षिक क्रियाकलापहरुका विभिन्न पक्षलाई समेटेर तुलनात्मक अध्ययन गर्दा विद्यालयको कक्षाकोठामा शिक्षण गर्ने क्रममा तालिम प्राप्त शिक्षक नै अप्राप्त शिक्षकहरु भन्दा वढि सकारात्मक देखिएको छ । त्यस्तै शै.ज.वि.के.(२०६६)तालिमको प्रभावकारिताको लागि क्षेत्रिय कार्याशालाहरुको प्रतिवेदनमा शिक्षक तालिम संचालन र तालिममा सिकेका कुराहरुको विद्यालयमा प्रयोगको वर्तमान अवस्थाको सन्दर्भमा तालिममा सिकेका कुराहरु अपेक्षित मात्रामा कार्यथलोमा प्रयोग नभएको भन्ने सरोकारवालाहरुको गुनासो रहेको, तालिम सम्वन्धी नीतिहरुमा छिटो छिटो परिवर्तन हुने गरेको, तालिम र कार्यथलोमा सामग्री प्रयोगमा कमी रहेको र तालिम पश्चात अनुगमनको व्यवस्था भएपनि व्यवहारमा नआएको भन्ने उल्लेख गरिएको छ ।

Sadler (1962) ले Training for Teaching, London मा शिक्षण कलामा निपूर्ण शिक्षकले नै प्रभावकारी शिक्षण गर्न सक्ने भएकाले तालिम प्राप्त शिक्षकले मात्र गुणस्तरिय शिक्षा प्रदान गर्न सक्दछ भनेका छन् । यसैगरी उनले शिक्षाको गुणस्तर विकासका लागि प्रत्येक शिक्षकमा विषयवस्तुको उच्च ज्ञान, शिक्षण कौशल, बालमनोविज्ञानको ज्ञान, शिक्षण सामग्री र विधिको ज्ञान हुनु पर्ने वताएका छन् (सिंह २०५६, द्वारा उदृत) ।

पूर्व अध्ययनको पुनरावलोकनले यस अध्ययनलाई तार्किक निष्कर्षमा पुऱ्याउनको लागि माथी उल्लेखित पूर्व साहित्यको पुनरावलोकनले उचाइमा वा गन्तव्यमा पुग्न सिढिं वा खुड्किलोको काम गरेको छ जसका अभावमा यो अध्ययन अधुरो हुन जान्छ ।तालिम प्राप्त

शिक्षकले गुणस्तरिय शिक्षा प्रदान गर्न र प्रभावकारी कक्षा शिक्षण गर्न अन्य तालिम अप्राप्त शिक्षकको तुलनामा धेरै सक्षम हुन्छन भन्ने उक्त अध्ययनले प्रष्ट पारिदिएको छ । शैक्षिक सामग्रीको, शिक्षक निर्देशिका, ग्रिड तथा सन्दर्भ सामग्रीको प्रयोगको माध्यमबाट पूर्व तयारीका साथ कक्षामा शिक्षकको प्रवेश हुन्छ त्यसैले दक्ष शिक्षकको निर्माण गर्न र गुणस्तरीय शिक्षा तथा प्रभावकारी शिक्षण सिकाइको लागि तालिम दिर्नु पर्छ भन्ने कुरा उक्त अध्ययनले प्रष्ट पारिदिएको छ । त्यसैले प्रभावकारी शिक्षण सिकाइको लागि पूर्व अध्ययनको पुनरावलोकनले आधारभुत तहको अथवा पूर्वाधार वा पहिलो खुड्किलोको काम गरेको छ । तर सो अध्ययनबाट दक्ष शिक्षक बन्न र गुणस्तरिय शिक्षा प्रदान गर्न पूर्व अध्ययनको पुनरावलोकनले प्रभावकारी शिक्षण सिकाइको लागि सुचना प्रविधिको प्रयोग, कक्षा व्यवस्थापन, समाहित शिक्षा कार्यक्रम, कार्यमुलक अनुसन्धान बिधिको प्रयोग, शिक्षण सिकाइमा बिद्यार्थी केन्द्रित बिधि र निरन्तर मूल्याङ्कन आदिको बारेमा ध्यान दिएको पाइएन ।यी माथिको कुराहरु उक्त पूर्व अध्ययनको पुनरावलोकनले समेट्न नसकेका पाईयो । त्यसैले त्यो अधुरो विषय वस्तुलाइ  शि.पे.वि. तालिमले पूर्णता दिएको छ । यस शि.पे.बि. तालिम लिइसके पश्चात शिक्षकले आफ्नो कक्षा शिक्षण क्रियाकलापमा माथि उल्लेखित कुराहरुमा ध्यान दिएको र ती विधिहरुको प्रयोग गरी यो अध्ययन अगाडि बढेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यसरी सम्पूर्ण लेख रचनाहरु तथा सोधपत्रहरुको विश्लेषण गर्दा सम्पूर्णको विचार, विमर्स वाट प्रभावकारी शिक्षा शिक्षण विकासको लागि तालिम प्राप्त दक्ष, शिक्षक हुनु पर्ने भन्ने कुरा प्रति एकमत देखाईएको छ । यसै अनुरुप शिक्षा, नीति दिनानुदिन परिवर्तन भई सेवाकालिन लगायत अन्य विभिन्न नामका तालिम, गोष्ठी, सेमिनार पुनर्ताजगी तालिम संचालन भईरहेको पाइन्छ । तर तालिम लिए पश्चात त्यस तालिमले शिक्षकमा पारेको प्रभाव, व्यक्तिगत, सामाजिक, पेसागत गुणको विकासको बारेमा पारेको प्रभावबारे विश्लेषण गरेको पाइदैन । तालिममा सिकेका, आर्जन गरेका कुरा कक्षाकोठामा शिक्षकले प्रयोग गरे नगरेको प्रत्यक्ष अवलोकन गरेको भने पाइदैन । त्यसैले यस्ता आवश्यकतालाई पुरा गर्न तयार पारिएको यो सोधपत्र महत्वपूर्ण तथा उपयोगी सावित हुने र अन्य भन्दा फरक रुपमा प्रस्तुत हुने मान्न सकिनेछ ।

कोइराला (२०६२) ले शिक्षक तालिमको शैद्धान्तिक खाका र आवश्यकता लाई प्रष्ट्याएका छन । उनका अनुसार गुणात्ममक शिक्षा प्रदान गर्नका लागि शिक्षक तालिम भन्ने लेखमा गुणात्मकताको अर्थ तालिमको स्वरुप पाठयकमको ढाँचा र तालिमको अपरिहार्यता राम्ररी उल्लेख गरेका छन् । उनले कार्य क्षेत्रमा पाइने सर्वोच्चता गुणात्मकता हो भन्दै गुणात्मकता प्राप्त गरी गुणस्तरिय र प्रभावकारी शिक्षण सिकाइको लागि समय र सन्दर्भ सुहाउदो शिक्षण तालिमको आवश्यक पर्ने कुरा आफ्नो लेख मार्फत स्पस्ट पारेको छन् ।

यस अध्ययनलाई विश्वसनिय र भरपर्दो वनाउनका लागि Skinner को Operant Conditioning Theroy, Pavlov को Classical Conditioning Theory र Thorndike को Trail and Error Theory हरुमा अध्ययन आधारित छ ।

स्किनरका अनुसार उत्प्रेरणाद्वारा कुनै कुरा सिक्नका लागि आतुर सिकारुले सिक्ने अनेकौ प्रयास (उत्तेजना) देखाउँछ । सम्वलनद्वारा सही प्रतिक्रियालाई उत्तेजनासँग सम्वन्धित गराउँदै गएमा सिकाइ प्रभावकारी हुन्छ । स्किनरले पिंजडामा थुनिएको भोको मुसा खानाको खोजीमा वाहिर निस्कन खोज्दा अचानक छेस्किनी दविएर खाना मुखमा आए जस्तै स्वभाविक प्रतिक्रिया (CR) स्वभाविक उद्दिपक (UCS) प्राप्त गरी खानु स्वभाविक प्रतिक्रिया (UCR) हो भनेका छन् । त्यस्तै सफलता पूर्ण प्रयासले मुसा भोकाउने वित्तिकै पुनः छेस्किनी दवाउन पुगे झै बालक चकलेटको आशामा निरन्तर हिसाव गर्ने अभ्यासमा लाग्दछ । (शर्मा एण्ड शर्मा, २०६०,द्वारा उदृत) ले The concept of the reflex in the description of behaviour भन्ने शोधपत्रमा मानविय व्यवहारमा पनि परेवा र मुसामा जस्तै Reinforcement दिदै जाँदा निरन्तर अभ्यास भएमा बालबालिकाहरुले रुचाएको प्रतिक्रियालाई उत्तेजनासँग सम्वन्ध स्थापित गरेर सिक्ने वा सिकाउने प्रक्रिया हुन्छ भन्ने व्यक्त गरेका छन् । यसमा पुनर्वल (Reinforcemnt) को प्रयोग गरी प्राणीलाई प्रतिक्रिया गर्न उत्प्रेरित गरेको पाइन्छ ।

यस सिद्धान्तलाई शिक्षक तालिमको क्षेत्रमा प्रयोग गरी शिक्षकको व्यवहार निर्माण तथा गुणात्मक र भरपर्दो परिवर्तन गराउन सकिन्छ । यसै अनुरुप आज शिक्षक तालिमको क्षेत्रमा Behaviour modification technique तथा Reinforcement approach प्रयोगमा आएको पाइन्छ । यस सिकाइ सिद्धान्तमा सिकाइ प्रक्रियालाई सफल वनाउन उत्तेजना र प्रतिक्रियाको सम्वन्ध स्थापित गरी विद्यार्थीको गुणात्मक विकासमा शिक्षक तालिमको

आवश्यकता भएको आफ्नो अध्ययनलाई यस ढाँचामा आधारित गराई विश्लेषण गरिएको हो ।

प्याभलभका अनुसार घण्टीको आवाज सुन्दा कुनै वास्ता नगर्ने कुकुरलाई घण्टीको आवाजसँगै मासु खान दिँदा लामो अभ्यास पछि घण्टीको आवाज सुन्न वित्तिकै र्‍याल काड्ने र खानेकुरा खोज्ने वनाए झै प्रशंसा वा पुरस्कारको लोभमा वच्चाबाट पनि साँकेतिक सिकाइ गराउन सकिन्छ । जहाँ स्वभाविक प्रतिकया (UCS) लाई अस्वभाविक प्रतिकया (CS) सँग प्रस्तुत गरी अस्वभाविक प्रतिक्रिया (CR) गर्न वाध्य पारिन्छ (शर्मा निर्मला र शर्मा चिरञ्जीवी, २०६४, द्वारा उदृत) ।

यसै सिद्धान्तको आधारमा आज शिक्षक तालिमको क्षेत्रमा Conditioning Approach प्रयोग गरिएको पाइन्छ । यो सिकाइ सिद्धान्त अनुसार सिकाइ गराउन तालिम प्राप्त शिक्षकको आवश्यक पर्दछ । तसर्थ यो अध्ययनलाई यस सिद्धान्तको ढाँचामा राखेर विश्लेषण गरिएको छ ।

Thorndike का अनुसार स्नायुहरुले मष्तिस्कमा सन्देश (सूचना) दिएपछि स्थापना भएको सम्वन्धबाट सिकाइ हुन्छ । उनले सिकाइलाई मनोवैज्ञानिक यान्त्रिक प्रक्रिया मानेका छन् । उनले उत्तेजना र प्रतिक्रिया बीच स्नायुहरुको सम्वन्धमा आधारित सिकाइ सिद्धान्तलाई प्रयत्न र भूल सिकाइ सिद्धान्त भनेका छन् । उनका अनुसार धेरै समय सम्म प्रयत्न गर्दै जाँदा संवेगहरु वलिया भई असफल संवेगलाई हटाउँछ र सफल संवेगहरु मानविय व्यवहारमा लागु हुन्छ । एउटा Puzzlle Box मा ५ दिनसम्म भोकै राखिएको विरालोले क्रमशः सुधारात्मक प्रतिक्रिया देखाउँछ, (भट्टराई,२०६१) व्यक्तिले कार्य गर्दै जाँदा भूलहरु हट्दै जान्छन् भन्ने कुराहरुलाई जोड दिइएको छ । जस अनुरुप शिक्षक तालिमको क्षेत्रमा Law of Practice को प्रयोग सँग सँगै पुरस्कार (Reward) र दण्ड (Punishment) को प्रयोगलाई व्याख्या गरिएको छ । जसमा दण्ड भन्दा पुरस्कार वढि उपयोगी हुने कुरामा जोड दिइएको छ । अन्त्यमा विना गल्ती एकै पटकमा विरालोले ढोका खोली माछा खान सफल भए झै कक्षा कोठाको शिक्षण सिकाइमा पनि यस्ता सफल व्यवहार देखिने र सो का लागि तालिम प्राप्त शिक्षक आवश्यक पर्ने हुँदा अध्ययनलाई यस सिद्धान्तमा आधारित गराई विश्लेषण गरिएको छ ।

समग्रमा मैले यस अध्ययनको सैद्धान्तिक ढाँचा बाट शिक्षकको पेसागत विकास तालिम लिन अगाडी र तालिम  लिइ सके पछी कक्षाकोठा शिक्षणमा आएको परिवर्तन र सो को सकरात्मक प्रभावको बिभिन्न शिक्षण कियाकलाप, कक्षा व्यवस्थापन, व्यवहार आदि पक्षको अध्ययनलाई यी तीनवटै सैद्धान्तिक मान्यतालाई मध्यनजर गरी कक्षाकोठा तथा बिद्यालय हाता लगायत अन्य भेटघाट छलफल अन्तरवार्ताको बेलामा अध्ययन गरिएको छ । विद्यालय तथा शि.पे.वि तालिम सँग सम्वन्धित विभिन्न सरोकारवालाहरु सँग छलफल गरिएको छ । जसबाट शि.पे.वि.तालिम प्राप्त शिक्षकलाई कक्षा कोठा शिक्षणमा प्रभावकारिताको लागि त्यहांको सामाजिक,आथिक,राजनैतिक र सांस्कृतिक मान्यताले के कस्तो प्रभाव पारेको छ भन्ने कुराको पनि बिश्लेषण गरिएको छ । यस अध्ययनमा शि.पे.वि तालिमको सिक्षण सिकाइमा देखिएको प्रभावको अध्ययनको लागि सिकाइका ३ वटै सिद्धान्त ले यो अध्ययनलाई निष्कर्षमा पुऱ्याउनको लागि सहयोगीको भूमिका निर्वाह गरेको छ साथै शिक्षण सिकाइमा शिक्षकको पेसागत विकासकोलागि आवश्यक पर्ने अँशहरु मध्येको पूर्वाधारको काम गरेको छ । शिक्षण सिकाइलाइ पूर्णता दिनको लागि शिक्षकलाइ तालिमको आवश्यक्ता पर्छ त्यसैले परिवर्तित पाठ्यक्रम तथा पाठ्यपुस्तककोलागि शिक्षण सिकाइको माँगलाइ पुरा गर्नकालागि र प्रभावकारी शिक्षण सिकाइ गर्न माथि उल्लेखित सिद्धान्तले थप बल प्रदान गरेको छ ।

यसरी यस अवधारणाको शैद्धान्तिक खाकाको अध्ययनमा रहेका बिद्यार्थी, शिक्षक, अभिभावकको दृष्टिकोणलाई समेत थप विश्लेषण गरिएको छ । त्यस बिश्लेषणलाई पुष्टि तथा खण्डन गर्ने कममा आफ्नो दृष्टिकोण लाई समेत जोडिएको छ । यसरी प्रभावकारी शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभावकारिताको विश्लेषण गर्ने अवधारणात्मक खाका बनाई अध्ययन गरिएको छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

शिक्षकको पेसागत विकास कार्यक्रम तालिमले माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. कार्यक्रमको प्रभाव वारे अध्ययनमा उपरोक्त लेख रचनाहरु र सोध पत्रहरुले यस अध्ययनलाई मार्ग निर्देशन गर्न सहयोग गरेको छ । यस अध्ययन संग सम्वन्धित पूर्व साहित्यको अवलोकन अध्ययन गर्ने क्रममा उल्लेख गरिएका शोध, प्रकासित,अप्रकासित लेख, रचना, तालिम कार्यक्रमहरुको नाम तथा शिर्षक थोरै मात्र मिलेतापनि प्रस्तुत अध्ययन

अनुसन्धान गर्ने क्रममा ढाँचा, व्याख्या विश्लेषण गर्ने तरिका र तथ्याङ्कको प्रस्तुतीकरण गर्ने ढाँचामा सहयोग पुगेको छ । साथै यस अध्ययनमा उल्लेखित लेख रचना तथा शोधपत्रले शि.पे.वि. कार्यक्रमले माध्यमिक तहको शिक्षण सिकाइको प्रभाव वारे अध्ययन गर्न तथा शि.पे.वि.तालिम प्राप्त शिक्षको शिक्षण सिकाइमा सिकाइ सम्बन्धि उच्च ज्ञान, शिक्षण कौशल, बालमनोबिज्ञानको ज्ञान, शैक्षिक सामग्री र विधिको ज्ञान व्यवहारमा कतिको प्रयोग भएको छ पत्ता लगाउन सजिलो पार्ने काम गरेको छ  साथै शि.पे.वि. तालिम प्राप्त शिक्षकले प्रभावकारी शिक्षणको लागि कक्षाकोठामा गर्ने  व्यवहारको खोज गर्ने छ । शिक्षकले कक्षाकोठा शिक्षणमा कक्षा व्यवस्थापन, विद्यार्थी प्रतिको व्यवहार, समाहित शिक्षण, कार्यमुलक अनुसन्धान विधि तथा शिक्षणमा विद्यार्थी केन्द्रित विधि, विद्यार्थीको रुचि, चाहाना, आवश्यकताको पहिचान गर्ने तथा निरन्तर मूल्यांकन विधि अपनाएको छ छैन सो अध्ययन गर्न मद्धत गर्ने छ र त्यसमा रहेको  आफ्ना कमी कमजोरी सुधार गर्न तथा प्रभावकारी शिक्षण सिकाइको लागि थप नमूनाको रुपमा शिक्षण गर्नका लागि प्रेरणा प्रदान गर्नेछ ।

यसरी समग्र रुपमा सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकावाट शिक्षकको पेसागत विकास तालिम कार्यक्रमले माध्यमिक तहको शिक्षण सिकाइमा पारेका प्रभाव वारे अध्ययन अनुसन्धान गर्नमा महत्वपूर्ण वल पुगको छ ।

# एकाइःतीन

## अध्ययन विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ । कुनै अवस्था, घटना, प्रक्रिया तथा समस्याको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्यिक तथ्याङ्कहरुलाई तार्किक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ (खनाल,२०६६)। यस अध्ययनमा माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्रमले पारेको प्रभाव र सो को अवस्था र परिवर्तनका वारे विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । अध्ययनको उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अन्तर्वार्ता, छलफल, अवलोकन जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त सूचनाहरुलाई शाब्दिक रुपमा ब्याख्या र विश्लेषण गर्दै निष्कर्षमा पुग्न यस अध्ययनमा गुणात्मक तथा मिश्रित अनुसन्धान ढाँचा अपनाइएको छ ।

### ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट

यस अध्ययनका लागि ताप्लेजुङ जिल्लाको खोक्लिङ स्रोत केन्द्र अन्तर्गत रहेका पाँच वटा समुदायिक विद्यालयहरु श्री मोती उ.मा.वि. खोक्लिङ, श्री पृथ्वी उ.मा.वि. खाम्लुङ, श्री लक्ष्मी मा.वि. लिङ्तेप, श्री रविकला मा.वि. सावादिन र श्री पञ्चेश्वरी मा.वि. लिवाङका गरी जम्मा ३६ जना व्यक्तिहरु लाई नमुना जनसंख्या छनोट गरिएको थियो । त्यसमध्ये सम्भावना रहित नमूना छनोट विधिबाट ५ विद्यालयका ५ जना प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ५ जना सहित जम्मा १० जना पदाधिकारी छनौट गरिएको थियो । पाँच वटै विद्यालयका शिक्षकहरु मध्येबाट श्री मोती उ.मा.वि. खोक्लिङबाट मा.वि. तहमा अध्यापनरत शि.पे.वि. तालिम प्राप्त २ जना, श्री पृथ्वी उ.मा.वि. खाम्लुङबाट मा.वि. तहमा अध्यापनरत शि.पे.वि. तालिम प्राप्त २ जना, लक्ष्मी मा.वि. बाट माध्यमिक तहको शि.पे.वि. तालिम प्राप्त १ जना र रविकला मा.वि. बाट माध्यमिक तहका शि.पे.वि.तालिम प्राप्त १ जना पर्ने गरी ६ जना शिक्षकहरु, त्यस्तै सम्बन्धित विद्यार्थीको अभिभावक

मध्येबाट प्रत्येक विद्यालयवाट दुई दुई जना अभिभावकहरु र प्रत्येक विद्यालयबाट २/२ जनाको दरले मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरुलाई छनौट गरिएको थियो ।

**तालिका १**

**छनौट गरिएको स्रोतकेन्द्र, विद्यालय, मा.वि. तहका शिक्षक, अभिभावक र विद्यार्थी संख्या**

| क्र.सं. | स्रोतकेन्द्र | विद्यालयको नाम, | प्र.अ. संख्या | शिक्षक संख्या | वि.व्य.स. संख्या | अभिभावक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मोती उच्च मा.वि. खोक्लिङ ताप्लेजुङ | मोती उच्च मा.वि. | १ | २ | १ | २ | २ |
| २ | | पृथ्वी उच्च मा.वि. | १ | २ | १ | २ | २ |
| ३ | | लक्ष्मी मा.वि. | १ | १ | १ | २ | २ |
| ४ | | रविकला मा.वि. | १ | १ | १ | २ | २ |
| ५ | | पञ्चेश्वरी मा.वि. | १ | | १ | २ | २ |
| | | **जम्मा** | **५** | **६** | **५** | **१०** | **१०** |

शोध अध्ययन कार्य व्यापक क्षेत्र र जनसंख्यामा गर्न सकिदैन त्यसैले यस अध्ययनमा पनि प्राविधिक र व्यवहारिक दृष्टिकोणमा उपयुक्त हुने गरी नमुना छनोट प्रक्रिया अपनाउनु पर्ने हुन्छ । सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्नेगरी जनसंख्याबाट झिकिएको प्रतिनिधिमूलक अंश नमूना हो । जुन स्तरिकृत नमुना छनौट विधिको प्रयोगगरी प्रतिनिधिमुलक र उद्धेश्यमुलक नमुना छनौट विधि बाट छनौट गरिएको छ । अनुसन्धानकर्ताले अध्ययन क्षेत्रमा रहेको सम्पूर्ण जनसंख्याको अध्ययन गर्न असम्भव भएको अवस्थामा अध्ययनलाई पुरा गर्न निश्चित नियमको आधारमा प्रतिनिधि जनसंख्याको नमुना लिनु आवश्यक हुन्छ (Best & Kahn, 2008) । असमान गुण भएका एकाइहरुको जनसंख्याबाट सबै एकाइहरुको प्रतिनिधित्व हुनसक्ने गरी नमुना छनौट गर्न स्तरीकृत नमुना छनौट विधिको प्रयोग गरिन्छ (

खनाल, २०६६) । यस अनुसन्धानमा सामुदायिक विद्यालय मध्येबाट स्तरीकृत नुमना छनौट विधिको प्रयोग गरी खोक्लिङ स्रोत केन्द्र अन्तर्गतका २ वटा उ.मा.वि.का मा.वि तह र ३ वटा माध्यमिक विद्यालय गरी ५ वटा विद्यालयलाई छनौट गरिएको छ ।

अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दैछ सो अध्ययनको परिपूर्तिका लागि आफ्नै वुद्धि विवेकद्धारा नमूना छनोट गर्ने विधि नै उद्देश्यमूलक नमूना छनौट विधि हो ( उही) । यस अध्ययनमा ताप्लेजुङ जिल्लामा रहेको खोक्लिङ स्रोतकेन्द्र अन्तर्गतका पाँचवटा सामुदायिक विद्यालयका प्र.अ. पाँच जना र वि.व्य.स. अध्यक्ष ५ सहित १० जनालाई सम्भावना रहित नमुना छनौट विधि अन्तर्गतको उद्देश्यमुलक नमुना छनोट विधिको प्रयोग गरी छनोट गरिएकोछ ।

शिक्षकको नमुना छनोटका लागि संभावनामा आधारित सामान्य संभावनायुक्त नमुना छनोट विधिको प्रयोग गरी छनोटमा परेका ५ विद्यालयबाट ६ जना शि.पे.वि. तालिम प्राप्त शिक्षक छनोट गरिएको छ । अध्ययनका लागि छनोट गरिने नमुना जनसंख्याको छानिने सम्भावना बराबर रहेको अवस्थामा सामान्य सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरिन्छ (Best & Kahn, 2008) ।

अभिभावक तथा स्थानिय वुद्धिजीविबाट दुई दुई जना पर्ने गरी जम्मा १० जना अभिभावक तथा स्थानिय वुद्धिजीवि वाट छनौट गरिएको छ साथै छनौटमा परेका विद्यालयहरुबाट माध्यमिक तहमा अध्ययनरत विद्यार्थी दुई दुई जनाको दरले जम्मा १० जना छनोट गरिएको छ । अनुसन्धानकर्ताले आफूलाई जुन नमुना छनोट गरी अनुसन्धान गर्न सजिलो ठान्छ र तिनै नमुना छनोट गर्छ भने त्यस्तो विधिलाई सुविधाजनक नमुना छनोट विधि भनिन्छ । यस्तो छनोटमा अनुसन्धानकर्ताको जानकारीमा रहेका निश्चित एकाइहरु मात्र छानिन सक्छन (खनाल, २०६०) । छनोट गरिएको विद्यालय र सम्बन्धित नामावली अनुसूची १ मा राखिएको छ ।

## ३.२.१ अध्ययन क्षेत्रको नमुनाको आकार

तालिका २

नमुना छनोट तालिका

| क.सं. | विवरण | कुल जनसंख्या | नमूना छनोट प्रक्रिया | नमूना छनोट जनसंख्या |
|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग जिल्लाका स्रोतकेन्द्रहरु | १४ | सम्भावनायूक्त विधि अन्तर्गत चिठ्ठा पद्धति | १ |
| २ | अभिभावकहरु (खोक्लिङ स्रोत केन्द्र) | १० | उद्देश्यपूर्ण नमूना छनोट | १० |
| ३ | विद्यार्थीहरु (खोक्लिङ स्रोत केन्द्र) | १० | अन्तरवार्ता | १० |
| ४ | शि.पे.वि.तालिम लिएका मा.तहका शिक्षकहरु (खोक्लिङ स्रोत केन्द्र) | ६ | उद्देश्यमुलक | ६ |
| ५ | खोक्लिङ स्रोतकेन्द्रमा सञ्चालित माध्यमिक विद्यालयहरु | ५ | सम्भावनायुक्त विधि अन्तर्गत चिठ्ठा पद्धति | ५ |
| ६ | खोक्लिङ स्रोतकेन्द्रका माध्यमिक विद्यालयहरुका वि.व्य.स. अध्यक्षहरु | ५ | सम्भावनायुक्त विधि अन्तर्गत चिठ्ठा पद्धति | ५ |
| ७ | प्र.अ.हरु (खोक्लिङ स्रोत केन्द्र) | ५ | उद्देश्यमुलक | ५ |
| ८ | प्रशिक्षकहरु (खोक्लिङ स्रोत केन्द्र) | २ | उद्देश्यमुलक | २ |
| ९ | श्रोतव्यक्ति (खोक्लिङ स्रोत केन्द्र) | १ | उद्देश्यमुलक | १ |
| | **जम्मा** | **५८** | | **४५** |

### ३.३ तथ्याङ्कका स्रोतहरु

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्याङ्क, प्रमाण जानकारी तथा आंकडालाई तथ्याङ्क भनिन्छ त्यस्तै अनुसन्धानलाई पुरागर्न आवश्यक पर्ने कच्चा पदार्थलाई तथ्याङ्क भनिन्छ (खनाल २०६६: ७४) । यस अध्ययनमा निम्न स्रोत बाट तथ्याङ्क प्राप्त गरिएको छ ।

यो अध्ययन पूरा गर्नका लागि विभिन्न नमूना प्रश्नावलीहरु, अवलोकन फाराम, अन्तर्वार्ता सूची, भेटघाट, तथा अन्तरक्रियाबाट विभिन्न तथ्याङ्कहरु प्राप्त गरिएका छन् । विद्यालयबाट प्राप्त अभिलेखहरु पनि अध्ययनको स्रोत वनेका छन् । यो अध्ययन व्याख्या र विश्लेषण वाट तयार पारिएको छ । अध्ययनका लागि तयार पारिएका प्रश्नावली अध्ययनकर्ता स्वयम् फिल्डमा गएर भर्न लगाई तथ्य प्रमाण खोजेको छ । त्यस्तै तथ्याङ्क सङ्कलन गर्ने क्रममा सोधकर्ता स्वयम् अध्ययन क्षेत्रमा गएर अवलोकन गरी विद्यालयका शि.पे.वि.तालिम लिएका शिक्षकहरु, प्रधानाध्यापक, वि.व्य.स.का अध्यक्ष, अभिभावक, वालवालिका सवै पक्षसँग अन्तर्वार्ता लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतलाई उपयोग गरी सत्यतथ्य सूचनाहरु प्राप्त गरिएको छ । प्राप्त तथ्याङ्कलाई सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षबाट व्याख्या विश्लेषण गरिएको छ ।

यो अध्ययनलाई पूरा गर्न तथ्याङ्क सङ्कलन प्रक्रियामा प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, रुजुसूची जस्ता साधनको प्रयोगबाट शि.पे.वि.तालिमको शिक्षणमा देखिएको प्रभावको अवस्थाको अध्ययन गरिएको छ । नमुना छनोटको लागि छानिएको विद्यालयहरुसँग सम्वन्धित शि.पे.वि. तालिम प्राप्त शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थीसँग भेटघाट, छलफल र प्रश्नावली प्रयोग गरी सम्वन्धित क्षेत्रमा अध्ययनकर्ता आफै गई अवलोकन गरी अध्ययन कार्य पूरा गरिएकोछ । अध्ययनका क्रममा विद्यालय र जि.शि.का. ताप्लेजुङको अभिलेखलाई समेत समेटिएकोछ । प्रयोग गरिएको प्रश्नावलीहरु, अनुसूची र रुजुसूचीमा समावेश गरिएका छन् ।

#### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता द्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अन्तर्गत पर्दछन् । यस अध्ययनमा नमुना छनौटमा परेका व्यक्तिहरुबाट अन्तर्वार्ता,

प्रश्नावली, प्रत्यक्ष अवलोकन र समूह छलफलबाट प्राप्त सूचनालाई प्राथमिक स्रोत अन्तर्गत राखिएको छ ।

### ३.३.२ सहायक स्रोत

अनुसन्धानको सिलसिलामा पूर्व प्रकासित तथा संकलित तथ्याङ्कहरुलाई द्धितीय वा सहायक स्रोत भनिन्छ । यस अध्ययनमा सम्बन्धित विद्यालयको Flash I, विद्यालय तथ्याङ्क विवरण फारम, अभिभावक भेलाको निर्णय पुस्तिका, विद्यालयका अन्य सम्बन्धित दस्तावेज अभिलेखहरु तथा विभिन्न शोध, लेखरचना, आयोगका प्रतिवेदन आदिबाट प्राप्त तथ्याङ्कलाई सहायक तथ्याङ्क मानिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु

पूर्व निर्धारित उद्देश्य पुरा गर्न यस अध्ययनमा अन्तर्वार्ता अनुसूची, प्रश्नावली, समूह छलफल, दस्तावेज पुनरावलोकन, अवलोकन फारम जस्ता साधनहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न छुट्टा छुट्टै अन्तर्वार्ता अनुसूची तयार गरिएको छ । वि.व्य.स. अध्यक्ष र शिक्षकहरुबाट आवश्यक जानकारी तथा तथ्याङ्क संकलन गर्न छुट्टा छुट्टै प्रश्नावली साथै समूह छलफलका लागि निर्देशिका तयार गरिएको थियो । प्रयोग गरिएका तथ्याङ्क संकलनका साधनलाई यहाँ छोटकारीमा उल्लेख गरिन्छ ।

### ३.४.१ अन्तर्वार्ता सूची

अन्तर्वार्ताका लागि लिखित रुपमा तयार गरिएको प्रश्नहरुको सूचीलाई अन्तर्वार्ता अनुसूची भनिन्छ । जसलाई अन्तर्वार्ताकार स्वंयले उत्तरदाताको मुखामुख भएर सोध्ने र प्राप्त उत्तर टिपोट गर्ने गर्दछ । अन्तर्वार्ताकार आफैले उत्तर टिप्ने हुँदा यो विधि बढि विश्वसनीय हुने र यसबाट सहि सूचना प्राप्त हुने विश्वास गरिन्छ (खनाल,२०६० :८१) । यस अध्ययनमा नमुना जनसंख्या भित्रका प्र.अ. र वि.व्य.स. अध्यक्षबाट आवश्यक सूचना लिन छुट्टा छुट्टै अन्तर्वार्ता अनुसूची तयार गरी उत्तरदाताबाट प्राप्त उत्तरलाई टिपोट गरिएको थियो । जुन स्तरिकृत तथा प्रतिनिधि मुलक नमुना छनोट विधिका आधारमा चिट्ठा पद्धति द्धारा

उद्धेश्यमुलक अध्ययनसँग सम्वन्धित स्रोतव्यक्ति, विद्यालयको प्र.अ., वि.व्य.स.अध्यक्षहरु, अभिभावकहरु, शि.पे.वि.तालिम लिएका शिक्षकहरु तथा अध्ययनरत विद्यार्थीसँग प्रत्यक्ष भेटघाट, कुराकानी, प्रश्नोत्तर, अन्तरवार्ता तथा कक्षा अवलोकन आदि क्रियाकलाप संचालन गरिएको थियो जसलाई अनुसूची २ देखि ८ मा समावेश गरिएको छ ।

### ३.४.२ प्रश्नावली

उत्तरदाताले खुल्ला रुपमा आफ्नो विचार व्यक्त गर्न पाउने खालका प्रश्नहरु समावेश भएको प्रश्नावलीलाई खुला प्रश्नावली भनिन्छ । यस्तो प्रश्नावलीमा आफ्नै भाषाशैलीमा स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर जवाफ दिन सकिन्छ (खनाल २०६६ :११९) । यस अध्ययनमा नमुना छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष, अभिभावक सदस्य, प्र.अ., स्रोतव्यक्ति, रोष्टर, शिक्षक र विद्यार्थी बाट आवश्यक सूचना लिन प्रश्नावलीको प्रयोग गरिएको थियो । प्रश्नावली उत्तरदाता सामु आफैंले भेटेर दिइयो । जसलाई अनुसूची ३ देखि ८ सम्ममा समाबेस गरिएको छ ।

### ३.४.३ कक्षा अवलोकन

वास्तवमा शिक्षण गर्नु भनेको विद्यार्थीको अपेक्षित व्यवहारमा परिवर्तन ल्याउनु हो । कुनै पनि शिक्षकले पाठ्यपुस्तकमा दिएको विषयवस्तु कक्षामा उभिएर एकहोरो रुपमा भन्दैमा त्यसलाई प्रभावकारी शिक्षण मानिदैन । प्रभावकारी शिक्षण हुनको लागि त शिक्षण सिकाइ क्रियाकलापले विद्यार्थीको व्यवहारमा समुचित परिवर्तन ल्याउन सक्नु पर्छ । शि.पे.वि.तालिममा सिकेका ज्ञान, सीप, धारणाहरु शिक्षकले कक्षाकोठामा प्रयोग गरे, नगरेको अध्ययनकर्ता स्वंम कक्षाकोठमा उपस्थित भएर हेर्नुपर्ने हुन्छ जसलाई कक्षा अवलोकन भनिन्छ । कक्षाकोठा नै शिक्षकको तालिमम प्राप्त ज्ञान, सीप, धारणा प्रयोगगर्ने मूख्य थलो भएकाले शिक्षण सिकाइमा शि.पे.वि. तालिमको उद्धेश्य पूरा गरे,नगरेको तथा सो को शिक्षण सिकाइका कस्तो प्रभाव पर्‍यो अध्ययन गर्न कक्षा अवलोकनले अध्ययनकर्तालाई मद्धत गरेको छ । त्यसैले अपेक्षित उद्देश्य प्राप्ती भएमा मात्र त्यसलाई असल र प्रभावकारी शिक्षण भन्न सकिन्छ वास्तवमा शिक्षण भनेको विषय वस्तु, शैक्षिक सामग्री शैक्षिक वातावरण, भौतिक तथा कक्षाकोठाको समुचित वातावरणका साथ विभिन्न शिक्षण विधि प्रयोग गर्दै शिक्षक र विद्यार्थी द्वारा गरिने अन्तरक्रियात्मक क्रियाकलाप भएकाले कक्षाकोठा शिक्षणमा तालिम

प्राप्त तथा योग्य शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले शि.पे.वि. तालिम प्राप्त शिक्षकहरुको माध्यमिक तहको कक्षाकोठा शिक्षण सिकाइमा परेको प्रभावको वास्तविक स्थिति पहिचान गर्न कक्षाको सम्पूर्ण पक्षको अध्ययन गर्ने उद्देश्यले अवलोकन फारम तयार गरी प्राप्त विषयवस्तुलाई तुलनात्मक अध्ययन गरिएको छ । जसको नमुना अनुसूची २ मा समावेस छ ।

### ३.४.४ लक्षित समूह छलफल

समूह छलफल विधिबाट निर्धारित विषयमा छलफल गरी गुणात्मक तथ्याङ्कहरुको संकलन गरिन्छ । "समूह छलफल विधिको सहयोगमा सामान्य रुपमा सतहमा देखिएका अवस्था र परिसूचकहरुको अन्तरतहसम्म पुगेर कारणहरुको खोजी गरिन्छ" (उप्रेती, २०६६:८६, पौडेल, २०६७ बाट उदृत) । प्रस्तुत अध्ययनमा अगल-अलग विद्यालयमा शिक्षक, विद्यार्थी, वि.व्य.स.का पदाधिकारी, अभिभावक, स्थानिय समाजसेवी र बद्धिजिविहरुसँग छलफल गरिएको थियो । समुदाय छलफलमा विद्यालयको माध्यमिक तहमा शि.पे.वि. तालिम प्राप्त शिक्षकहरुले कक्षाकोठामा गरेको शिक्षण,सो बाट प्राप्त प्रभाव,शिक्षण सिकाइमा आएका तत्कालिन समस्याको समाधानमा प्र.अ.,वि.व्य.स. तथा अभिभावकहरु र विद्यार्थीहरुले शिक्षकलाई गर्ने सहयोग, विद्यालयको भौतिक,आर्थिक स्रोत र अन्य समस्याका कारणहरुवाट शैक्षिक व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न गर्नुपर्ने कार्यहरु तथा शि.पे.वि.तालिम आएपछि सिकाइमा देखिएका परिवर्तन सो को प्रभावका वारेमा छलफल केन्द्रित थियो ।समूह छलफलले अवलोकन र अन्तर्वार्ताबाट प्राप्त जानकारीलाई प्रमाणिकरण गर्न थप सहयोग गऱ्यो ।यसकालागि निर्माण गरिएको प्रश्नावली अनुसूची ३ मा समावेस गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि नमुना छनौटमा परेका विद्यालयमा स्वयं अनुसन्धानकर्ता पुगेर प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क संकलन गरिएको छ । सर्वप्रथम प्रत्येक विद्यालयका प्र.अ. र शिक्षकहरुलाई सामुहिक रुपमा अध्ययनको उद्देश्य स्पष्ट पारी प्र.अ.बाट आवश्यक अनुमती लिएर अन्तर्वार्ता अनुसूची अनुरुप प्रश्नहरु गर्दै आएको जवाफलाई टिपोट गरिएको थियो भने वि.व्य.स. अध्यक्ष र अभिभावकहरुलाई प्र.अ.ले नै आवश्यक जानकारी सहित

विद्यालयमा आउन सूचना गरिदिएका थिए । अध्यक्षबाट जानकारी लिन प्र.अ. सँग लिइएकै विधि अपनाइयो भने शिक्षक र वि.व्य.स.अध्यक्षहरु तथा अभिभावकहरुलाई अनुरोध सहित प्रश्नावली भराइएको थियो ।

तालिम प्रशिक्षक, स्रोत व्यक्ति,शिक्षक अभिभावक सदस्य, स्थानिय समाजसेवी, शिक्षाप्रेमीहरु तथा विद्यार्थीहरुसँग विद्यालय परिसर भित्रै छुट्टा छुट्टै समूहमा छलफल गरिएको थियो । समूह छलफलमा एक पटकमा एउटा मुद्धा/सवाल प्रस्तुत गरी माध्यमिक तहको कक्षाकोठा शिक्षण सिकाइमा शि.पे.वि.तालिम प्राप्त शिक्षकले पारेको प्रभाव,सिकाइमा देखिएको समस्या र सो को तत्कालिन समाधान वारे अलग-अलग सहभागीहरु संगको प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोट गरी अर्को मुद्धा/सवालमा क्रमशः प्रस्तुत गरी समूह छलफल सम्पन्न गरिएको थियो ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो । यो अध्ययन गुणात्मक भएकोले अनुसन्धान प्रश्न र उद्देश्यमा केन्द्रित रहि नमुना छनौटमा परेका जनसंख्यासँग गरिएको अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल, दस्तावेज पुनरावलोकन, अवलोकन फारम जस्ता प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कलाई अध्ययनको उद्देश्यअनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । उक्त समूह भित्र आएका मुख्य गुणात्मक तथा परिमाणात्मक सूचनाहरुलाई विषय  प्रकृति र क्षेत्र अनुसार उपसमूह बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

यसरी वर्गीकृत गरिएका तथ्याङ्कलाई पुर्वस्थापित सिद्धान्त र साहित्यसँग जोडेर  विश्लेषण गर्दै निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा शि.पे.वि.तालिम प्राप्त शिक्षकले विद्यालयको कक्षाकोठा शिक्षण प्रक्रियामा पारेको प्रभाव तथा शिक्षण सिकाइमा आएको समस्याको समाधानमा वि.व्य.स. तथा अभिभावकले खेलेको भूमिका, शिक्षण सिकाइ पक्षमा विद्यालयमा देखिएको परिवर्तन, शैक्षिक अवस्थामा त्यस प्रकियाले पारेको प्रभाव, विद्यालयको भौतिक स्रोत व्यवस्थापन,शिक्षण सिकाइमा देखिएका समस्याको समाधानका उपायका बारेमा विश्लेषण गरिएको छ ।

# एकाइःचार

# नतिजा विश्लेषण

## ४.१ शिक्षण सिकाइमा पेसागत विकासको अवस्था

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाई विद्यार्थीहरुको व्यवहारमा स्थायी परिवर्तन ल्याउनको लागि कक्षाकोठा तथा बाहिरको वातावरणको उचित व्यवस्थापन गरी शिक्षण सिकाइ क्रियाकलाप गर्नमा शिक्षकको अहंम भूमिका रहन्छ र सो कार्यका लागि एउटा शिक्षकका व्याक्तिगत गुण सामाजिक गुण र प्राज्ञिक वा शैक्षिक गुणहरु प्रर्याप्त मात्रामा हुनु पर्छ भन्ने कुरा शिक्षा ऐन, नियमावली तथा शिक्षा सम्बन्धि सम्पूर्ण लेख रचनामा उल्लेख गरिएको पाइन्छ । शिक्षकलाई प्रतिभाशाली, अनुभवी तथा विषयबस्तु र शिक्षण कार्यमा दक्ष बनाउनका लागि पेसागत तालिम लगायतका शिक्षक तालिमको आवश्यकता पर्दछ । नेपालको हालैको शिक्षा नीति अनुरुप एक्काइसौं शताब्दिको विश्व परिस्थिती अनुसारको सूचना, संचार तथा प्रविधिको विकास संगै आएको शैक्षिक परिवर्तन संग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नका लागि र नविनतम् शिक्षामा देखापरेका परिवर्तनलाई ग्रहण गरी शिक्षण गर्न तालिमले सहयोग पुऱ्याएको पाइयो । जसका लागि शिक्षकहरुलाई विभिन्न प्रकारको तालिम लगायत पुनर्ताजगी तालिम समय-समयमा दिलाउनु पर्ने देखिन्छ । शिक्षकको पेसागत विकास तालिमले शिक्षकलाई कक्षाकोठा लगायत बाहिरीको उचित वातावरणको तयार गरी शिक्षण सिकाइको लागि दक्ष, सिपालु तथा अनुभवी बन्नमा मद्दत पुऱ्याएको पाइएको छ । प्रभावकारी शिक्षण सिकाइको लागि तालिम प्राप्त शिक्षक मात्र भएर नपुग्ने पाइयो भने सो कार्यलाई सहयोग पुऱ्याउको लागि अध्ययन कर्ताले प्रत्यक्ष स्थलगत अवलोकन वाट प्राप्त गरे अनुसार कक्षा कोठा शिक्षणमा विद्यार्थीलाई सरल, चुस्त दुरुस्त तथा कठिन विषयवस्तुलाई सरल तरिकाले सिकाइ गर्न र विद्यालयमा उपलब्ध सवै खाले शैक्षिक सामग्रीहरुलाई उपयुक्त वातावरणको सिर्जना गरी प्रयोग गर्न प्रभावकारी शिक्षणमा शि.पे.वि तालिमको भूमिका रहेको पाइयो ।

### ४.१.१ शिक्षकको दक्षतामा अभिवृद्धि

शि.पे.वि. तालिम प्राप्त गरेपछि शिक्षण कार्यमा शिक्षकको दक्षतामा वृद्धि भएको कक्षा अवलोकन तथा अन्तर्वार्तावाट प्राप्त भएको थियो । परम्परागत प्रवचन तथा भाषण विधिको प्रयोगको सट्टामा छलफल, प्रश्नोत्तर तथा अवलोकन र प्रयोगात्मक विधिको माध्यमवाट शिक्षण गर्ने व्यवहार परिवर्तन भएको पाइयो । यस तालिमले शिक्षकलाई के कति र कसरी कुन शैक्षिक सामग्रीको प्रयोग गर्ने जस्ता व्यवहारीक क्षमताको विकास भएको पाइयो ।

शि.पे.वि. तालिम लिनु भन्दा अगाडी र पछाडीको शिक्षणमा शिक्षकको क्षमतामा के कस्तो वृद्धि भएको र फरक पाउनु भएको छ भन्ने प्रश्नको जवाफमा श्री पृथ्वी उच्च मा.वि. खाम्लुङका प्रधानाध्यापक चन्द्रप्रसाद वरालको भनाइ यस्तो थियो :

> शि.पे.वि. तालिम लिनु अगाडी शिक्षक साथीहरु परम्परागत शिक्षण विधिको प्रयोग गरी अध्यापन गराउनु हुन्थ्यो भने तालिम लिए पछी शिक्षण कलाकौशलमा वृद्धि र फरक आएको छ । शिक्षण गर्नु अघि नै के कति र कसरी तथा कुन-कुन शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा उत्तम हुन्छ र शिक्षण सिकाइ प्रभावकारी हुन्छ भन्ने सम्वन्धमा व्यापक तयारी गरेको पाइन्छ ।

माथिको भनाइ वाट कक्षाकोठा शिक्षणमा जानु अगाडी नै उक्त पढाउनु पर्ने पाठको वारे चाहिने शैक्षिक सामग्री र समस्याको समेत ख्याल गरी शिक्षण गर्ने क्षमताका विकास शि.पे.वि. तालिमले प्रदान गरेको देखियो । शि.पे.वि. तालिम लिनु अगाडी र तालिम लिए पछाडी तपाईको शिक्षण क्रियाकलापको क्षमतामा के वृद्धि भएको हो भनि गरिएको प्रश्नमा श्री मोती उच्च मा.वि. खोक्लिङका शि.पे.वि. तालिम लिएका शिक्षक झरेन्द्र प्रसाद थापाले यसो भन्नु भयो :

> शि.पे.वि. तालिमले शिक्षण सिकाइ क्रियाकलापमा वार्षिक कार्ययोजना निर्माण गर्ने दक्षतामा थप सहयोग गरेको छ । जसले वर्ष भरीमा कुन कुन महिनामा कति पिरियड, कति पाठ पढाउने र कुन समयमा मूल्याङ्कन गर्ने जस्ता कुराहरु उल्लेख गरिएको हुन्छ । शिक्षणमा कार्यमुलक अनुसन्धानको प्रयोगवाट विद्यार्थीलाई सिकाइमा वढी सक्रिय गराउने सीप र क्षमतामा वृद्धि गरेको छ । साथै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको प्रयोग गर्नका लागि क्षमता वढाई दिएको छ ।

शि.पे.वि. तालिम प्राप्त गर्नु अगाडी र पछाडीको अध्यापन गर्ने क्रममा शिक्षकको सीप कला कौशल तथा अन्य पक्षको क्षमतामा के वृद्धि भएको छ भन्ने प्रश्नको उत्तरमा श्री मोती उच्च मा.वि. खोक्लिङकी कक्षा १० मा अध्ययनरत एक छात्राले भनिन्:

> कक्षा शिक्षण सिकाइ गर्दा आजभोलि सरहरुले पाठमा आएका समस्याको विद्यार्थीमा छलफल गराई तुरुन्तै समाधान गर्ने, सरहरुले सिकाइमा वढी शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ भने पाठको अन्त्यमा निरन्तर मुल्याङ्कन गर्दै छलफल र प्रत्यक्ष अवलोकन विधिको प्रयोगमा वृद्धि भएको पाएका छौ ।

यी माथिका भनाइहरुवाट तालिमले शिक्षकको क्षमतामा ल्याएको वृद्धि सम्वन्धमा अध्ययन गर्दा विद्यालयको प्र.अ. सम्वन्धित शिक्षक र विद्यार्थीको भनाइवाट यो प्रष्ट हुन्छ की शि.पे.वि. तालिम लिए पछी शिक्षकले वार्षिक कार्ययोजना निर्माण गर्ने, एकाई योजना, दैनिक पाठयोजना, सम्वन्धित पाठहरुको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको निर्माण गर्ने र प्रयोग गर्ने, शिक्षण सिकाइमा विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी शिक्षणको क्रममा देखापरेका समस्याहरुको तत्कालै समाधान गर्ने र कक्षावाट समस्याको समाधान हुन नसके सम्वन्धित प्रशिक्षक (रोष्टर) वा स्रोतव्यक्ति सम्म पुगी समस्याको समाधान गर्ने क्षमतामा वृद्धि भएको अध्ययनको क्रममा पाइयो । कक्षा अवलोकनको क्रममा शिक्षकले शिक्षण गर्दा विद्यार्थीकेन्द्रित शिक्षण विधि अपनाएको, तत्कालिन समस्याको समाधान गर्ने गरेको, शिक्षक निर्देशिकाको प्रयोग, मुल्याङ्कनमा र प्रश्ननिर्माण गर्दा आवश्यक विशिष्टीकरण तालिका प्रयोग गर्ने जस्ता क्रियाकलापहरुमा दक्षता अभिवृद्धि भएको पाइयो । यस्ता कार्यलाई थप मद्धत गर्न तथा अन्य कार्यदक्षता अभिवृद्धि गर्नकालागि शिक्षण सिकाइमा देखापरेका समस्याहरुको हलगर्न माँगमा आधारित शिक्षकहरुवाट माँग संकलन (Demand collection) गरी समस्या समाधान,पुनर्ताजगी,कार्यक्षमता वृद्धि, विषयगत तथा तहगत पाठ्यक्रम पाठ्यपुस्तक प्रवोधिकरण,कार्यसम्पादन सम्वन्धि अनुसन्धानमुलक तालिम संचालन गर्नुपर्ने देखिन्छ । यस्ता खाले तालिमहरु केहि शिक्षकहरुले नपाएका र पाउनु पर्ने अध्ययनको क्रममा देखियो जसलेगर्दा यी कुराहरुले प्रभावकारी शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पारेको पाइयो भने उल्लेखित आवश्यक कुराहरु संकलनगरी सम्वन्धित पक्ष जि.शि.का.,स्रोतकेन्द्र,विद्यालय तथा सामाजिक संघ संस्थाहरुले तालिम सँचालन गरेको पाइयो भने केहि संचालन गर्नुपर्ने आवश्यकता देखियो ।

## ४.२ शिक्षण विधि र क्रियाकलापमा परिवर्तन

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकले अपनाउने शिक्षण विधि र उसको शिक्षण क्रियाकलापले अहंम भूमिका निर्वाह गर्दछ । त्यसैले प्रभावकरी शिक्षण सिकाइको लागि उपर्युक्त शिक्षण विधि र प्रतिभाशाली क्रियाकलापको आवश्यकता पर्दछ । शि.पे.वि. तालिम प्राप्त गरे पश्चात शिक्षण सिकाइ क्रियाकलापमा तपाइको शिक्षण विधि र क्रियाकलापमा कस्तो परिवर्तन आएको छ भनि सोधिएको प्रश्नमा श्री पृथ्वी उच्च मा.वि. खाम्लुङ्की शिक्षक सुशिला काफ्लेको भनाइ यस्तो प्रकारको थियो :

> तालिमले हामीलाई विद्यार्थीकेन्द्रित विधि, छलफल विधि र प्रश्नोत्तर विधि तथा कार्यमुलक अनुसन्धान विधिवाट शिक्षण गर्दा शिक्षण प्रभावकारी हुने ज्ञान, सीप, र धारणा दिएको छ भने शिक्षणमा विद्यार्थीको सक्रिय सहभागीतामा शिक्षकको भूमिका सहयोगीको रुपमा मात्र हुने गरी कक्षा क्रियाकलाप संचालन गर्नु पर्ने कुरा सिकाएको छ ।

प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा परम्परागत प्रवचन विधि तथा व्याख्या विधिका सट्टामा विद्यार्थीकेन्द्रित छलफल विधि, प्रश्नोत्तर विधि, समस्या समाधान विधि र प्रत्यक्ष अवलोकन तथा क्षेत्र भ्रमण विधि अपनाउनु पर्ने तालिमले प्रस्तुत गरेको छ भने शि.पे.वि. तालिम लिए पछी शिक्षकको सिकाइ विधि र क्रियाकलापको सम्वन्धमा श्री लक्ष्मी मा.वि. लिङ्तेपका कक्षा १० मा अध्ययनरत एकजना विद्यार्थीले यसो भने :

> शिक्षकहरुले शिक्षण गर्दा हाल आएर विद्यार्थीहरुलाई नै छलफल गर्न लगाइ सिकाइमा देखापरेका समस्याहरुको समाधान गर्ने प्रयास गराउनु हुन्छ भने शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्नका लागि प्रोत्साहित गर्नु हुन्छ र शिक्षकले सहयोगीको भूमिका मात्र निर्वाह गर्नु भएको शिक्षण क्रियाकलापहरु वाट देखिएको छ ।

यी माथिका भनाइहरु वाट के स्पष्ट हुन्छ भने शि.पे.वि.तालिमले शिक्षकहरुलाई विद्यार्थीकेन्द्रित विधिहरु वाट शिक्षण गर्दा सिकाइ प्रभावकारी हुने र शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीहरुलाई वढी भन्दा वढी सक्रिय र सहभागि गराई सिकाइलाइ स्थायित्व दिने प्रयास गरेको पाइन्छ । कक्षा अवलोकनको क्रममा हेर्दा शिक्षकहरुले शिक्षण गर्दा शिक्षणको विषयवस्तुलाई परिचय दिन, भन्न खोजेको र सिकाइ गर्न खोजेको कुराहरुको

सम्वन्धमा विद्यार्थीहरुमा समुह समुह वनाई वा व्यक्ति व्यक्ति लाई सोधिएको प्रश्नलाई कालोपाटीमा टिप्दै जाने र निष्कर्ष त्यहिवाट निकाल्ने प्रयास गरेको पाइयो ।

यदि विद्यार्थीहरुवाट यथार्थ र स्पष्ट जवाफ नपाएमा शिक्षकले अन्त्यमा भनिदिने, शिक्षणमा समस्या देखापरेमा विद्यार्थीहरुकै माझ वाट नै समाधान गर्ने प्रयास गरेको देखियो भने यदी सो समस्याको समाधान शिक्षक वाट पनि समाधान नभए प्रशिक्षक वा स्रोतव्यक्ति समक्ष शिक्षक सो समस्या लिएर समाधानका लागि पुग्ने गरेको पाइयो । कक्षाकोठा शिक्षणमा आईपरेका र तत्काल समाधानगर्न नसकेका समस्याहरुको समाधानको लागि शि.पे.वि. तालिममा के गर्ने  भनिएको छ र के गर्नु भएको छ ?भन्ने प्रश्नको जवाफमा मोती उ.मा.वि.का शिक्षक झरेन्द्रप्रसाद थापा,पृथ्वी उ.मा.वि.का शिक्षक सुशिला काफ्ले,लक्ष्मी मा.वि.का शिक्षक रामउद्गार यादव तथा रबिकला मा.वि.का प्र.अ.नरेशकुमार साउदेनको भनाई एउटै थियो :

> हामीले कक्षाकोठा शिक्षणमा देखापरेका तथा समाधानगर्न नसकेका समस्याहरु सबैभन्दा पहिला तत्कालै आफैले शैक्षिक सामग्रीको प्रयोगगरी समाधान गर्ने काशिस गर्छौ र नसकेमा शिक्षकस्टाफ्मा राख्छौ ।त्यहाँवाट पनि समाधान हुन नसकेमा रोष्टर प्रशिक्षक र स्रोतव्यक्तिमा क्रमसः लैजान्छौ र त्यहाँवाट पनि समाधान हुननसकेमा जि.शि.का.ले तोकेको वा अन्य विषयविज्ञहरु कहाँ पुगेर उक्त समस्याको समाधानगरी कक्षाकोठामा पुऱ्याउछौ ।

माथिका भनाईवाट के स्पष्ट हुन्छ भने शि.पे.वि.तालिमले कक्षाकोठा शिक्षण सिकाइमा आईपरेका समस्या शिक्षक स्वंयमले तत्कालै समाधान गर्न नसके शिक्षकस्टाफ, प्र.अ.कहाँ राख्ने र समाधान नभएमा रोष्टर प्रशिक्षक र स्रोतव्यक्तिमा क्रमसः लैजाने गरेका र त्यहाँवाट पनि समाधान हुन नसकेमा जि.शि.का.ले तोकेको वा अन्य विषयविज्ञहरु कहाँ पुगेर उक्त समस्याको समाधानगरी कक्षाकोठामा पुऱ्याउने गरेको कुरा स्पष्ट पाईयो ।

यसरी शिक्षकहरुले विद्यार्थी केन्द्रित कार्यमुलक अनुसन्धान विधि वाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गरेको पाइयो । तर शिक्षण सिकाइमा समस्या आएमा समाधानका लागि अर्का विद्यालयमा रहेका प्रशिक्षक र स्रोतकेन्द्रमा रहने स्रोत व्यक्तिलाई सहयोगका लागि भौगोलिक विकटता र कार्य व्यस्तताको कारण पाउन कठिनाई देखिएको अध्ययनमा पाईयो ।

### ४.२.१ शैक्षणिक योजनाहरुको निर्माण

प्रभावकारी शिक्षण गर्नका लागि वा सिकाइद्धारा सिकारुको व्यवहारमा परिवर्तन ल्याउनको लागी प्रत्येक शिक्षकले आफ्नो विषयको र प्र.अ.ले विद्यालयले बर्षभरीमा गर्ने कार्यको योजना निर्माण गर्नु पर्ने हुन्छ । योजना विनाको शिक्षण सिकाइ वेमौसममा लगाएको वाली जस्तै हुन जान्छ । वाटो विनाको यात्री जस्तै हुनसक्छ । एउटा विद्यालयमा प्रधानाध्यापकले एक शैक्षिक सत्र भरिमा विद्यालयमा के के कार्यहरु गर्ने, जस्तै कति दिन पढाई गर्ने, कति दिन र कुन समयमा विद्यालय विदा गर्ने, कहिले कहिले अतिरिक्त क्रियाकलाप र सहक्रियाकलाप संचालन गर्ने र कस्ता खाले क्रियाकलाप संचालन गर्ने ?जस्ता कुराहरुको उल्लेख भएको वार्षिक कार्य योजना (वार्षिक कार्य पात्रो) निर्माण गर्न आवश्यक हुन्छ भने एक असल दक्ष विज्ञ तथा आफ्नो कार्यप्रति वफादार शिक्षकले आफ्नो विषयको वर्ष दिन भित्रको लागि (एक शैक्षिक सत्र अवधिको) कुन-कुन महिनामा कुन पाठ पढाउने,कस्तो क्रियाकलाप गराउने, कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने जस्ता शैक्षिक योजनाको निर्माण गर्दछ् जस्ले शिक्षण कार्यलाई सरल सहज तथा व्यवस्थित वनाउँछ । शिक्षकले निर्माण गरेका शैक्षिक योजनाहरुको सम्वन्धमा श्री रविकला मा.वि.का प्र.अ. नरेशकुमार साउदेनको भनाइलाई यहाँ राखिएको छ :

> शिक्षण सिकाइलाई सरल पारदर्शि तथा व्यवस्थित बनाउनको लागि शिक्षकले एक शैक्षिक बर्षको लागि आफ्नो विषयको कुन-कुन एकाई वा पाठलाई पठनपाठन गर्ने, कति समय दिने ,कति घण्टी लिने,के कस्ता शै. सामाग्री प्रयोग गर्ने जस्ता उल्लेखित शैक्षणिक कार्ययोजना निर्माण गर्न र प्रयोग गर्न शि.पे.वि.तालिमले प्रोत्साहन गराएको छ ।

यी माथिका भनाइवाट यो स्पष्ट हुन्छ की एउटा दक्ष शिक्षकले प्रभावकारी शिक्षण सिकाइ गर्नका लागि शैक्षिक योजनाको निर्माण गर्न आवश्यक रहन्छ । त्यसैले गर्दा मैले अध्ययन गरेको विद्यालयको सम्पूर्ण प्र.अ. तथा शिक्षकहरुले आफ्नो विषयको अध्यापनको लागि सरल,सहज र चुस्त दुरुस्त तथा प्रभावकारी शिक्षणको लागि आफुले एक शैक्षिकसत्र भरी गर्ने अध्यापन कार्यको शैक्षणिक योजनाहरु शैक्षिक सत्र सुरुभएको पन्ध्र दिन भित्रमा निर्माण गरी शिक्षण गरेको पाईयो । किनकी शिक्षकले एक शैक्षिकसत्र भित्रमा पढाउने आफ्नो विषयको सम्पूर्ण तयारी तथा कार्यक्रमहरुको उल्लेख गरिएको हुन्छ जसले गर्दा शिक्षकलाई

शिक्षण क्रियाकलाप गर्नलाई सरल सहज तथा प्रभावकारी वन्न जान्छ अर्थात् विषयवस्तुको शिक्षण सिकाइको उद्देश्य प्राप्त हुन्छ ।

शैक्षणिक योजनाहरुको निर्माणको आवश्यकता र महत्वका वारेमा वताउँदै श्री रविकला मा.वि.का शि.पे.वि. तालिम प्राप्त शिक्षक विष्णुकुमार तुम्वाहाम्फेले भन्नु भयो :

> वार्षिक शैक्षणिक योजना एउटा शिक्षकलाई आफ्नो एक शैक्षिक सत्रमा गर्ने शिक्षण कार्यको लागि लक्ष्यमा पुग्न खनिएको वाटो जस्तै हो । जसले शिक्षण सिकाइको सफलता प्राप्त गर्न गन्तव्यमा पुऱ्याउँछ ।

शैक्षणिक योजना निर्माण गर्नुपर्ने सम्वन्धमा श्री लक्ष्मी मा.वि. लिङ्तेपका शिक्षक राम उद्गार यादव भन्नु हुन्छ, "शिक्षण सिकाइको प्रभावकारिताको लागि शैक्षणिक योजना विनाको शिक्षण विना वाटोको गन्तव्यमा पुग्ने लक्ष्य जस्तै हो ।" यी भनाईहरुवाट यो स्पष्ट हुन्छकि एक असल तथा कर्तव्यनिष्ठ शिक्षकले विद्यार्थीको सिकाइमा व्यवहारिक तथा विषयगत पक्षमा परिवर्तन ल्याउन तथा क्षमता वृद्धि गर्न र आफ्नो शिक्षण योजना लाई सफल पार्नको लागि शिक्षकले शैक्षणिक योजना निर्माण गर्नुपर्ने हुन्छ । शिक्षकले विना शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्दै आएकोमा शिक्षकको पेसागत विकास तालिमले अनिवार्य रुपमा एक शैक्षिक सत्र भरीमा आफ्नो विषयमा शिक्षण गर्नका लागि शैक्षणिक योजना निर्माणमा सहयोगी भूमिका निर्वाह गरेको अध्ययनको सिलसिलामा पाइयो । प्रभावकारी शिक्षणको लागि शैक्षणिक योजनाले एक शैक्षिकसत्र भरी अध्यापन गरिने विषयको विषयवस्तु, तीनका उद्धेश्य, शैक्षिक सामग्री, शिक्षण सिकाइको क्रियाकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रविधि, शिर्षक अनुसारको नमुना प्रश्नहरु, आवश्यक घण्टी, मिति र समय समेतको उल्लेख हुन्छ भने शिक्षण गर्दा कुन कुन मितिमा कुन-कुन पाठ पढाउने, यसका लागि के कस्ता सामग्री प्रयोग गर्ने, कुन-कुन विधि अपनाउने र कसरी मूल्याङ्कन गर्ने समेत उल्लेख गरिने हुँदा शैक्षणिक योजना निर्माणको अपरिहार्यता मानिएको छ । त्यसैले शिक्षानियमावली २०४९ मा समेत वार्षिक कार्ययोजना, शैक्षणिक योजना, एकाई योजना र पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको पाइयो ।

## ४.२.२ निरन्तर विद्यार्थी मुल्याङ्कन

नव नवीनत्म शिक्षण सिकाइ विधिमा निरन्तर विद्यार्थी मुल्याङ्कनलाई प्रमुख विधि मानिएको छ । यस विधिले मूख्य गरेर विद्यार्थीहरुको सिकाइमा पाइने कमजोरी पत्तालगाई पृष्ठपोषण दिइने भएकोले सिकाइमा उन्नती भएको पाइएको छ । शि.पे.वि. तालिम पश्चात शिक्षकहरुले शिक्षण सिकाइलाई प्रभावकारी बनाई विद्यार्थीको गुणात्मक शैक्षिक स्तर वढाउन भरपुर कसरत गरेको अध्ययनको सिलसिलामा प्रत्यक्ष कक्षा अवलोकन तथा अन्तर्वार्ताको माध्यमवाट गरेको पाइयो । निरन्तर मुल्याङ्कनको आवश्यकता र महत्वमाथि सोधिएको प्रश्नमा श्री मोती उच्च मा.वि. खोक्लिङका शिक्षक भीमबहादुर कार्कीको जवाफ यस्तो थियो :

> निरन्तर मुल्याङ्कन वाट विद्यार्थीको सिकाइमा भएका कमजोरी थाहा पाइने र पुनः सिकाइने भएकोले शिक्षण सिकाइमा उपलब्धि भएको छ । मूल्याङ्कनको अन्य साधनहरु जस्तै निर्माणात्मक मूल्याङ्कन, निदानात्मक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कनहरु मध्ये निरन्तर मूल्याङ्कनले प्रत्येक इकाई वा पाठको अन्त्यमा विद्यार्थीको सिकाइमा आएको समस्यालाई हल गरी पृष्ठपोषण दिइने भएकोले

निरन्तर मूल्याङ्कनले विद्यार्थीको सिकाइ उपलब्धिमा ल्याएको फरक र शिक्षकले प्रयोग गरेका निरन्तर मुल्याङ्कनको सम्वन्धमा सोधिएको प्रश्नमा श्री पञ्चेश्वरी मा.वि. लिवाङ्गका कक्षा १० मा अध्ययनरत एक छात्राको भनाई यस्तो थियो :

> गत दुइ बर्ष अगाडीको शैक्षिक सत्रवाट सरहरुले कक्षामा एकाइगत, पाठगत तथा दैनिकरुपमा कक्षा शिक्षणमा सो पाठहरुको सम्वन्धमा निरन्तर मुल्याँकन गर्न प्रश्न सोध्नु हुन्छ । विद्यार्थीले दिएका जवाफ सही नभएमा पुनः दोहोऱ्याएर उत्तर भनिदिनुहुन्छ । कालोपाटीमा लेखिदिनु हुन्छ जसले गर्दा नजानेका तथा नबुझेका सजिलै ढंगले बुझ्ने गरेका छौ ।जस्ले गर्दा हाम्रा सिकाइमा पूर्णरुपमा परिवर्तन आएको हामीले महसुस गरेका छौ । हाम्रो सिकाइको स्तरमा वृद्धि भएको छ ।

माथिको भनाइहरुवाट यो स्पष्ट हुन्छकि शि.पे.वि. तालिम प्राप्त शिक्षकहरुले शिक्षणलाई प्रभावकारी वनाउन विद्यार्थीकेन्द्रित शिक्षण विधि र निरन्तर मुल्याङ्कन विधिलाई संगसंगै अपनाएका छन् । यसवाट विद्यार्थीले सिकाइ प्रति देखाएको रुची, सहभागीता र दक्षता अवलोकन गरेर शिक्षकले निरन्तर मुल्याङ्कन गर्दै जान्छन् । मुल्याङ्कनको क्रममा विद्यार्थीको सिकाइ समस्याको पहिचान गरी सिकाइको स्तर पत्ता लगाई तत्कालै आवश्यक पृष्ठपोषण

दिने गरेको पाइयो । निरन्तर मुल्याङ्कनवाट तपाइका अध्ययनरत नानीहरुको पठनपाठनमा के कस्ता सुधार पाउनु भएको छ भनि सोधिएको प्रनको जवाफ दिंदै स्वरमा स्वर मिलाई श्री पृथ्वी उच्च मा.वि. खाम्लुङका अभिभावक फिपराज लिम्वू र गजेन्द्र लिम्वूको भनाइ यस्तो थियो :

> प्रत्येक एकाइको वा पाठको समाप्ती संगै वा पढाइकै वीचमा शिक्षकले प्रश्न सोध्नाले हाम्रा छोराछोरीले विगतमा भन्दा हाल घरमा अध्ययन गर्ने गृहकार्य गर्ने परम्परा वढेको छ भने नानीहरु पढ्न र लेख्न थप जान्ने तथा लगानशिल भएका छन् ।

यो भनाइ वाट निरन्तर मुल्याङ्कनको शिक्षणमा भएको प्रभावको सम्वन्धमा छनौटमा परेका सम्वन्धित व्यक्तित्वहरु संग सामुहिक रुपमा छलफलगर्दा कक्षाकोठाको शिक्षण सिकाइमा प्रभावकारीता ल्याउन निरन्तर मूल्याङ्कनको ठूलो भूमिका रहेको पाइयो । निरन्तर मूल्याङ्कन द्धारा नै विद्यार्थीका सिकाइका कमजोरीहरु पत्ता लगाई वीचवीचमा पृष्ठपोषण दिइ सिकाइलाई दिगो र स्थायी वनाउने गरेको पाइयो

शि.पे.वि. तालिम प्राप्त शिक्षकले विद्यार्थीको निरन्तर मुल्याङ्कन गर्दा निम्न विधि⁄ साधनहरु अपनाएको पाइयो । कक्षाकार्य (कक्षा सहभागिता), अवलोकन, प्रश्नोत्तर, छलफल, परियोजनाकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, लिखित परीक्षा, गृहकार्य, आत्मूल्याङ्कन र अभिभावक सम्पर्क तथा प्रतिक्रिया जस्ता विधिले विद्यार्थी र शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष प्रभाव पारेको पाइयो ।

## ४.३ शिक्षकको सिकाइ व्यवहारमा आएको परिवर्तन

अध्ययनको क्रममा शि.पे.वि. तालिम कार्यक्रमले शिक्षकको सिकाइ व्यवहारमा गुणात्मक तथा परिणात्मक परिवर्तन ल्याएको पाइयो । निश्चयनै शिक्षक तालिमले शिक्षकलाई शिक्षण कार्यमा दक्ष वनाउने, सिकाइमा कक्षाकोठाको वातावरण रमाइलो बनाई शिक्षण गर्न, सिकाइको विषयवस्तुलाई विद्यार्थीहरुको स्थायी व्यवहारमा परिवर्तन गर्न र मस्तिकमा राख्नको लागि सहयोग पुऱ्याएको पाइयो ।

### ४.३.१ तालिममा प्राप्त ज्ञान, सीप र धारणाको प्रयोग

तालिम लिएको ज्ञान, सीप र धारणालाई प्रयोग गर्ने शिक्षकको मुख्य थलो नै कक्षा कोठा हो । शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक धारणाको विकास गराउनका लागि आवश्यक ज्ञान सीपको तथा धारणा शिक्षकहरुले उचित रुपमा प्रयोग गर्ने गरेको अध्ययनमा पाईयो । त्यसैले कक्षा शिक्षणमा शि.पे.वि.तालिममा प्राप्त गरेका ज्ञान सीप र धारणाको प्रयोग गर्दा शिक्षकहरुले विद्यार्थीको रुची, क्षमता, स्मरण शक्ति तथा व्यक्तिगत तथा घरायसी समस्याहरुको सम्वन्धमा आवश्यक जानकारी लिई सोहि अनुसार नै सिकाइ गर्न थालिएको पाइयो । तालिममा प्राप्त ज्ञान, सीप र धारणाको कक्षाकोठामा शिक्षकले कसरी प्रयोग गरेका छन् भन्ने सवालमा प्रशिक्षक गोपालचन्द्र खतिवडाको भनाई यस्तो पाइयो :

> शिक्षकले तालिममा प्राप्त गरेका ज्ञान सीप र धारणाको प्रयोग गर्न दुरुस्त रुपमा सकिरहेका छैनन् । कक्षा कोठाको उचित व्यवस्थापन विद्यालयले गर्न नसक्नु, शैक्षिक सामग्रीको प्रर्याप्त व्ययवस्था नहुनु र विद्यार्थीहरुको सिक्ने कला कौशल तथा क्षमता फरक पर्नु जस्ता कुराहरुले गर्दा र तालिम प्रदायक संस्था तथा विद्यालय व्यवस्थापनले सो विषयमा खास ध्यान नदिनु रहेका छन् ।

माथिको भनाइ वाट व्यवस्थित शिक्षण सिकाइको लागि कक्षाकोठामा आवश्यकता पर्ने भएकाले र कक्षा व्यवस्थापन, कक्षाकोठाको स्वच्छ तथा रमाइलो वातावरणको सिर्जना गर्ने क्षमता भएका शिक्षकहरु आवश्यक पर्ने भएको हुनाले शिक्षकहरुको आफ्नो क्षमताहरु पनि फरक फरक भएको कारण तालिममा प्राप्त ज्ञान,सीप र धारणाको प्रयोग फरक फरक रुपमा गरेको अध्ययनमा पाइयो ।

तालिममा सिकेका ज्ञान, सीप र धारणा  विद्यालयको कक्षाकोठा सम्म किन नपुगेको होला ? भन्ने प्रश्नको जवाफ दिंदै श्री पृथ्वी उच्च मा.वि. खाम्लुङ्गका शिक्षक शुभनारायण यादवले भन्नुभयो :

> शिक्षणमा शिक्षकको पूर्णरुपमा ध्यान नजानु, पर्याप्त तथा सुविधा सम्पन्न कक्षाकोठाको व्यवस्था नहुनु, पर्याप्त शैक्षिक सामग्री विद्यालयले खरिद गर्न नसक्नु , प्रशिक्षक तथा स्रोत व्यक्ति द्धारा दैनिक अनुगमन, राय, सल्लाह सुझाव तथा सहयोग नगर्नु रहेको देखिन्छ ।

माथिका भनाइहरुवाट अध्ययनको क्रममा के देखिन्छ भने, तालिममा सिकेका ज्ञान, सीप र धारणाको प्रयोग गर्न कक्षाकोठामा कति शिक्षकले आलश्य देखाएको पाइयो भने, कति ले विभिन्न समस्याहरुको कारण गर्न नसकेको देखियो । आवश्यक कक्षाकोठाको व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिले ध्यान दिएको पाइएन भने शैक्षिक सामग्री उपलब्ध गराउन विद्यालय प्रशासन असक्षम देखियो । जसका लागि वि.व्य.स. पदाधिकारी तथा अभिभावकहरु विद्यालयहरु प्रति उत्तरदायी नभएको र विद्यालयमा खर्च गर्ने रकमको अभाव रहेको अध्ययनको क्रममा देखियो । तालिममा प्राप्त ज्ञान, सीप र धारणाको प्रयोग कक्षाकोठामा प्रयोग गरे गरेनन्, प्रयोग गर्दा कुनै प्रकारको समस्या आएको छ की भनि स्रोतव्यक्ति तथा तालिम प्रशिक्षक र वि.नि.को लक्षित अनुगमन तथा सहयोग न्यून रुपमा रहेको पाइयो । यसका कारण भने विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा रोष्टर प्रशिकहरु कार्यालयको कामको व्यस्तता र भौगोलिक विकटताको कारणले विद्यालयको दुरी टाढा-टाडा भएको हुँदा लक्षित अनुगमन र निरीक्षण गर्न नपाएको सम्वन्धित व्यक्तिहरुको भनाई पाइयो । जसको लागि तालिम प्रदायक संस्था तथा सम्वन्धित सरोकारवालाहरुको ध्यान नगएको अध्ययनको क्रममा पाइयो ।

### ४.३.२ विद्यार्थी केन्द्रित शिक्षण सिकाइ

परम्परागत शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक केन्द्रित वा प्रवचन तथा व्याख्या विधि लोकप्रिय थिए र आजको शिक्षण सिकाइ त्यसको ठिक उल्टो भएको अध्ययनको क्रममा पाइयो । पहिले शिक्षण सिकाइ आगमन विधिवाट निगमन विधि तिर, शिक्षक केन्द्रित प्रवचन विधि र घोकन्ते रहेकोमा शि.पे.वि. तालिम लिएपछि शिक्षण सिकाइमा यसको ठिक विपरित निगमन विधिवाट आगमन विधि, शिक्षक केन्द्रित विधिवाट विद्यार्थी केन्दित विधि, प्रवचन विधि वाट छलफल गराउने तथा घोकाउने होइन सोचाउने क्रियाकलाप गर्ने गरेको अध्ययनको क्रममा पाइयो । शि.पे.वि. तालिम लिएका शिक्षकले शिक्षण गर्दा कार्यमुलक अनुसन्धन विधि र विद्यार्थी केन्द्रित शिक्षण भएमा विद्यार्थीहरुले आफ्नै साथीहरुको सहयोगमा सिकाइ गर्न सक्छन् भन्ने प्रमाणीत भएको पाइयो । यस सम्वन्धमा खोक्लिङ्ग श्रोत केन्द्रका प्रशिक्षक (रोष्टर) राजेशवहादुर मास्वाको भनाई यस्तो थियो :

> विद्यार्थीहरुको कक्षा कोठा सिकाइमा आफै सकृय भएर आपसि छलफलवाट निष्कर्ष निकाल्न सक्षम भएको पाइयो । शिक्षकले सिकाइमा मध्यस्त कर्ताको भूमिका निर्वाह गर्नु पर्छ । शिक्षण गर्दा विद्यार्थीहरुको मुख्य भूमिका नै सिकाइको उत्तम उपाय हो ।

शिक्षण क्रियाकलापमा शिक्षक केन्द्रित विधि र विद्यार्थी केन्द्रित विधिको वीचमा पाइएको फरकका वारेमा गरिएको प्रश्नको जवाफ दिंदै श्री मोती उच्च मा.वि. खोक्लिङ्गका कक्षा १० मा अध्ययनरत एक छात्रले भने :

> दुई वर्ष अगाडी सम्म सरहरुले पढाउँदा व्याख्या विधिको प्रयोग गर्नु हुन्थ्यो । पाठयोजना, शैक्षिक सामग्रीहरुको कम प्रयोग गर्नुहुन्थ्यो । अहिले पाठको विषयवस्तु प्रवेश संगै सोको परिचय, आवश्यकत, महत्व र सारांश जस्ता कुरा विद्यार्थी विचको छलफल वाटै निकाल्ने कोसिस गर्नुहुन्छ । शिक्षणमा वढि शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ । जस्ले कम समयमा सरल तरिकाले सिक्न सकिन्छ । आवश्यक परेमा मात्र समस्या समाधानको लागि सर अगाडी वढ्नु हुन्छ ।

माथिका उक्त भनाइहरुवाट तालिम प्राप्त शिक्षकले परम्परागत शिक्षककेन्द्रित प्रवचन र व्याख्या जस्ता शिक्षण विधि त्यागी विद्यार्थी केन्द्रित छलफल विधि, प्रदर्शन विधि, स्थलगत भ्रमण विधि, समस्या समाधान विधि, अवलोकन विधि तथा आगमन विधि जस्ता वैज्ञानिक विधि प्रयोग गरेको अध्ययनको क्रममा पाइयो । स्किनरको प्रयत्न र भूलको सिकाइ सिद्धान्त यस विधिमा लागु भएको पाइन्छ । विद्यार्थीहरु आपसी छलफलवाट प्रयास गर्दै सहि र गलत उत्तर निकाल्दै अन्त्यमा सहि निश्कर्षमा पुग्छन् । यसरी आवश्यकता अनुसारको कक्षाकोठाको व्यवस्था गरी विद्यार्थीलाई सक्रिय गराउँदै शैक्षिक सामग्रीको सकेसम्म उपलब्ध हुनसक्ने, स्थानीय स्तरमा पाइने तथा कम मुल्यको शैक्षिक सामग्रीहरुको प्रयोगमा जोड दिई विद्यार्थी केन्द्रित सिकाइको वातावरण तयार गरी वा सिर्जना गरी विद्यार्थीले सिक्ने वातावरणमा जोड दिई प्रभावकारी शिक्षण गरेको पाइयो ।

### ४.३.३ समाहित शिक्षणको प्रयोग

शि.पे.वि. तालिम कार्यक्रम तालिम प्राप्त शिक्षक द्धारा कक्षाकोठा शिक्षणमा सवै क्षेत्र समाजवाट आएका विभिन्न संस्कृति तथा चलन परम्परा, वर्ग, जात, लिङ्ग र अपाङ्ग तथा सपाङ्गलाई एउटै कक्षा कोठामा समानरुपले व्यवहारको प्रयोग गरी सिकाइको उद्देश्य पुरा गरेको कक्षा अवलोकनवाट थाहा पाइयो । विना भेदभाव, समानरुपले शिक्षणमा सिकाइ समावेश गरी रमाईलो वातावरणमा कक्षा संचालन गर्नमा शि.पे.वि. तालिम लिएका शिक्षकहरु निक्कै सिपालु देखिएको पाइयो । समाहित शिक्षणका सवालमा श्री रविकला मा.वि.का प्र.अ. नरेशकुमार साउदेनको भनाई यस्तो थियो :

> शिक्षकले तालिममा प्राप्त ज्ञान सीप र धारणाको प्रयोग वाट समाहित रुपमा शिक्षण गरिरहेका छन् । कक्षा कोठाको उचित व्यवस्थापन, शैक्षिक सामग्रीको प्रर्याप्त प्रयोग, विद्यार्थीहरुको सिक्ने कला कौशल तथा क्षमताको फरकलाई वुझि कक्षामा रहेका सवैखाले विद्यार्थीहरुलाई सहभागी गराई समाहित शिक्षण गर्ने शिक्षकहरु सिपालु भएका छन् ।

यसै गरी शिक्षकहरुले सञ्चालन गरिरहनु भएको समाहित शिक्षणको महत्व तथा उपयोगिताका सम्वन्धमा श्री रविकला मा.वि. सावदिनको कक्षा ९ का सुस्त श्रवण एक छात्राले भनिन् :

> मलाई सरहरुले गत सालको कक्षा देखिनै अगाडि वस्ने (डेक्स वेञ्च)मा राख्नुहुन्छ, पढाएको कुरा सुने नसुनेको, वुझे नवुझेको पटक पटक सोध्नु हुन्छ । नसुने, नवुझेमा दोहोर्‍याई दिनु हुन्छ, वुझाउनु हुन्छ, अनि मात्र पाठ अगाडि वढाउनु हुन्छ ।

यी माथिका भनाइहरु वाट यो प्रष्ट हुन्छकी शिक्षकको पेसागत विकास तालिम लिइसकेपछि शिक्षकहरुले कक्षा शिक्षणमा समावेसी कक्षा शिक्षणको विधि अपनाएको अध्ययनको क्रममा पाइयो । जसका लागि शिक्षकहरुले कक्षामा रहेका सवैखाले कम्जोर दृष्टि, सुस्त श्रवण, ढिलोरुपमा वुझ्ने जान्ने, छिटो वुझ्ने जान्ने, विभिन्न समुदाय र स्थानवाट आएका तथा अपाङ्ग विद्यार्थीहरुको रुची, चाहाना र आवश्यकतालाई मध्यनजर राखि समान व्यवहार गरी प्रभावकारी शिक्षण गर्ने गरेको पाइयो ।

समाहित कक्षा शिक्षणको महत्व तथा प्रयोग सम्वन्धमा श्री रविकला मा.वि. कै कक्षा १० का प्रथम छात्रले यसो भने :

> कक्षाको पढाईमा सरहरुले कक्षा कोठामा रहेका अपाङ्ग तथा कमजोर विद्यार्थीहरुलाई अगाडि राखि उनिहरुलाई नै विशेष प्राथमिकता दिई पढाउनु हुन्छ, यसो गर्दा कहिलेकाहि सिकाइ ढिला हुनुका साथै दिक्दार लाग्दो हुन्छ , तर साथीहरुसँगको सिकाइमा वरावरी किसिमको व्यवहार गरिने हुँदा खुसी नै लाग्छ .

माथिको भनाइ वाट यो स्पष्ट हुन्छ की शिक्षण विधि वैज्ञानिक सिद्धान्त अनुसार शिक्षण गर्ने विषय वस्तु, उद्देश्य, शैक्षिक सामग्रीको प्रकार, विद्यार्थीको पूर्व ज्ञान, रुची, स्तर, क्षमता र आवश्यकतालाई मध्यनजर राख्दै सवैखाले विद्यार्थीहरुलाई विभेद रहित वातावरणमा वहुभाषिक, वहुधार्मिक,बहुसाँस्कृतिक र अपाङ्ग, सपाङ्गको भिन्नतालाई सम्मान गर्दै आफ्नै

समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने खालको शिक्षण पद्धति विकास गर्ने प्रकृया सहितको समावेसी वा समाहित शिक्षण गर्ने गरेको अध्ययनको सिलसिलामा पाइएको थियो । यस्तै गरी शि.पे.वि. तालिम प्राप्त शिक्षकले कक्षाकोठमा रहेका अपाङ्ग, कमजोर दृष्टि, सुस्त श्रवण, आदि सवैको चाहाना क्षमता रुची अनुसार शैक्षिक वातावरण तयार गरी समाहित शिक्षाको विधि प्रयोग गर्नेगरेको पाइयो । समाहित शिक्षण सिकाइको प्रभावको कारण अपाङ्ग  होस् या सपाङ्ग तिक्ष्ण वुद्धि भएका वा ढिलोगतिमा सिक्न सक्ने वालवालिकाहरु सबैले वरावरी रुपमा कक्षा शिक्षा आर्जन गरी आ-आफ्ना व्यवहारमा परिवर्तन गरेको तथ्यकुरा अवलोकन र विद्यार्थी भनाईबाट पाईयो । समाहित शिक्षाकै कारण हिजोआज अपाङ्ग सपाङ्गको लागि छुट्टै कक्षाकोठा र छुट्टै शिक्षकको व्यवस्था गर्नुपर्ने विद्यालयको भार हटेको छ भने यसको वारे विद्यालय क्षेत्र सुधार योजनाले (सन् २००९-२०१५) ले विशेष जोड दिएको समेत अध्ययनमा पाइयो ।

### ४.३.४ शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइमा तालिम प्राप्त गरे पश्चात पाठयोजनाले माँगे वमोजिमको स्थानिय स्तरमा सर्वसुलभ ढंगवाट प्राप्त गर्न सकिने तथा कम मुल्यका शैक्षिक सामग्री निर्माण गरी प्रयोगमा ल्याईने गरेको अध्ययन क्षेत्रका विद्यालयहरुमा पाइयो । शिक्षण सिकाइको तरिकाहरु मध्ये व्याख्या, प्रवचन, प्रश्नोत्तर तथा छलफल वाट स्पष्ट पार्न नसकिएका विषयवस्तुलाई शैक्षिक सामग्रीको माध्यमवाट प्रष्ट पार्ने काम गरिएको पाइयो । शैक्षिक सामग्रीले शिक्षणलाई सरल, चुस्त तथा समयको वचत गरेको स्पष्ट हुन्छ । शैक्षिक सामग्रीको प्रयोग र महत्वका वारेमा श्री रविकला मा.वि.का  प्र.अ.को भनाई यस्तो पाइयो :

> हजार शब्दले व्याख्या गर्न नसकेको विषयवस्तुलाई एउटा चित्रले स्पष्ट पार्ने गर्छ । शैक्षिक सामग्रीको सहायतावाट शिक्षण गर्दा शिक्षण कार्य सरल,चुस्त दुरुस्त हुने तथा समयको वचत गर्न सकिन्छ ।सिकाइको अन्य विधिहरुवाट स्पष्ट पार्न नसकिएका विषयवस्तुलाई शैक्षिक सामग्रीको माध्यमवाट सजिलै स्पष्ट पार्न सकिन्छ ।

शिक्षण सिकाइ कियाकलापमा शैक्षिक सामग्रीको प्रयोग सम्वन्धमा खोक्लिङ्ग स्रोतकेन्द्रका प्रशिक्षक गोपालचन्द्र खतिवडाले भन्नुभयो :

> वास्तवमा भन्ने हो भने जुनसुकै विधि र शैक्षिक सामग्रीको प्रयोग गरेर भए पनि विद्यार्थीको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउनु नै शिक्षण हो । शैक्षिक सामग्रीले शिक्षणमा अमुर्त रुमा रहेका विषयवस्तुलाई मुर्त रुप दिन सहजता प्रदान गर्दछ । शिक्षण सामग्रीको प्रयोगले शिक्षणमा विद्यार्थीको सकृयता वढाउने, कठिन पाठलाई सरल वनाउने, सिकाइलाई मुर्त रुप दिई ठोस धारणा वसाल्ने, सिकाइलाई रोचक र रुचीपूर्ण वनाउने गर्दछ ।

यी माथिका भनाइहरुवाट अध्ययनको क्रममा प्रभावकारी शिक्षण गर्नका लागि स्थानिय स्तरमा पाइने सजिलै निर्माण र प्रयोग गर्न सकिने वा कम मुल्यको शैक्षिक सामग्रीहरु प्रयोग गरेको पाइयो । हजार शब्दले प्रमाणित गर्न नसकेका कुराहरुलाई एउटै चित्रले व्याख्या गर्ने भएकाले शैक्षिक सामग्रीको प्रयोगमा वृद्धि भएको देखियो । विभिन्न विधि र तरिकावाट स्पष्ट पार्न नसकिएका विषयवस्तुलाई शैक्षिक सामग्रीको माध्यमवाट कम समयमा, विना झन्झट र सरल तरिकाले प्रष्ट पार्न सकिने कुरा अध्ययनमा पाइयो ।

शिक्षण विधिहरु र शैक्षिक सामग्रीको एक आपसमा सम्वन्ध रहेको पाइयो भने शिक्षण सिकाइ भनेको सूचनाहरु प्रवाह गर्नु वा हस्तान्तरण गर्नु हो । भने शिक्षण सिकाइ गर्दा शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ प्रभावकारी हुने पाईयो । कुनै पनि विषयको विद्यार्थीलाई दिन खोजिएको धारणाहरु स्पष्ट पार्न शैक्षिक सामग्री महत्वपूर्ण हुन्छन भने शिक्षणलाई प्रभावकारी, रोचक, व्यवहारमुलक वनाई सकारात्मक रुपमा शिक्षाको गुणस्तर वृद्धि गर्ने महत्वपूर्ण साधनको रुपमा शैक्षिक सामग्रीलाई लिएको अध्ययनको क्रममा पाइयो ।

कोहलरले अन्तर दृष्टि सिकाइ सिद्धान्तमा केरालाई पाउनका लागी वाँदरले काठवाट निर्मित टुलहरु र वाँसको लट्टी लाई शैक्षिक सामग्रीको रुपमा प्रयोग गरेको थियो । जसको सहयोगले वाँदरले सजिलै सँग केरा पाउन सकेको थियो । यसैगरी शिक्षकहरुले प्रभावकारी शिक्षणको लागि शैक्षिक सामग्रीको रुपमा मुद्रित वा लेख्य सामग्रीहरु जस्मा पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्री, दृष्य सामग्रीमा नक्सा, चार्ट, ग्लोव र चित्र, श्रव्य दृष्य सामग्रीहरुमा रेडियो, टि.भी.भीडियो टेप र कम्प्यूटर तथा सूचना सञ्चार प्रविधिमा इमेल इन्टरनेट, वेवसाइट आदिको प्रयोग गर्ने गरेको पाइयो ।

## ४.४ विद्यार्थीको उपलब्धिमा आएको परिवर्तन

शिक्षकको पेसागत विकास तालिम प्राप्त पछि कक्षाकोठा शिक्षणमा शिक्षकहरुले अवलम्वन गरेका विभिन्न प्रकारका विधि तथा प्रक्रियाको फलस्वरुप विद्यार्थीको सिकाइ उपलब्धिमा

व्यापक फरक आएको अध्ययनको क्रममा पाइयो । यसबाट विद्यार्थीको कक्षा उत्तिर्णदरमा पनि सन्तोषजनक वृद्धि भएको पाइयो । खास गरी सिकाइलाई प्रभावकारी दिगो पारदर्शी तथा स्थायी वनाउनको लागि विद्यार्थीले र शिक्षकले शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा आफ्नो भूमिकामा परिवर्तन गरेको पाइयो ।

### ४.४ १ सामुहिक रुपमा कक्षा कार्यगर्ने वानीको विकास

शि.पे.वि. तालिम प्राप्त पछिको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकहरुले विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्दा विद्यार्थीलाई सक्रिय वनाई विद्यार्थीकै भूमिका लाई मुख्य र शिक्षकको भूमिका सहायक वनाउने भएकाले हरेक विषयवस्तुको सिकाइमा विद्यार्थीलाई समुहमा छलफल गर्ने एक आपसमा प्रश्नोत्तर गर्ने र निष्कर्ष निकाल्ने बानीको विकासले सिकाइलाई थप सरल पुऱ्याएको पाइयो । यसमा कक्षाका सवैखाले आवश्यकता भएका विद्यार्थीहरुले समेत भागलिने मौका पाउँदा सिकाइमा समावेसी भएको पाइयो ।शिक्षण सिकाइ कियाकलापमा विद्यार्थीको भूमिका कस्तो छ भन्ने प्रश्न गर्दा श्री पृथ्वी उच्च मा. वि. खाम्लुङ्गका कक्षा ९ मा अध्ययनरत एक छात्रले भने :

> कक्षाकोठाको सिकाइमा सरले सम्पूर्ण विद्यार्थीहरुलाई कहिले समुह वनाएर छलफल गरी निष्कर्ष निकाल्न लगाउनु हुन्छ भने कहिले व्यक्तिगत रुपमा प्रश्न गरी विषय वस्तुको निष्कर्षमा पुऱ्याउने गर्नुहुन्छ । जसमा कक्षाका सम्पूर्ण विद्यार्थीहरुले प्रत्यक्ष सिकाइमा भागलिन पाइएको छ ।

यसैगरी सामुहिक रुपमा कक्षा कार्य गर्ने विद्यार्थीको बानीको विकास सम्वन्धमा र यसले विद्यार्थीहरुको उपलब्धिमा आएको परिवर्तन सम्वन्धमा श्री लक्ष्मी मा.वि. लिङ्तेपका प्र.अ. राजकुमार दासको धारणा यस्तो थियो :

> सिकाइमा स्वयम विद्यार्थीहरुको भूमिकालाई प्रमुख स्थान दिइँदा शिक्षणमा सहजता, सरलता र प्रभावकारीता आएको पाइयो भने कक्षामा रहेका सवै खाले विद्यार्थीहरुको सिकाइमा समावेश हुने हुँदा उनीहरुको सिकाइ उपलब्धिमा वृद्धि भएको छ ।

यसरी यी माथिका भनाइहरुवाट यो स्पष्ट हुन्छ की सामुहिक रुपमा कक्षा कार्यगर्ने बानीको विकासले विद्यार्थीहरुमा एक आपसमा सद्भाव, समझदारी, सहयोगको भावनामा वृद्धि भएको पाइयो, भने आफूलाई नआएको वा नजानेका सिकाइका समस्याहरु एक आपसमा

छलफल र सरसल्लाहको माध्यमवाट समाधान गर्न समेत सक्षम भएको पाइएको छ । सामुहिक कक्षा कार्यले कक्षाकोठमा रहेका सवै खाले इच्छा, चाहाना र आवश्यकता भएका विद्यार्थीहरुलाई समावेश गरिने भएको हुँदा शिक्षण सिकाइ प्रभावकारी भएको समेत अध्ययनवाट पाइयो ।

### ४.४.२ नतिजामा वृद्धि

अध्ययनको शिलसिलामा शि.पे.वि. तालिमको विद्यार्थी केन्द्रित शिक्षण विधि, कार्यमुलक अनुसन्धान विधि तथा शैक्षिक सामग्रीको प्रयोग र समावेशी शिक्षण विधिको परिणाम स्वरुप टि.पि.डी कार्यक्रम लागु गर्नु अगाडी भन्दा पछिका शैक्षिक सत्रहरुको परीक्षाफलको नतिजमा वृद्धि भएको विद्यालयको नतिजा रजिष्टर वाट थाहा पाइयो । गत सालहरुमा भन्दा यस शैक्षिक वर्षमा अन्य कक्षा लगायत एस.एल.सि. परीक्षाको परिणाम कस्तो पाउनु भएको छ भनी सोधिएको प्रश्नमा श्री मोती उच्च मा.वि. खोक्लिङ्का वि.व्य.स. अध्यक्षको भनाई यस्तो पाइएको थियो :

> गत शैक्षिक सत्रहरुको तुलनामा यो शैक्षिक सत्रमा एस.एल.सि. परीक्षाको नतिजा र अन्य कक्षाहरुको विद्यार्थी उत्तिर्ण संख्या वढेको छ । यस कार्यका लागि हामी शि.पे.वि. तालिम प्राप्त शिक्षकहरुलाई जस दिएका छौ :

शि.पे.वि.तालिम प्राप्त शिक्षकले कक्षाकोठा शिक्षण पछि विद्यार्थीको व्यवहार तथा उपलब्धिमा आएको परिवर्तन सम्वन्धमा श्री पृथ्वी उच्च मा.वि. खाम्लुङका प्र.अ. का भनाई यस्तो थियो :

> कक्षा शिक्षण क्रियाकलापमा विद्यार्थीको भूमिका वढि र वढि सक्रिय हुने गरेको,शिक्षकको भूमिका न्यून तथा सहयोगीको मात्र रहने गरेका छ । जसबाट कक्षामा रहेका सवै प्रकार विद्यार्थीहरुको सिकाइमा सहभागी भई छलफलमा भाग लिनु पाँउदा सिकाइमा उपलब्धि अवश्य आएको छ । सवै प्रकारका कक्षाका विद्यार्थीको शिक्षणमा सहभागीताले सिकाइ थप आकर्षक, रोमाञ्चकारी तथा स्पष्ट हुने गरेको छ भने वार्षिक विद्यार्थी उत्तिर्ण दरमा समेत वृद्धि भएको छ ।

यसरी माथिका भनाइहरु वाट यो स्पष्ट हुन्छकी अध्ययनको क्रममा शि.पे.वि. तालिम प्राप्त शिक्षकले वैज्ञानिक ढङ्गबाट सूचना संचार तथा प्रविधिको माध्यमबाट र विद्यार्थी सक्रिय क्रियाकलापबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरे पछि विद्यार्थीहरुमा मित्रताको

भावना वढेको, सामुहिक कार्य गर्ने वानीको विकास भएको, कक्षामा सवै प्रकारका विद्यार्थी वीच समान व्यवहार गर्ने, विद्यालयको नीति नियमका पालना गर्नुका साथै सिकाइ उपलब्धिमा ठूलो फरक आएको पाइयो । सिकाइ उपलब्धिमा सकारात्मक वृद्धि भए पश्चात सो को प्रभाव मूल्यांकनमा पर्न जान्छ । जसले गर्दा निरन्तर मूल्यांकन, एकाइ परीक्षा, त्रैमासिक तथा वार्षिक परीक्षाको मूल्यांकनको आधारमा परीक्षाफल गत शैक्षिक सत्र भन्दा पछिल्ला शैक्षिक सत्रमा उत्तिर्णदर तथा प्राप्ताङ्कमा वृद्धि भएको अध्ययनक्षेत्रका विद्यालयको परीक्षा सम्वन्धि तथ्याङ्कले देखाएको पाइयो । शि.पे.वि. कार्यक्रम पश्चात गरिएको शिक्षण सिकाइ क्रियाकलापबाट विद्यार्थीमा आएको सिकाइ उपलब्धिमा आएको परिवर्तनलाई स्पष्ट पार्नका लागि अध्ययन क्षेत्रको पांचवटै विद्यालयहरुको माध्यमिक तहको शैक्षिक सत्र २०६७ र २०६८ सालको परीक्षा उपलब्धि सम्वन्धि नतिजा विद्यालयको प्र.अ.हरुबाट अध्ययनकर्ता लाई उपलव्ध गराइएको थियो ।

**क शैक्षिक सत्र २०६७ को मा.तहको परीक्षाको परीक्षाफल विवरण**

शैक्षिक सत्र २०६७ सालको छनौटमा परेका विद्यालयहरुको कक्षा ९ तथा एस.एल.सि. परीक्षाको विवरण निम्नानुसारको रहेको पाइयो । जस अन्तर्गत श्री मोती उ.मा.वि. कक्षा ९ मा अध्ययनरत जम्मा विद्यार्थी संख्या १२७ रहेकामा ११७ जना उत्तिर्ण भई ९२ प्रतिशत उतिर्ण हुनाको साथै एस.एल.सि.मा सामेल परीक्षार्थी संख्या ९२ रहेकोमा ८४ जना उतिर्ण भई ९१ प्रतिशत भएको, पृथ्वी उ.मा.वि.मा कक्षा ९ मा अध्ययनरत २९ जना मध्ये २६ जना उत्तिर्ण भई ९० प्रतिशत भएको साथै एस.एल.सि.मा ४३ जना सामेल भई ८ जना उत्तिर्ण भई १९ प्रतिशत रहेको, लक्ष्मी मा.वि.मा कक्षा ९ का २० जना मध्ये १७ जना उत्तिर्ण भई ८५ प्रतिशत र एस.एल.सि.मा २७ जना सामेल भई २२ उत्तिर्ण भई ८१ प्रतिशत भएको, रविकला मा.व.मा कक्षा ९ मा ४० मध्ये ३६ उत्तिर्ण भई ९० प्रतिशत र एस.एल.सि.मा ३७ मध्ये २० उत्तिर्ण भई ५४ प्रतिशत भएको र पञ्चेश्वरी मा.वि.को कक्षा ९ मा अध्ययनरत ३७ मा ३३ जना उत्तिर्ण भई ८९ प्रतिशत भएको र यो वर्ष सो विद्यालयवाट एस. एल.सि. परीक्षामा सामेल नभएको पाइयो ।

**ख शैक्षिक सत्र २०६८ को मा.तहको परीक्षाको परीक्षाफल विवरण**

शैक्षिक सत्र २०६८ को मा. तहको परीक्षाफल विवरणलाई हेर्दा मोती उ.मा.वि. वाट कक्षा ९ मा अध्ययनरत ८६ जना विद्यार्थी मध्ये ७१ जना उत्तिर्ण भई ८३ प्रतिशत भएको र एस.एल.सि.मा ४७ जना परीक्षार्थी मध्ये ४० जना उत्तिर्ण भई ८५ प्रतिशत भएको, पृथ्वी उ.मा.वि. वाट कक्षा ९ मा २४ सामेल मध्ये २१ उत्तिर्ण गरी ८८ प्रतिशत भएको र एस.एल.सि.मा २६ सामेल मध्ये १८ उत्तिर्ण गरी ६९ प्रतिशत भएको, लक्ष्मी मा.वि. वाट कक्षा ९ मा २४ जनामा २४ ले नै उत्तिर्ण गरी सत प्रतिशत भएको र एस. एल.सि.मा १८ जना मध्ये १३ ले उत्तिर्ण गरी ७२ प्रतिशत भएको, रविकला मा.वि. वाट कक्षा ९ मा ३८ मध्ये ३५ उत्तिर्ण गरी ९२ प्रतिशत भएको र एस. एल. सि.मा ३४ मध्ये २१ जनाले उत्तिर्ण गरी ६२ प्रतिशत भएको र पञ्चेश्वरी मा.वि. वाट कक्षा ९ मा ४८ मध्ये ३७ जनाले उत्तिर्ण गरी ७७ प्रतिशत भएको र एस.एल.सि.परीक्षामा ३३ जना सामेल भई २१ जनाले उत्तिर्ण गरी ६४ प्रतिशत भएको ती विद्यालयहरुको तथ्याङ्क फारम शैक्षिक सत्र २०६८ र २०६९ वाट पाइयो ।

माथिको तालिकाको अध्ययनको क्रममा शि.पे.वि. तालिमको शिक्षण सिकाइमा परेको प्रभावको सम्वन्धमा विद्यालयको नतिजाहरुलाई तुलना गर्दा शि.पे.वि. तालिम लिनु अगाडीका शिक्षण सिकाइ वाट प्राप्त नतिजा भन्दा तालिम लिए पश्चातको शिक्षण सिकाइवाट प्राप्त नतिजा सिकाइ उपलब्धिमुलक भएको पाइयो । अघिल्लो शैक्षिक सत्रको परीक्षाफललाई हेर्दा पछिल्लो वर्षको परीक्षा फल उपलब्धिमुलक वृद्धि भएको पाइयो । अर्थात् शि.पे.वि. तालिम लिएपछि शिक्षकहरुले गरेका शिक्षण सिकाइ कियाकलापवाट विद्यालयहरुको वार्षिक परीक्षामा कक्षाका विद्यार्थीहरुको उत्तिर्ण संख्या र प्राप्ताङ्कमा वृद्धि भएको अध्ययनको क्रममा पाइयो । यसको मुख्य कारण भने तालिम लिए पछि शिक्षकले कक्षा कोठा शिक्षणमा गरेको प्रभावकारी कियाकलापलाई लिन सकिन्छ । जसमा शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास वाट शिक्षकले शिक्षणमा विद्यार्थीमुखी शिक्षण कियाकलाप, कार्यमुलक अनुसन्धान विधि, समावेशी शिक्षण सिकाइ र उपयुक्त प्रकारले शैक्षिक सामग्रीको प्रयोग, पाठ्क्रम पाठ्यपुस्तक, शिक्षक सामग्री निर्देशिका, विशिष्टिकरण तालिका जस्ता सामग्रीहरुको प्रयोग वाट नै शिक्षण गरेको पाइयो ।

### ४.५ शि.पे.वि. कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरु

शिक्षकको पेसागत विकास कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि के प्रयास गर्नु भएको छ ? भावी योजनाहरु के के छन् भन्ने जिज्ञासा राख्दा श्री मोती उच्च मा.वि.का वि.व्य.स. अध्यक्ष मुक्तिप्रसाद थापा र श्री पृथ्वी उच्च मा.वि.का वि.व्य.स. अध्यक्ष पूर्ण सिं लिम्बूको भनाई एउटै पाइयो :

> शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउनका लागि आवश्यक पर्ने सहयोगी सामग्रीहरु कक्षाकोठा व्यवस्थापन, भौतिक सामग्री, खेलकुदका सामग्री, खेल मैदान तथा शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रामा विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । यसको प्रमुख कारण विद्यालय सञ्चालनमा आर्थिक अभाव तथा सरोकारवालाहरुले विद्यालयको वारेमा कम चासो दिएका कारण चाहाना, इच्छा हुँदा हुँदै र आवश्यकता ठान्दा ठान्दै उल्लेखित कुराहरु पुरा गर्न नसकिएकोमा हामी दुःखी भएका छौं ।

निश्चयनै माथिको यी भनाइ बाट शि.पे.वि. तालिमले शिक्षकमा भएको सैद्धान्तिक ज्ञानलाई व्यवहारिक वनाई विद्यार्थीहरु सम्म पुऱ्याउन,सो को सकारात्मक प्रभाव सरल र प्रभावकारी तवरबाट सेवा पुऱ्याउनको लागि आवश्यक पर्ने सीपको विकास गर्न मद्दत गर्दछ । विद्यार्थीहरुको रुची चाहाना, इच्छा तथा आवश्यक्तानुसारको विभिन्न क्रियाकलापहरु सञ्चालन गरी शिक्षण गर्नका लागि कार्यमुलक अनुसन्धान, समाहित शिक्षा, कक्षाकोठाको व्यवस्थापन, निरन्तर मुल्याङ्कन, कार्यसञ्चयिका राख्ने र शैक्षिक सामग्रीको प्रयोग शि.पे.वि. तालिमले समय सापेक्ष बनाएको छ । यद्यपी वर्तमान परिप्रेक्षमा विद्यालयको आर्थिक पक्षहरु, भौतिक पक्षहरु, कक्षा व्यवस्थापन पक्ष र सरकारको शिक्षा नीतिका कारण यस तालिमको प्रभावकारी भूमिका रहेको पाइदैन । यसका लागि सरकारले विद्यालयलाई पर्याप्त आर्थिक अनुदान दिनु पर्ने, कक्षा अनुसारको शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने,तालिम प्रदायक संस्थाले तालिम दिए पश्चात कार्यथलोमा शिक्षकले सो वमोजिमको कार्य गरे नगरेको अनुगमन गर्ने, योग्य तथा दक्ष शिक्षकलाई पुरस्कारको व्यवस्था तथा विद्यालयको पटक पटक निरीक्षणको व्यवस्था गरी अति आवश्यकता कुराहरुको जानकारी लिई सहयोग गर्नु पर्ने पाइयो ।

यसै गरी विद्यालयमा रहेका सुस्त श्रवण, कम दृष्टि भएका, अपाङ्ग तथा कमजोर विद्यार्थीहरुलाई एउटै कक्षामा, एउटै समयमा अध्यापन गराउँदा समस्याको पाटो रहने गर्छ

। अपाङ्ग र सपाङ्गलाई एउटै दरमा दाँजिदा सिकाइको प्रभाव कस्तो रहन्छ ? प्रश्न चिन्ह खडा रहन्छ । त्यसैले त्यस्ता विद्यार्थीहरुको लागि विद्यालय शिक्षा सम्मान जनक तथा उचित देखिदैन । तालिम प्राप्त महिला शिक्षक तथा कक्षा अनुसारको शिक्षक दरवन्दीको अभाव देखिएको छ ।साथै पठन पाठनमा देखिएका समस्याका समाधानका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीको विद्यालयले आर्थिक समस्याको कारण खरिद गर्न नसकेको पाइन्छ साथै सो सम्बन्धमा विद्यालय सम्बद्ध पक्षको ध्यान पुगेको अध्ययनमा पाईएन ।

त्यसैले गर्दा यस्ता खाले समस्या समाधान गर्नका लगि स्थानिय स्तरमा विद्यालयका अभिभावक, वि.व्य.स.हरु, सरोकारवालाहरु तथा विद्यार्थीको सहयोगमा निजिस्रोतमा राखिएका शिक्षकको त.भ.को लागि न्यून रुपमा शुल्क लिन गा.वि.स.मा रकम मांग गर्ने, शैक्षिक सामग्री खरिदको लागि जि.वि.स. तथा विभिन्न सरकारी र गैरसरकारी संस्थाहरुसंग नगद तथा जिन्सी संकलन गर्ने गरेको अध्ययनका क्रममा पाइयो ।

यसका लागि सरकारले विद्यालयलाई पर्याप्त आर्थिक अनुदान दिनु पर्ने, कक्षा अनुसारको शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने,तालिम प्रदायक संस्थाले तालिम दिए पश्चात कार्यथलोमा शिक्षकले सो वमोजिमको कार्य गरे नगरेको अनुगमन गर्ने, योग्य तथा दक्ष शिक्षकलाई पुरस्कारको व्यवस्था तथा विद्यालयको पटक पटक निरीक्षणको व्यवस्था गरी अति आवश्यकता कुराहरुको जानकारी लिई सहयोग गर्नु पर्ने पाइयो ।

तालिममा सिकेका ज्ञान सीप र धारणाहरु तालिम प्राप्त शिक्षकले कक्षाकोठा सम्म पुऱ्याएर प्रयोग गरेका छैनन् भन्ने सरोकारवालाहरुको गुनासो छ नी भन्ने भनाइको सवालमा खोक्लिङ्ग श्रोतकेन्द्रका स्रोत व्यक्ति मैयादेवी उप्रेतीले यसरी जवाफ दिनुभएको थियो :

> निश्चय नै तपाइको प्रश्न सान्दर्भिक पाएको छु । तालिममा लिएको ज्ञान, सीप र धारणाहरु कक्षाकोठा सम्म नपुग्नमा शिक्षकको कमजोरी पक्ष हो, तर विद्यालयको आर्थिक, भौतिक, तथा शैक्षिक पक्ष जस्ता पक्षहरुको अभावका कारण प्रयोगमा आएका छैनन् भने, विद्यालयहरु टाढा टाढा दुरीमा रहेकाले र कार्यालयको कामको व्यस्तताले तालिम दिईसकेपछि शिक्षकहरुलाई नियमित अनुगमन र सहयोग गर्न सकिएको छैन, यसका लागि सम्वन्धित शिक्षकहरुलाई सचेत गराउने छु ।

यसै प्रसंगलाई टि.पि.डी. प्रशिक्षक राजेशबहादुर मास्वालाई राख्दा वहाँले यसो भन्नुभएको थियो :

> आफु पनि शिक्षणमा दैनिक व्यस्त रहनुपर्ने हुनाले तालिम दिई सकेपछि तालिम प्राप्त शिक्षक साथीहरुलाई आवश्यक पर्ने सहयोग, सल्लाह सुझाव, तथा आवश्यक मात्रामा अनुगमन गर्न सकिएको छैन भने तालिममा लिएको सीपहरुलाई विद्यालयको शैक्षिक, आर्थिक तथा भौतिक र शैक्षिक सामग्रीको अभावले कक्षाकोठा सम्म पुऱ्याउन प्रत्यक्ष असर पारेको महसुस गरेको छु ।

यी माथिका दुईवटा भनाइवाट यो स्पष्ट हुन्छ की तालिम दिई सकेपछि तालिम प्रदायक संस्थाले तालिम प्रदान गरेका सीप, ज्ञान र धारणाको कक्षाकोठा सम्म पुऱ्याए, पुऱ्याएनन्, प्रयोग गरे गरेनन् र तालिमको प्रभाव शिक्षण सिकाइमा कस्तो पऱ्यो ? शिक्षणमा आएको समस्याहरुको समाधानको लागि आवश्यक राय सल्लाह सुझाव खासै दिइएको पाइएन । शि.पे.वि. तालिम प्राप्त शिक्षकले कक्षाकोठा शिक्षणमा आएको समस्या समाधानको लागि कार्यमूलक अनुसन्धान विधि कम अपनाएको र विद्यार्थीलाइ सिकाइ क्रियाकलापको सक्रिय भूमिकामा कम प्रयोग गरेको पाइयो । यसको कारण केही शिक्षकले तालिममा सिकेका ज्ञान, सिप र धारणा कक्षाकोठामा कम प्रयोग गर्ने गरेका तथा निरीक्षकहरु कार्यालयको, स्रोतकेन्द्र तथा विद्यालयको कामको व्यस्तताका कारण, भौगोलिक विकटताले विद्यालयहरुको दुरी टाढा तथा विकट स्थानमा रहेकाले पनि नियमित अनुगमन हुन नसकेको अध्ययनको क्रममा पाइयो ।

### ४.६ समस्या समाधानका उपायहरु

शि.पे.वि. तालिमबाट प्राप्त ज्ञान सीप र धारणाहरुलाई माध्यमिक तहको शिक्षण सिकाइमा प्रभावकारिता वनाउन देखा परेका समस्याहरु सँग-सँगै समाधानका उपायहरु अवलम्वन गर्दै शि.पे.वि. तालिमले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पारेको पाइयो । जस अन्तर्गत अध्ययन क्षेत्रमा विद्यालयको समस्याहरु समुदाय, अभिभावकबाट वि.व्य.स. स्रोतव्यक्ति, प्र.अ. तथा सम्वन्धित शि.पे.वि. तालिम प्राप्त शिक्षकहरु वीच छलफल गरेर सम्वन्धित निकाय तथा सरोकारवालाहरु सँग निराकरणको लागि आवश्यक कुराहरु पुऱ्याउनु पर्ने देखियो । माध्यमिक तहमा अध्ययनरत अपाङ्ग, सुस्तश्रवण, कमजोर दृष्टि तथा कमजोर विद्यार्थीहरुको लागि उचित शिक्षा प्रदान गर्न वेग्लावेग्लै कक्षा कोठा,समय तथा शिक्षकको व्यवस्था गरे शि.पे.वि. तालिमको प्रभावकारीता अझ वढ्ने देखियो । तालिम प्राप्त महिला शिक्षक तथा कक्षा अनुसारको शिक्षक दरवन्दीको व्यवस्था गर्नु पर्ने देखिन्छ भने कक्षा शिक्षणमा देखापरेका समस्या समाधानको लागि चाहिने शैक्षिक सामग्री, शिक्षक

निर्देसिका विषय विज्ञ,सल्लाहकार सहयोगीको व्यवस्था लगायतका सामग्री खरिदको लागि आवश्यक रकम जुटाउनु पर्ने हुन्छ ।

शिक्षण सिकाइको प्रभावमा प्रत्यक्ष असर गर्ने आवश्यक भौतिक सामग्री, शैक्षिक सामग्री, खानेपानी, खेलमैदान, कम्प्यूटर आदिको सुविधा विद्यालयले दिनु पर्ने हुन्छ । माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभाववारे विश्लेषणबाट के प्रष्ट हुन्छ भने विद्यालयको भौतिक पूर्वाधारमा कमी, उपयुक्त शैक्षिक वातावरणको तयारीको अभाव र कक्षा अवलोकन, निरीक्षण र अनुगमन गर्ने तालिम प्रदायक निकायको कमजोर हुँदा हुँदै पनि अध्ययन सँग सम्वन्धित सवै पक्षमा शि.पे.वि. तालिम प्राप्त शिक्षकको माध्यमिक तहको शिक्षण सिकाइमा गुणात्मक र परिणात्मक योगदान तथा प्रभाव रहको छ । तसर्थ प्रभावकारी शिक्षण सिकाइमा शि.पे.वि. तालिमले फलदायी प्रभाव पारेको देखिन्छ ।

# एकाइःपाँच

## निष्कर्ष तथा सुझावहरु

यस एकाइमा अघिल्लो एकाइमा गरिएको नतिजाको विश्लेषणबाट प्राप्त सूचनाको आधारमा उपलब्धि निकालिएको छ । अध्ययनका क्रममा माध्यमिक तहको शिक्षण सिकाइमा शिक्षकको पेसागत विकास कार्यक्रमले पारेको प्रभावको सम्वन्धमा सो को अवस्था पहिचान गर्ने, देखिएका सकारात्मक पक्ष, समस्या र समाधानका उपायहरुको सम्वन्धमा अन्तर्वार्ता, छलफल, अवलोकन तथा दस्तावेज अध्ययनका माध्यमबाट प्राप्त नतिजाको आधारमा आवश्यक छलफल गरी आवश्यक उपलब्धि,निष्कर्ष तथा सुझाव समेत प्रस्तुत गरिएको छ ।

### ५.१ निष्कर्ष

नमूना छनौटमा परेका ५ वटा माध्यमिक विद्यालयको अध्ययन गर्दा प्रत्येक विद्यालयमा शैक्षिक, आर्थिक, भौतिक जस्ता कुराहरुको अभाव रहकोमा त्यसलाइ पुरागर्ने प्रयास गरेको देखिन्छ ।

कक्षाकोठमा रहेका सिमित साधन र स्रोतको शिक्षण सिकाइमा उचित व्यवस्थापन गरी तालिमबाट प्राप्त ज्ञान, सीप र धारणको प्रयोग गर्न र शिक्षण सिकाइको प्रत्यक्ष तथा सकरात्मक प्रभाव देखाउन शि.पे.वि. तालिम प्राप्त शिक्षकको कर्तव्य तथा दायित्व अगाडी रहेको देखिन्छ ।

शि.पे.वि. तालिम प्राप्त शिक्षकले कक्षा कोठा शिक्षणमा भएका सबै खाले(सुस्त श्रवण,कमदिृष्टी,सिक्नमा कम्जोर,विद्यालयमा कम उपस्थित हुने लगायत अन्य) विद्यार्थीको लागि उपयुक्त समायोजन र समाहित शिक्षण विधि प्रयोग गरी प्रभावकारी शिक्षण सिकाइ सञ्चालन गर्ने गरेकाले प्रत्यक्ष  सिकाइ उपलब्धिमा वृद्धि भएको पाइएको छ ।

विभिन्न शैक्षणिक व्यवहारमा शि.पे.वि. तालिम प्राप्त शिक्षकले छापा, मुद्रित, श्रव्य दृष्य शैक्षिक सामग्रीको प्रयोग गरी प्रभावकारी शिक्षण सिकाइ गर्न निकै अगाडी रहेको पुष्टि भएको छ ।

शि.पे.वि. तामिलम प्राप्त पछि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरी प्रभावकारी भूमिका निर्वाह गरी सिकाइमा विद्यार्थीको सक्रिय भूमिका बढाइ सिकाइ उपलब्धिमा वृद्धि भएको देखिएको छ ।

विद्यालय र समुदाय सँगको सुमधुर सम्वन्धले नै शिक्षण सिकाइ प्रभावकारी हुने भएकोले कसरी समुदाय सँग राम्रो सम्वन्ध कायम गर्ने भन्ने विषयमा शि.पे.वि. तालिम प्राप्त शिक्षक नै अगाडी रहेको पाइएको छ ।

शि.पे.वि. तालिमबाट सिकेका ज्ञान, सीप र धारणा, समय सन्दर्भ र वातावरण अनुसार वा सिकारुको रुची, इच्छा, चाहाना र आवश्यकता अनुसारको केही न केही प्रयोग वा कार्यान्वयनमा आउने गरेको पाईएको छ ।

शि.पे.वि. तालिम प्राप्त शिक्षकले तालिमबाट सिकेका कुराहरु र गर्नु पर्ने कार्यहरुलाई कार्यथलोमा आवश्यक मात्रामा उपयोग गर्न गराउनका लागि आवश्यक पर्ने कक्षा अवलोकन, निरीक्षण तथा अनुगमन सम्वन्धित पक्षले सो को व्यवस्था कम मात्र गरेको देखिन्छ ।

शिक्षकले लक्ष्य र उद्देश्य अनुसारको शि.पे.वि. तालिमबाट प्राप्त गरेको ज्ञान, सीप र धारणा व्यवहारमा उतारी प्रभावकारी शिक्षण सिकाइ गर्न तालिम प्रदान गर्ने निकायको रुपमा रहेको तालिम केन्द्र तथा प्रशिक्षक रोष्टरहरुको महत्वपूर्ण भूमिका हुनु पर्ने सान्दर्भिक भएता पनि यस्ता खाले भूमिका भएको पाइदैन । विद्यालयको आर्थिक,वातावरणिय तथा भौतिक व्यवस्थापन कमजोर देखिन्छ ।सम्बन्धित पक्षले यसका लागि ध्यान दिनु पर्ने देखिन्छ ।

कक्षाकोठा शिक्षणमा आइपर्ने समस्याको समाधान गर्न तालिम प्रशिक्षकको व्यवस्था र प्रर्याप्त शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्ने पाइयो ।

शिक्षण सिकाइलाई प्रभावकारी वनाउन शि.पे.वि. तालिम प्राप्त शिक्षकले उचित कक्षा व्यवस्थापन गरेको र शिक्षण सिकाइ क्रियाकलाप तथा तत्कालिन कक्षाकोठा शिक्षणमा देखापरेका समस्याको समाधान गर्न विद्यार्थीको भूमिका वढि र शिक्षकले सहयोगीको भूमिका निर्वाह गरेको पाइयो ।

प्रभावकारी शिक्षण सिकाइको लागि शि.पे.वि. तालिमले शिक्षण व्यवहारलाई सुधार गर्न मद्दत पुगेको देखिन्छ ।

शि.पे.वि. तालिम लिए पछि शिक्षकमा शिक्षण सिकाइमा ठोस प्रभावकारिताआई विद्यार्थी सिकाइ उपलब्धिमा वृद्धि भएको विद्यालयको तथ्याङ्कले प्रष्ट्याउँछ ।

शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने सामाजिक अवस्थालाई ध्यानमा राखी अभिभावकहरु सँगको सम्वन्ध सुमधुर वनाउन शि.पे.वि. तालिमले भूमिका निर्वाह गर्न सहयोग गरेको छ ।

तालिम सम्पन्न भए पछि सो को कार्यान्वयन विद्यालय सम्म पुगे नपुगेको कक्षा अवलोकन, निरीक्षण तथा अनुगमन प्रणाली प्रभावकारी भइरहेको देखिदैन ।

शि.पे.वि. तालिम प्राप्त पछिको शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको भूमिका प्रभावकारी देखियो ।

प्रभावकारी शिक्षण सिकाइमा शि.पे.वि. तालिमको अनिवार्यता पुष्टि भएको देखिन्छ । शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारी भूमिका निर्वाह गर्न शि.पे.वि. तालिमले पुऱ्याएको योगदानलाई आत्मसात गर्दै अन्य पक्षको उचित व्यवस्थापन बाट शिक्षण सिकाइलाई थप प्रभावकारी वनाउन सकिने उपलव्धि भएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझावहरु

प्रभावकारी शिक्षण सिकाइको लागि तालिम प्राप्त दक्ष शिक्षकको आवश्यकता पर्छ सो का लागि राष्ट्रले शिक्षकहरुलाई सेवापूर्व नै अध्यापन अनुमती पत्र, तालिमको प्रमाण पत्रको माँग गर्दछ । विभिन्न शिक्षा विद्हरुले शिक्षक तालिमको ठूलो गुणगान लेख रचना मार्फत गरेका छन् । तालिमलाई अपरिहार्यता तथा सर्वोच्चता मानिएको पाइन्छ । तालिम प्राप्त शिक्षक शिक्षणका लागि दक्ष सिपालु हुने, शैक्षिक सामग्रीको, शिक्षक निर्देशिकाको, विशिष्टीकरण तालिकाको, सन्दर्भ सामग्रीको प्रयोगकर्ता ठानिएको छ । असल मूल्यांकन कर्ता, कक्षाकोठाको सहि प्रयोग कर्ता र विद्यार्थी र विद्यालयको हितकारी हुन्छन् भन्ने पूर्व अध्ययनले देखाएको छ । पटक पटकको अभ्यास पछी सिकारु अभ्यस्त हुन्छ र सिक्छ । धेरै पटकको भूल पछि मात्र सिकारुले सिक्छ, कहिले काही सिकारुको अन्तरदृष्टिले पनि सिकाइ गर्छ र ब्यवहार

परिवर्तन गर्दछ । जसका लागि धेरै अभ्यास र तालिम नै चाहिन्छ भनिएको छ । तर वास्तवमा यी कुराहरुलाई मात्र सर्वोपरि मान्ने अवस्था अध्ययनको क्रममा देखिएन । शिक्षकलाई तालिम दिइन्छ । उसले सिकेका कुरा कक्षाकोठामा प्रयोग गऱ्यो गरेन, सहि प्रयोग भयो भएन त्यसको साँचो मूल्यांकन तालिम प्रदायक संस्था र प्रशिक्षकले चुस्त दुरुस्त गर्नुपर्ने देदिन्छ ।

लामो समय सम्मको अभ्यासले सिकाइमा सिकारुलाइ बोझ गराउने र समय खेर जाने हुन्छ । अन्तरदृष्टि सिकाइ गलत सावित हुन सक्छ । साँचो अर्थमा प्रभावकारी शिक्षण सिकाइ हुनका लागि थोरै समयमा कम खर्चका शैक्षिक सामग्रीको प्रयोगबाट कम समयको अभ्यास गर्दा, विद्यार्थीको आफ्नै सक्रिय भूमिकाबाट सिकाइ गर्दा सिकारुको व्यवहारमा स्थायी परिवर्तन आउनु पर्छ भन्ने हुन्छ । शिक्षकलाई तालिम प्रदान गर्दैमा, धेरै पटक अभ्यास गर्दैमा प्रभावकारी शिक्षण सिकाइ हुन्छ भन्ने मान्यता अब देखिदैन । प्रभावकारी शिक्षण सिकाइ हुनका लागि त कक्षाकोठामा शिक्षकले कक्षा व्यवस्थापन, विद्यार्थीको वसाई विद्यार्थीको रुची, चाहना, आवश्यकता मानसिक स्थितिको अध्ययन, समाहित शिक्षण विधि, विद्यार्थीकेन्द्रित शिक्षण विधि, कार्यमुलक अनुसन्धान विधि र निरन्तर विद्यार्थी मूल्यांकन विधि संचालन गर्नुपर्ने तथा सूचना तथा प्रविधिको प्रयोग गर्नुपर्ने अपरिहार्य देखियो ।

त्यसैले यस शि.पे.वि. तालिमको शिक्षण सिकाइमा परेका प्रभावको अध्ययन पश्चात तालिम प्राप्त गरेर कक्षाकोठाको शिक्षण क्रियाकलापमा सहभागि हुदाँ सम्म देखा परेका समस्या र सो को निराकरणको लागि उपायको खोजिगरी तालिमका कम्जोरी पक्षको स्वस्थ आलोचना गर्दै सुधारको लागि सल्लाह,सुझाव प्रदान गर्नु पर्ने देखिएको छ । तालिमको सकरात्मक पक्षलाई महत्वका साथ ग्रहण गरी प्रयोग गर्दै शिक्षण सिकाइ क्रियाकलापलाई सरल र प्रभावकारी बनाउनको लागि यो अध्ययनवाट सहयोग पुग्ने छ ।

माध्यमिक तहको शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने शि.पे.वि. तालिम मात्र सम्पूर्ण चिजहरु होइन तर पनि एउटा महत्वपूर्ण पक्ष भने अवश्य हो । तालिमले शिक्षण सिकाइमा प्रभावकारीता ल्याउन सकारात्मक भूमिका खेलेको हुन्छ । त्यसैले प्रभावकारी शिक्षण सिकाइमा तालिमको अपरिहार्यता रहेको हुन्छ । यद्यपी तालिम मात्र भएमा अन्य पक्षहरको अवस्था स्थिति जहिँको त्यँही भएको हुन्छ । अन्य पक्षले शिक्षण सिकाइमा प्रतिकुल प्रभाव पारिरहेको हुन्छ ।यसरी शिक्षण सिकाइमा प्रतिकुल प्रभाव पार्ने तत्वहरुको पहिचानगरी

अनुकुल अवस्थाको सिर्जना गर्ने तर्फ सम्वन्धित सबै सरोकारवालाहरुको ध्यान गएमा शि.पे. वि.तालिम पश्चातको शिक्षण सिकाइ चुस्त दुरुस्त फलदायी र प्रभावकारी हुने प्रष्ट देखिन्छ

## ५.२.१ नितिगत तह

विद्यालयको भौतिक तथा आर्थिक सम्पन्नताको लागि विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी सरोकारवाला विद्यालयको समुदायलाईनै सुम्पनु पर्छ । विकेन्द्रित र अधिकार सम्पन्न विद्यालय व्यवस्थापनबाट वर्तमान विद्यालयको भौतिक तथा आर्थिक समस्याहरु हल हुँदै जान्छ जसले गर्दा कक्षा शिक्षणको प्रभावकारितामा विकास हुन्छ ।

सरकारी निकायबाट शिक्षक तालिम सम्वन्धि कार्यक्रम ल्याउदा वा निर्माण गर्दा तल्लो निकायबाट सल्लाह तथा सुझाव वटुल्नु पर्ने हुन्छ । यदि ती सल्लाह तथा सुझावहरु उपयुक्त भएमा कार्यक्रममा समावेश गर्नु पर्ने देखिन्छ ।

विद्यालयहरुले तालिम कार्यक्रम सरकारी तवरबाट वा सरकारी अनुदानको भर गर्ने गरेकोले गाउँ क्षेत्र विशेषका माँग तथा आवश्यकतानुसारको तालिम कार्यक्रम संचालन गर्नु पर्ने हुन्छ । जुन तालिम कार्यक्रमहरु संचालन गर्न स्थानिय निकायहरु जि.वि.स. गा.वि.स./न.पा. तथा विभिन्न संघ संस्था सँग आर्थिक अनुदानको लागि पहल गर्नु पर्ने देखिन्छ ।

तालिम खाजेर गराउने होइन ,परिस्थिति समयको माँग तथा इच्छा अनुसार रोजेर लिनु पाउनु पर्छ भन्ने भनाइलाई नीति निर्माण तहको सम्बन्धित पक्षले कार्यान्वयन पक्षमा ल्याउनु पर्ने देखिन्छ ।

## ५.२.२ अभ्यास तह

केन्द्रिय स्तरबाट नीति निर्माण गरिने भएकाले उक्त तहबाट तय गरिएको नीति, ऐन नियमलाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार निकाय भनेको अभ्यास तह भएकाले तालिममा सिकेका ज्ञान, सीप र धारणाहरु प्रत्यक्ष कक्षाकोठाको शिक्षण सिकाइमा पुऱ्याउने वा कार्यान्वयन गर्ने गराउने मुख्य भूमिका शिक्षकको हुन्छ । त्यसैले तालिममा सिकेका ज्ञान, सीप र धारणाहरुलाई तालिम प्राप्त शिक्षकले कक्षाकोठामा प्रयोग गरे नगरेको अनुगमन गर्न कक्षा शिक्षण सिकाइमा आएका समस्याहरुको समाधान गर्न तालिम प्रदायक निकायको दरिलो अनुगमनको व्यवस्था गरिनु पर्छ ।

प्रभावकारी शिक्षण गर्नको लागि प्रवचन विधि उपयुक्त नदेखिएकोले सिकाइमा बढि विद्यार्थी सहभागी क्रियाकलाप भएको कक्षा सञ्चालन गर्नु पर्ने देखिन्छ । कतिपय तालिम प्राप्त शिक्षकहरु द्वारा दैनिक शैक्षिक सामग्री, पाठ्योजना, शिक्षक निर्देशिका तथा विशिष्टीकरण तालिकाको प्रयोग नगरेको पाइएकोले सो को प्रयोग गरी तालिमको शिक्षण सिकाइमा प्रभावकारिता देखाउन सम्वन्धित शिक्षकले सो कार्यहरु गर्नु पर्ने देखिन्छ ।

कक्षाकोठा शिक्षणमा आएमा समस्याको समाधानको लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरुको लागि सम्वन्धित सम्पूर्ण सरोकारवालाहरुले सक्दो सहयोग गर्नु पर्ने देखिन्छ । जसको लागि विद्यालयको  शिक्षणको सम्पूर्ण गतिविधिहरु सरोकारवाला सवैको प्रत्यक्ष सहभागिता र संलग्नतामा प्रतिवद्धताको साथ सञ्चालन गर्ने पर्ने देखिन्छ ॥

शैक्षिक तथा कक्षाकोठा सिकाइमा आएका समस्याहरुको समाधान गर्न र परामर्शको लागि आवश्यकता अनुसारको विशेषज्ञहरुको नियुक्ति तथा व्यवस्था गर्ने पर्ने हुन्छ ।

### ५.२.३ अनुसन्धान तह

यस अनुसन्धान कार्यमा ताप्लेजुङ जिल्लाको १४ वटा स्रोतककेन्द्र मध्ये खोक्लिङ स्रोतकेन्द्रमा सञ्चालित २ वटा उच्च मा.वि. र ३ वटा माध्यमिक विद्यालयहरुलाई छनोट गरिएको थियो । भौगोलिक विकटता, अन्तर दुरीमा विद्यालयहरु संचालनमा रहेका र आर्थिक समस्याको कारण अनुसन्धानको क्षेत्र र जनसंख्यालाई सिमित गर्नु सोधकर्ताको वाध्यता रहेको थियो । विद्यालय क्षेत्र सुधार योजना अन्तर्गतको माँगमा आधारित शिक्षकको पेसागत विकास कार्यक्रमको सम्पूर्ण विषय तथा तथ्यहरुको खोजी गर्न सकिएको छैन । त्यसकारण थप विषयहरु तथा तथ्यहरुको खोजीको लागि आगामी  शोधकर्ताहरुलाई निम्न सुझावहरु रहेका छन् ।

क शोधकार्यको क्षेत्र तथा जनसंख्या ठूलो तथा फराकिलो पारिनु पर्छ ।

ख कम्तिमा ५ वटा शैक्षिक सत्रको मूल्यांकन गरिनुपर्छ ।

ग विद्यालयमा सँचालित सम्पूर्ण तहको अध्ययन गरिनु पर्छ ।

घ विद्यालयमा रहेका अपाङ्ग, सुस्तश्रवण, सुस्त मनस्थिति तथा दृष्टिविहिन भएका विद्यार्थीको अध्ययन गरिनु पर्छ ।

ङ वहुभाषा शिक्षण तथा सो को उपलब्धिको वारेमा अध्ययन गरिनु पर्दछ ।

च विद्यालय शिक्षा वाहिर रहेका गुरुकुल शिक्षा, गुम्वा शिक्षा र मदरसा शिक्षाका वारेमा अध्ययन गरिनु पर्दछ ।

## अनुसुची १

## अध्ययनसँग सम्वन्धित विवरण

**क छनौट गरिएको स्रोतकेन्द्र, विद्यालय, मा.वि. तहका शिक्षक, अभिभावक र विद्यार्थी संख्या**

| क्र.सं. | स्रोतकेन्द्र | विद्यालयको नाम, | प्र.अ. संख्या | शिक्षक संख्या | वि.व्य.स. संख्या | अभिभावक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री मोती उच्च मा.वि. खोक्लिङ ताप्लेजुङ | मोती उच्च मा.वि. | १ | २ | १ | २ | २ |
| २ | | पृथ्वी उच्च मा.वि. | १ | २ | १ | २ | २ |
| ३ | | लक्ष्मी मा.वि. | १ | १ | १ | २ | २ |
| ४ | | रविकला मा.वि. | १ | १ | १ | २ | २ |
| ५ | | पञ्चेश्वरी मा.वि. | १ | | १ | २ | २ |
| | | **जम्मा** | **५** | **६** | **५** | **१०** | **१०** |

**ख छनोट गरिएका स्रोतकेन्द्र, विद्यालय, वि.व्य.स. अध्यक्ष, अभिभावक, प्र.अ. र शिक्षकहरु**

| क्र.सं. | स्रोतकेन्द्र | विद्यालयको नाम, | वि.व्य.स. अध्यक्षको नाम | प्र.अ.को नाम थर | अभिभावकको नाम थर |
|---|---|---|---|---|---|
| १ | श्री मोती उच्च मा.वि. खोक्लिङ ताप्लेजुङ | मोती उच्च मा.वि. | मुक्तीप्रसाद थापा | लक्ष्मी प्रसाद खतिवडा | हरी साँवा, भक्त ब. कार्की |
| २ | | पृथ्वी उच्च मा.वि. | पूर्ण सिं लिम्वू | चन्द्रप्रसाद बराल | फिपराज लिम्वु, गजेन्द्र लिम्वू |
| ३ | | लक्ष्मी मा.वि. | आसन नाल्वो | राजकुमार दास | मदन नाल्वो, मोती हाङ्गाम |
| ४ | | रविकला मा.वि. | युवराज लिम्वू | नरेश कुमार साउदेन | जीवन साउदेन, अमृत साउदेन |
| ५ | | पञ्चेश्वरी मा.वि. | दिपेन्द्र लिवाङ | मुकुन्द प्र. भट्टराई | जस ब. लिवाङ, रीता लिम्वू |

ग छनौट गरिएका माध्यमिक तहका शि.पे.वि. तालिम प्राप्त शिक्षक विवरण

| क्र. सं. | स्रोत केन्द्रका श्रोत व्यक्तिको नाम | स्रोतकेन्द्र | विद्यालयको नाम, | छनोटमा परेका शि.पे.वि. तालिम प्राप्त शिक्षकको नाम | शै. योग्यता | शि.पे.वि. तालिम लिएका अन्य शिक्षकहरुका नाम थर |
|---|---|---|---|---|---|---|
| १ | मैयादेवी उप्रेती | श्री मोती उच्च मा.वि. खोक्लिङ ताप्लेजुङ | मोती उच्च मा.वि. | झरेन्द्र थापा<br>भिम ब. कार्की | M.A.<br>M.Ed | पहलमान पुरी, लक्ष्मण साफी, कृष्ण प्रसाद थापा, लक्ष्मी प्रसाद खतिवडा |
| २ | | | पृथ्वी उच्च मा.वि. | शुभनारायण यादव, सुशिला काफ्ले | B.Sc<br>B.ed | गोपाल चन्द्र खतिवडा, राजेश वहादुर मास्वा, चन्द्र प्रसाद वराल |
| ३ | | | लक्ष्मी मा.वि. | रामउद्गार यादब | B.Sc | राजकुमार दास |
| ४ | | | रविकला मा.वि. | विष्णुकुमार तुम्वाहाङ्फे | B.ed | |
| ५ | | | पञ्चेश्वरी मा.वि. | | | |

स्थलगत सर्वेक्षण-२०६९

# अनुसुची २

## कक्षा अवलोकन फारम

| | | |
|---|---|---|
| विद्यालयको नाम : | | |
| शिक्षकको नाम : | अनुभव : | पूर्णाङ्क : ३० |
| विषय : | शैक्षिक योग्यता | प्राप्ताङ्क : |
| पाठ : | शि.पे.वि. तालिम | प्रतिशत : |

**क) शिक्षकको तयारी पक्ष : (अवलोकन गरेर भर्ने)**

१ के शि.पे.वि.तालिम प्राप्त शिक्षकले आहिले पढाउनको लागि आवश्यक तयारी गरेको छ ?

- यदी छ भने कस्तो प्रकारको ?
- लिखित विस्तृत योजना
- शिक्षक नोट
- शि.नि.को प्रयोग मात्र
- मानसिक तयारी मात्र
- अन्य..........................................................................................

२ शिक्षकले आफुले पढाउने पाठको आवश्यक कुन प्रकारको शै.सामग्री तयार पारेको छ ? र शिक्षण सिकाइमा प्रभाव कस्ता परेको छ ?..........................

**ख, शिक्षण सिकाइ पक्ष :**

१ शिक्षण सिकाइको समस्या के के राखिएको छ ...................................

२ समस्याको वारेमा विद्यार्थीसँग कसरी छलफल गरिएको छ ? ...............

३ समस्याको समाधान कसरी कसले समाधान गर्ने प्रयास गऱ्यो? शिक्षक वा विद्यार्थीले,कसरी ? ...................................................................

४ तत्काल कक्षाकोठामा समस्यको समाधान कसरी भयो .........................

५ समस्याको समाधानमा विद्यार्थीको सहभागिता कति वढि पाईयो ?..........

६ अन्त्यमा शिक्षकले सिकाइ समस्याको समाधान गऱ्यो ? गऱ्यो भने कसरी ? वा गरेनन् ,किन ?.....................................................................

**ग विद्‍यार्थी मूल्यांक पक्ष :**

१ पाठमा पाइएका समस्याको बारे कस्तो प्रश्न गरिएको छ ?....................

२ मूल्यांकनले सवै विद्‍यार्थीको सहभागिता कसरी गराएको छ ? .............

३ समस्याको समाधान कसरी गर्न दिएको छ ?.......................................

४ समस्याको समाधान तत्काल कसरी गर्ने गरेको छ ?...............................

**घ अन्य पक्षः**

१ समस्या समाधानको मूल्यांकन अभिलेख कसरी राखेको छ ?..................

२ समस्याको समाधान विद्‍यार्थीले कसरी बुझ्े वा बुझ्ेनन् ?....................

३ माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभाव कस्तो परेको पाईयो ?..........................................................................................

४ विद्‍यालयको भौतिक साधनहरु र शैक्षिक सामग्रीहरुको पर्याप्त मात्रामा किन व्यवस्था नभएको होला ? ..............................................................

५ पुस्तकालय, खानेपानी, खेलमैदान र कार्यालयकक्षको व्यवस्था आवश्यक मात्रामा किन व्यवस्था नगर्नु भएको होला ? .......................................

६ विद्‍यालयको शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक पर्ने सर्म्पूण कुराहरुको व्यवस्था गर्न क-कसको सहयोग प्राप्त गर्नुभएको छ ? ..........................

७ विद्‍यालयको सम्पूर्ण कक्षाको उचित व्यवस्थाको लागि भावि कार्यक्रम के रहेको छ ?

.......................................................................................

**अन्तर्वार्ताकार/शोधकर्ता**

**हस्ताक्षर :**

**नाम :**

**पद :**

**मिति : २०६९/१०/३**

# अनुसुची ३

## वि.व्य.स./अभिभावक/शिक्षाप्रेमी/बुद्धिजिवीका लागि प्रश्नावली

नाम : अनुभव वर्ष :

ठेगाना : शैक्षिक योग्यता

पद : तालिम :

१ शि.पे.वि.तालिम लिइसके पछि कक्षाकोठा शिक्षणमा शिक्षकको भूमिका कस्तो पाउनु भयो ? पहिलेको भन्दा फरक छ ?फरक पाउनु भएमा कस्तो फरक पाउनु भयो ? ......

२ शि.पे.वि.तालिम लिएपछि शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा कस्तो फरक पाउनु भएको छ ?.........................................................................

३ शि.पे.वि. तालिम लिए पछि शिक्षण सिकाइ कियाकलापमा विद्यार्थीको भूमिका कस्तो . पाउनु भएको छ ..................................................................

४ शि.पे.वि. तालिमले माध्यमिक तहको परीक्षामा विद्यार्थीको उतिर्ण सँख्या र प्राप्ताङ्मा फरक पाउनु भएको छ। ?......................................................

५ शि.पे.वि.तालिम प्राप्त शिक्षकले तालिम लिए पछि शिक्षण सिकाइगर्दा अपनाएका शिक्षण विधिहरु कस्ता छन् ?..................................................................

६ माध्यमिक तहको प्रभावकारी शिक्षणको लागि शि.पे.वि.तालिमको प्रभाव कस्तो परेको पाउनु भएको छ ?...................................................................

७ शि.पे.वि.तालिम प्राप्त शिक्षकको वि.व्य.स.र अभिभावक प्रतिको व्यवहार कस्तो पाउनु भएको छ ?...........................................................................

८ माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभाव सम्वन्धमा तपाइको सुझाव कस्तो छ ?.......................................................................

**अन्तर्वार्ताकार/सँकलन कर्ता**

**हस्ताक्षर :**

**नाम :**

**पद :**

**मिति : २०६९/१०/५**

# अनुसुची ४

## स्रोतव्यक्ति प्रश्नावली

स्रोतव्यक्तिको नाम थर : अनुभव वर्ष :
स्रोत केन्द्र : अध्ययनको विषय :
शैक्षिक योग्यताः तालिम :

१ तपाईले शिक्षकको पेसागत विकास मोड्यूल सञ्चालनको लागि प्रशिक्षक प्रशिक्षण निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्नु भएको छ ?छ भने कहाँ र कहिले ?
..........................................................................................

२ शि.पे.वि. तालिममा सहभागीहरुबाट तालिम अनुसारको कक्षाकार्य गरे,गरेन्न ? अनुगमन गर्नु भएको छ ?.................................................................

३ यदि अनुगमन गर्नु भएको छैन भने किन ?.............................................

४ सहभागी शिक्षकहरुले टिपिडीको प्रोजेक्ट कार्य र परामर्श कार्य गरेका छन् ?...

५ शि.पे.वि. तालिम कार्यक्रममा सहभागी शिक्षकहरुको शिक्षण सिकाइमा आएका समस्याहरुको समाधान गर्न कतिको सहयोग गर्नुभएको छ ? ....................

६ शि.पे.वि. तालिममा भाग लिएका शिक्षकले शिक्षण कार्यमा नमुना सामग्रीहरुको प्रयोग किन कम मात्र गरेको होला ?..................................................

७ शि.पे.वि. तालिम लिएका शिक्षकहरुको कक्षा अवलोकन गर्दा शिक्षण सिकाइ प्रभावकारी कार्यान्वयनको लागि के समस्या देख्नु भएको छ ? ....................

८ तपाईले शिक्षण सिकाइमा प्रभावकारितामा सुधार ल्याउन शि.पे.वि. तालिम लिएका शिक्षकहरुलाई के कस्तो सुझाव दिनु भएको छ ?............................

९ माध्यमिक तहको शिक्षक सिकाइमा शि.पे.वि. तालिमको भूमिका प्रभावकारी छ भन्ने सम्वन्धमा तपाई विचार के छ ?................................................

१० माध्यमिक तहका शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभावको सम्वन्धमा तपाईको सुझाव दिनुहोस् । ...............................................................

**अन्तरवार्ताकार/संकलन**
**हस्ताक्षर :**
**नाम थर :**
**पद :**
**मिति : २०६९/१०/८**

# अनुसुची ५

## प्रशिक्षक (रोष्टर) प्रश्नावली

प्रशिक्षकको नाम : अनुभव वर्ष :

विद्यालयको नाम : विषय :

शैक्षिक योग्यताः तालिम :

१ तपाईले शि.पे.वि. तालिम प्रदानगर्नु भएको शिक्षकको कक्षा सुपरिवेक्षण गर्नुभएको छ ? यदि छ भने कस्तो प्रकारको ? ....................................................

२ तपाईले तालिम प्रदान गरी सके पछि विद्यालयमा शिक्षकले पाएको ज्ञान सीप र धारणा कक्षाकोठामा प्रयोग गरे नगरेको के पाउनु भएको छ ? ...........................

३ शि.पे.वि. तालिम प्राप्त शिक्षकले कक्षाको शिक्षण सिकाइ क्रियाकलापमा आएको समस्याको तत्कालै समाधान कसरी गर्दै आएका छन् ?..............................

४ समस्याको समाधान गर्दा शिक्षक र विद्यार्थीको भूमिका कस्तो पाउनु भयो ?...

५ शि.पे.वि.तालिम प्राप्त शिक्षकले अपाङ्ग असक्त विद्यार्थी प्रतिको शिक्षण सिकाइमा कस्तो व्यवहार गर्दै आएको देख्नु भएको छ ? ............................................

६ कक्षाकोठाको शिक्षण सिकाइमा आएको समस्याको बारे समाधान गर्न कसरी शिक्षकलाई सहयोग गर्नु भएको छ ? ................................................................

७ तपाईले शिक्षकको कक्षाकोठा शिक्षणमा के कस्ता समस्या आएको पाउनु भएको छ ? ..........................................................................................

८ तालिममा सिकाइएका कुरा कक्षाकोठा सम्म किन नपुगेको होला ?...............

९ माध्यमिक तहको शिक्षण सिकाइमा शि. पे .वि. तालिमको प्रभाव कस्तो पाउनु भएको छ ? ........................................................................................

१० स्वतन्त्र र सान्दर्भिक प्रश्नोत्तर ..........................................................

**अन्तरवार्ताकार/संकलन**

**हस्ताक्षर :**

**नाम थर :**

**पद :**

**मिति : २०६९/१०/११**

# अनुसुची ६

## प्रधानाध्यापक प्रश्नावली

प्रधानाध्यापकको नाम थर : अनुभव वर्ष :

विद्यालयको नाम : अध्ययनको विषय :

शैक्षिक योग्यता:

१ शि.पे.वि.तालिम कार्यक्रम सहभागी भए पश्चात तपाईमा प्र.अ.को नेतृत्व क्षमतामा विकास भएको छ ? .........................................................................

२ तपाईको विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षकहरुले शि.पे.वि. तालिम लिए पछि उनीहरुको कक्षा शिक्षण कार्यमा परिवर्तन भएको छ ?.........................

३ तपाईको विद्यालयका माध्यमिक तहका शिक्षकले शि.पे.वि. तालिम लिए पछि सि.उ. दरमा कतिको बृद्धि भएको छ ? ....................................................

४ तपाईको विद्यालयका माध्यमिक तहको शिक्षकले शि.पे.वि. तालिम लिए पछि शिक्षण सिकाइ कार्यमा आएका समस्याको समाधान गर्न सहयोग गर्नु भएको छ ?........

५ शि.पे.वि. तालिम प्राप्त अगाडी र सो पछाडी शिक्षकको शिक्षण सिकाइमा के-के अन्तर पाउनु भएको छ ?..........................................................................

७ शिक्षकले तालिममा सिकेका कुराहरु कक्षा कोठामा त्यति प्रयोग नहुने कारणहरु के के हुन ? ..........................................................................................

८ तपाईको विद्यालयमा शि.पे.वि.तालिम लिएका शिक्षकका शिक्षण सिकाइमा देखा परेका समस्याहरु के के छन ?.......................................................................

९ तपाईको विद्यालयमा प्रर्याप्त मात्रामा शै.सामग्रीहरुको व्यवस्था गर्नृ किन नसक्नु भएको हो ?...........................................................................................

१० माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि. तालिमको प्रभावकारिताको लागि तपाइको सुझाब दिनुहोस ।........................................................................

**अन्तरवार्ताकार/संकलन**

**हस्ताक्षर :**

**नाम थर :**

**पद :**

**मिति : २०६९/१०/१४**

# अनुसुची ७

## शिक्षक प्रश्नावली

(शि.पे.वि. तालिम कार्यक्रम प्राप्त शिक्षकको लागि)

शिक्षकको नाम थर : ठेगाना :

विद्यालयको नाम : उमेर :

अध्यापन गरेको विषय : नियुक्ति मिति :

शैक्षिक योग्यता:

१ शि.पे. वि. तालिमबाट प्राप्त ज्ञान र सीपहरु कक्षामा के कति प्रयोग गर्न सक्नु भएको छ ? ..........................................................................................

२ कक्षाकोठामा तत्कालिन सिकाइ समस्याको समाधान गर्न नसक्नुको कारण के होलान ? ..........................................................................................

३ कक्षाकोठामा शिक्षण गर्दा तपाइलाइ आइ परेका समस्याहरु के-के छन ? .........

४ शि.पे.वि. तालिम लिए पछि शिक्षण सिकाइमा आएको समस्याको समाधान गर्न तालिम प्रशिक्षकवाट सहयोग पाउनु भएको छ ?...................................................

५ तपाईलाई शि.पे.वि.तालिम बाहेक अन्य कुनै तालिम प्राप्त गर्ने इच्छा छ ? छ भने कस्तो छ ?.............................................................................................

६ तपाईलाई शि.पे.वि. तालिम पूर्ब र पछिको शिक्षण अनुभव कस्तो छ ?................

७ शि.पे.वि. तालिम लिए पछाडीको शिक्षण सकाइमा तपाईको विद्यालयवाट कस्तो प्रतिक्रया पाउनु भएको छ ? .................................................................

८ माध्यमिक तहको शिक्षण सिकाइमा शि.पे.वि.तालिमको प्रभावमा बृद्धि ल्याउन तपाईको सुझावहरु के-के छन् ?..........................................................................

**अन्तरवार्ताकार/संकलन कर्ता**

**हस्ताक्षर :**

**नाम थर :**

**पद :**

**मिति : २०६९/१०/१७**

# अनुसुची ८
## विद्यार्थी प्रश्नावली

विद्यालयको नाम ठेगाना : शैक्षिक सत्र :

विद्यार्थीको नाम थर : कक्षा :

१ पहिले र अहिलेको सिकाईमा सर/मिसको शिक्षण सिकाइ क्रियाकलापमा कस्तो फरक पाउनु भएको छ ? ...........................................................................

२ कक्षा सिकाइमा आइपरेका समस्याको तत्काल समाधान गर्न शि.पे.वि.तालिम प्राप्त शिक्षकहरुले के के गर्नु भएको छ ?.......................................................

३ कक्षाका विद्यार्थीहरु प्रति शिक्षण सिकाइमा शिक्षकहरुको क्रियाकलापमा फरक पाइएको छ ?छ भने कस्तो ? .................................................................

४ शिक्षकहरुले सिकाइमा स्थानिय स्तरमा उपलब्ध शैक्षिक सामग्रीको प्रयोगमा के कस्ता कार्य गर्ने गर्नु भएको छ ? ....................................................................

५ शिक्षण क्रियाकलापमा देखापरेका समस्याको समाधान गर्न शिक्षकहरुले विद्यार्थीहरुलाई कसरी सहभागी गराउने गर्नु भएको छ ? .........................

६ विद्यार्थीहरुलाई शिक्षण सिकाइमा सुधार गर्न शिक्षकहरुले नयाँ नयाँ सिकाइ विधि अपनाउनु भएको छ ?.........................................................................

७ शि.पे.वि. तालिम प्राप्त शिक्षकहरुको शिक्षण पछि तपाईको विद्यालयको प्रवेशिका परीक्षामा उत्तिर्ण दरमा वृद्धि किन भएका होला ? .................................

८ तपाईको विद्यालयको प्र.अ. र शिक्षकहरुको शिक्षण सिकाइ कार्यमा र अन्य व्यवहारमा अहिले कस्तो परिवर्तन पाउनु भएको छ ? ................................................

९ शि.पे.वि. तालिम अगाडीको सिकाइ र तालिम प्राप्त पछिको शिक्षकहरुको कक्षा सिकाइ क्रियाकलापमा कस्तो फरक पाउनु भएको छ ?.............................................

१० माध्यमिक तहको शिक्षण सिकाइ कियाकलापमा शि.पे.वि. तालिम लिएका शिक्षकको शिक्षण कियाकलापमा प्रभाव कस्तो रहेको छ ? ...............................................

**अन्तर्वार्ताकार**

**हस्ताक्षर :**

**नाम थर :**

**पद :**

**मिति : २०६९/१०/१८**

# सन्दर्भ ग्रन्थसूची


ऐर, कमल सिंह (२०५६),*प्राथमिक शिक्षक सेवाकालिन तालिमको प्रभावकारी अध्ययन,* किर्तिपुर, काठमाण्डौं : स्नातकोत्तर तहको सोध-पत्र, त्रि.वि.वि. ।

कोइराला, विद्यानाथ (२०६०), *शिक्षक शिक्षा,* सानोठिमी भक्तपुर : शैक्षिक विकास केन्द्र ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धती,* भोटाहिटी, काठमाण्डौ :विद्यार्थी पुस्तक भण्डार ।

चित्रकार, रोसन (२०६४), *शिक्षक शिक्षा* ,सानोठिमी, भक्तपुर : शैक्षिक विकास केन्द्र ।

तालिम प्याकेजहरु (२०६५-२०६८),थापा, विजय(२०४५), *विकासको निम्ती शिक्षा,* . सानोठिमी, भक्तपूर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

देवकाटा, चित्रप्रसाद (२०५४), *शिक्षाशास्त्र सौरभ,* काठमाण्डौ : काठमाण्डौं शिक्षा क्याम्पस ।

वाग्ले, मनप्रसाद (२००१), *शैक्षिक उन्नयन भोलुम-१,* काठमाण्डौं : शैक्षिक प्रबर्धन केन्द्र ।

विद्यालय तथ्याङ्क फारामहरु, *फ्लास I, II* (२०६७/०६८) ,ताप्लेजुङ्ग : स्रोतकेन्द खोक्लिङ्ग ।

शर्मा, दिपक (२०६१), *शिक्षक शिक्षा,* सानोठिमी भक्तपूर : शै.ज.वि.के. ।

शर्मा निर्मला र शर्मा चिरञ्जीवि (२०६४), *शिक्षा मनोविज्ञान,* भोटाहिटी, काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

*शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका* (२०६८), सानोठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

*शिक्षकको पेसागत विकास मोड्युल संचालनका लागि प्रशिक्षक प्रशिक्षण निर्देशिका* (२०६८), परिमार्जित, सानोठिमी, भक्तपुर : शैक्षिक जनसक्ति विकास केन्द्र ।

शिक्षक तालिम केन्द्र, इलाम (२०६३), *तालिम प्रभावकारिता अध्ययन,* इलामः लेखक ।

शिक्षक तालिम केन्द्र, इलाम (२०६४), *तालिम प्रभावकारिता अध्ययन,* इलाम : लेखक ।

*शैक्षिक उन्नयन, भोलुम-१* (२००१), कमलादेवी काठमाण्डौं : शैक्षिक प्रबर्धन केन्द्र, कमलादेवी अफसेट प्रेस ।

*शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली (२०५९),* विराटनगर-७ : जनक छापाखाना

शैक्षिक जनसक्ति विकास केन्द्र (२०६५-२०६६), *तालिमको प्रभावकारिताको लागि क्षेत्रिय कार्याशालाहरुको प्रतिवेदन,* भक्तपुरः लेखक ।

सिन्हा, राम स्वरुप (२०६३), *एकाइशौ शताब्दीको शैक्षिक दुरदृष्टि,* तिनकुने काठमाण्डौं : काभ्रे अफसेट प्रेस ।

Bista, Min Bahadur (2061B.S.), "*Teacher Education*". Sanothimi,

Bhaktapur : "*A comparative study of classroom*". DEC/NCED.

Chirag, (Dec 1995) ,"*Primary School Teacher Training Curriculum Guide*". Kirtipur : Primary School Teacher Training, Saikshik Jhalak, DEO Bardia.

NCED (January 2003), "*Teacher Training Follow-up study Report*". Sonothimi Bhaktapur : MOES,NCED.

PEP, (1991)" *Am import study of the Training on Teacher Behaviour in Classroom* ".Kathmandu : MOE, PEP.

Sadler, J.E. d Gillelt, A.N. (1962) "*Training for Teaching* ".London : Geroge Allens and Union Ltd.

Wagle, Man Prasad (1995)" *Research Method in Education and Social Science* ". Bhotahiti Kathmandu : Ganesh Himal, Educaton Centre.